# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानवविकासको क्रम आमाको गर्भबाट प्रारम्भ हुन्छ । गर्भाधारणदेखि जन्मेको क्षण भन्दा अगाडिका ९ महिना आमाको गर्भमा भ्रुणको विकास तथा वृद्धि हुन्छ । जन्म पश्चात् बालकको स्वतन्त्र अस्तित्व रहन्छ । यसै अवस्थामा बालकले हरेक समस्याको सामना आफै गर्न थाल्दछ । भोक लागेको वा अन्य समस्याग्रस्त अवस्थामा उसले रोएर आफ्नो अवस्था प्रकट गर्न थाल्दछ । बालक जन्मेदेखि ५ वर्षसम्मको अवस्थालाई प्रारम्भिक बाल्यावस्थाको रुपमा लिइन्छ । यो अवस्था मानवजीवनको जग हो । यो अवस्थामा देखेको सुनेको अनुभव गरेको वा सिकेका कुराहरुले नै उसको जीवनलाई प्रभावित गरिरहेको हुन्छ । बाल्यावस्था मानव जीवनको अरु अवस्था भन्दा अति छिटो हुर्कने र बढ्ने उमेर हो । बगेको खोला झै यो बेला बालबालिकाहरुले कसैलाई पर्खदैनन् । उनीहरुले विकासका अवसरहरु खोजिरहेका हुन्छन् । जस्तो अवसर प्राप्त भयो त्यसैमा बच्चा रमाउने र भुल्ने गर्दछन् । हामीले जस्तो वातावरण उपलब्ध गराउछौं, बच्चा त्यस्तै बन्दछन् । यो उमेरका बालबालिकाहरु विशेष गरि खेलौना सँग रमाउने, अरुको नक्कल गर्ने र जिज्ञासु स्वभावका हुन्छन् । त्यस्तै नयाँ साथी बनाउने, खेल खेल्न बढी रुचाउने हुन्छन् । यस्ता स्वभावका बालबालिकाहरुलाई धेरैजसो सुरक्षित मायालु तथा सम्मानको वातावरण उपलब्ध हुने, वच्चा औपचारिक विद्यालयमा शिक्षा पाउनु अघि उसमा तत्परता, अग्रसरता, निडरपन जस्ता क्षमताको पूर्वतयारी गर्ने ठाउँ प्रारम्भिक बालविकास केन्द्र नै हुन् । यसका लागि अभिभावक, शिक्षक सहयोगी कार्यकर्ताले सहयोग गरी बालबालिकाहरुलाई बौद्धिक/मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सिर्जनात्मक प्रतिभा जस्ता सर्वाङ्गीण पक्षको विकासको अवसर प्रदान गरि उनीहरुलाई प्राथमिक विद्यालयका लागि तयार गराउने बालविकासको मूल उद्देश्य हो । यसका लागि बालविकास केन्द्रहरुमा भौतिक व्यवस्थापन पक्षहरुलाई समेत बालमैत्री बनाउन आवश्यक हुन आउँछ ।

बालविकासका लागि बालविकास कार्यक्रम अन्तर्गतको बालविकास केन्द्रमा कक्षा भित्र र कक्षा बाहिर विभिन्न क्रियाकलाप गराउनु पर्दछ । यस्ता क्रियाकलापहरु बालबालिकाहरुलाई नयाँ-नयाँ कुराको खोजी गर्ने र सिकाइलाई सहज बनाउने र महत्वपूर्ण बनाउने कार्यका लागि स्वभाविक स्थितिको वातावरण बनाउनुपर्दछ । जसका लागि बालविकास केन्द्रहरुको बालमैत्री भौतिक व्यवस्थापनको जरुरी पर्दछ । जस्तै बालमैत्री बसाइ व्यवस्थापन, पर्याप्त खेल्ने र सुत्ने ठाउँको व्यवस्थापन ।

कक्षाकोठाको व्यवस्थापनको सन्दर्भमा कक्षाभित्र अनिवार्य रुपले भाषाक्षेत्र सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र जस्ता सिकाइ क्षेत्रको व्यवस्था गर्नुपर्दछ । प्रसस्त ठाउँ भएमा खेल क्षेत्र, सामुहिक क्रियाकलाप क्षेत्र प्रदर्शन क्षेत्र, सामग्री भण्डार क्षेत्र, आराम क्षेत्र र खाजा क्षेत्र छुट्याउन सकिन्छ । कक्षा बाहिरको व्यवस्थापनमा पिङ्ग, चिप्लेटी, सुरुङ्ग, बालुवा खेल, पानी क्षेत्र, स्वतन्त्र दौड जस्ता क्षेत्रको समेत व्यवस्था गर्न आवश्यक हुन्छ । यसरी कक्षाकोठा बाहिर क्षेत्र र भित्री क्षेत्रको उचित भौतिक व्यवस्थापन तथा प्रयोगबाट बालबालिकाको स्व सिकाइलाई मद्दत पुग्ने भएको हुँदा बालविकास केन्द्रहरुको भौतिक पक्षको व्यवस्थापनको बारेमा अध्ययन आवश्यक छ ।

बालबालिकाको सामाजिक परिवेश अनुसार विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहज रुपमा कार्य सञ्चालन गरि बालबालिकालाई आफू प्रतिको आत्मविश्वास जगाउन, परिवर्तित समाज र अन्य व्यक्तिहरु प्रति सकारात्मक सोच विकास गर्न, चुनौती बाधा र सफलतामा संवेगात्मक सन्तुलन कायम गर्न सहयोग गर्नुका साथै सामाजिक र व्यावहारिक मूल्य मान्यताका आधारमा व्यावहारिक सिकाइ सीप प्रदान गरी उनीहरुमा राष्ट्रियता संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशिला खडा गर्नु बालविकासको लक्ष्य मानिन्छ । बालबालिकाको सिकाइ ढाँचा बेग्लै किसिमको हुन्छ । मनोरञ्जनात्मक खेलकुद तथा अन्य क्रियाकलापले बालबालिकालाई सिक्न सहयोग पुग्दछ । मनोरञ्जनपूर्ण र खेलकुद क्रियाकलाप अन्तर्गत शारीरिक खेल, छलफल, सिर्जनात्मक खेल, निर्देशित खेल जस्ता क्रियाकलाप गराउन सकिन्छ । यसका लागि आवश्यक भौतिक सामग्रीहरुको खाचो पर्दछ (प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम)-२०६२) ।

प्रारम्भिक बालविकास तथा बाल हेरचाह र शिक्षाले बालबालिकाको जन्म देखि औपचारीक शिक्षा, प्राथमिक शिक्षामा प्रवेश गर्ने वेलासम्म उनीहरुको वचाउ, बृद्धि, सिकाइ स्वास्थ्य, पोषण र सफाई तथा बौद्धिक, सामाजिक, शारीरिक र संवेगात्मक विकासको लागि दिईने सहयोगलाई जनाउँछ । नेपाल सरकारले ३ वर्षदेखी ५ वर्ष सम्मका बालबालिकाका लागि प्रारम्भिक वा बालविकास कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रारम्भिक बालशिक्षालाई पूर्व प्राथमिक शिक्षा, पूर्व विद्यालय शिक्षा, किन्डर गार्डेन तथा मन्टेश्वरी स्कुल नामले पनि चिनिन्छ । प्रारम्भिक बालशिक्षा एउटा प्रक्रिया हो । यसले स-साना बालबालिकाको सर्वङ्गीण विकासमा सहयोग गर्दछ । यसको आफ्नै उद्देश्य, नीति र कार्यविधिहरु हुन्छन् यसलाई प्राथमिक शिक्षाको तल्लो इकाइको रुपमा नलिई उनीहरुको सामाजिकरणको पहिलो खुट्किलोको रुपमा लिइन्छ (ढुङ्गाना, २०६३) ।

बालबालिकाहरुका लागि विश्व शिखर सम्मेलन, सवैका लागि शिक्षा सम्बन्धि विश्व सम्मेलन र बालअधिकार सम्बन्धी महासन्धी संयुक्त राष्ट्रसंघिय महासम्मेलनमा नेपाल सरकारले प्रतिवद्धता जनाए अनुसार नेपालमा प्रारम्भिक उमेरका बालबालिकाको रेखदेख विकास सम्बन्धी राष्ट्रिय योजना र नीतिहरुको विकास गरिएको छ। सरकारका योजना तथा नीतिहरुमा दशौ योजना (२०५९-२०६४), बालविकासका लागि दश वर्षे योजना १९९२, सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, (२०५९-२०६४), बालविकासका लागि दश वर्षे योजना १९९२, सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोश्रो कार्यान्वयन योजना सन् १९९९-२००४) र सबैका लागि शिक्षा मुख्य दस्तावेज (सन् २००४-२००९) रहेका छन् (अधिकारी, २०६८)।

नेपाल सरकारले सातौ योजनाको कार्यान्वयन शुरु गरेदेखि प्रारम्भिक बालविकास कार्यक्रममा चासो दिईरहेको छ। आठौ योजनाले सातौ योजनाको प्रतिवद्धतालाई दोहोऱ्याएको छ भने नवौं योजनामा प्रारम्भिक बालविकास कार्यक्रम बिस्तारका लागि विशेष कार्यक्रम विकास गऱ्यो। दशौ योजनाले सन् २००६ सम्म १३,००० बालविकास केन्द्रहरु बिस्तार गर्ने लक्ष्य सहित यसलाई विशेष जोड दिइएको थियो। वि.सं. २०६७ सम्म प्रारम्भिक बालविकास केन्द्रको संख्या ३१,०८९ नाघिसकेको छ (अधिकारी, २०६८)।

उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले बालविकास पूर्व प्राथमिक शिक्षालाई शिक्षाको संगठन भित्र ल्याउने प्रयास गरेको देखिन्छ भने शिक्षा नियमावली २०५९ ले शिशु विकास केन्द्रलाई चारवर्ष उमेर पूरा नभएका बालबालिकाको शारीरिक मानसिक बौद्धिक शिक्षा उपलब्ध गराउनका लागि खोलिएको केन्द्र भनी परिभाषित गरेको छ। उक्त शिक्षा नियमावलीमा कुनै संस्थाले शिशु नियमावलीमा कुनै संस्थाले शिशु विकास केन्द्र स्थापना गर्न चाहेमा सम्बन्धीत गा.वि.स./न.पा. बाट स्वीकृत लिएर सञ्चालन गर्न सक्ने पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्ने भन्दै त्यस्ता शिशु विकास केन्द्र स्थापना गर्दा तोकिएका भौतिक पूर्वाधारहरुको बारेमा उल्लेख गरिएको छ (अधिकारी, २०६८)।

प्रारम्भिक बालविकास कार्यक्रम प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित ५ बर्ष उमेर समूह पूरा भई नसकेका बालबालिकाहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकासलाई समेट्ने कार्यक्रम हो। शिक्षा नियमावलि २०५९ अनुसार बालबालिकाको सर्वाङ्गीण विकासको कार्यगर्ने ४ बर्ष मुनिका बालबालिकाहरुका लागि मात्र सेवा पुऱ्याउने वा ४ बर्ष मुनिका बालबालिकाका साथै ४ देखी ५ बर्ष उमेर समुहका बालबालिकालाई सेवा पूर्याउने शिशु विकास

केन्द्र र पूर्व प्राथमिक कक्षा सहितको समुदायमा आधारित भई सञ्चालित कार्यक्रम हो । यसका लागि भवन, खेलमैदान, धारा, शौचालयको व्यवस्था, केन्द्रको रेखदेख र सुरक्षणको व्यवस्था, केन्द्रको विकासका लागि अभिभावकको नियमित बैठकको व्यवस्था गर्नुपर्ने प्रावधान राखिएका छन् ( प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६१) ।

पूर्व प्राथमिक उमेरका बालबालिकाका लागि देशमा विभिन्न कार्यक्रमहरु सञ्चालन रहेका छन् ती कार्यक्रमहरुमा कल्याणकारी बालशिक्षा कार्यक्रम, परियोजना जनित बालशिक्षा कार्यक्रम रहेका छन् । प्रत्येक विद्यालयले समुदायको माग र आवश्यकतालाई ध्यानमा राखी एक वर्षको पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने, कक्षाएकको पूर्वतयारीलाई समेत दृष्टिगत गरी बालशिक्षालाई पुस्तकीय ज्ञान भन्दा क्रियाकलापमा आधारित बनाउनुपर्ने बालबालिकाका लागि बालकेन्द्रहरुमा आवश्यक भौतिक सामग्रीहरु खेलकुद सामग्रीहरु, पाठ्यसामग्रीहरु तथा श्रव्यदृश्य सामग्रीको व्यवस्था गर्नुपर्ने । सरकारको सम्बन्धित निकायले पूर्व प्राथमिक शिक्षा वा बालकेन्द्रहरुको गतिविधिको मूल्याङ्कन, अनुगमन र निरीक्षण गर्नुपर्ने तथा पूर्व प्राथमिक वा बालकेन्द्रहरुमा काम गर्ने स.का तथा शिक्षकहरुका लागि प्रशिक्षणको व्यवस्था गर्नुपर्ने, सामाजिक संघ-संस्था र सामुदायिक तथा निजी क्षेत्रका आन्तरिक वा बाह्य स्रोतबाट पूर्व प्राथमिक शिक्षाका कार्यक्रमहरुका लागि भौतिक व्यवस्थापन गर्न आर्थिक उपायहरुको परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ (बराल, गौतम र निरौला, २०६०) ।

समुदायमा आधारित बालविकास केन्द्रलाई कार्यक्रमका रुपमा निरन्तरता दिदै मागको आधारमा बिस्तार गरी विद्यालयमा पनि एक वर्षे पूर्व प्राथमिक कार्यक्रम सञ्चालनमा व्यापकता ल्याउने, पछाडि पारिएका जाति, जनजाति, महिला, मधेशी, लोपोन्मुखजाति एवं दलितहरु बसोबास क्षेत्र पहिचान गरी समुदायमा आधारित बालविकास केन्द्रलाई एकीकृत कार्यक्रम समायोजन गरी कार्यान्वयन गर्ने विशेष व्यवस्था गर्ने, स्थानीय निकायले विभिन्न सरकारी तथा गैर सरकारी निकायको सहयोगमा स्थानीय तहका संघसंस्थाहरु युवा समूह, उपभोक्ता समूह र वचत समूहलाई परिचालन गरी ९००० थप बालविकास केन्द्रहरु स्थापना गर्ने साथै पछाडि पारिएका जनजाति एवं दलित मधेशी र लोपोन्मुख जनजातीको अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित ४००० बालविकास केन्द्र स्थापना गर्ने लक्ष लिएको देखिन्छ (पौड्याल, २०६६) ।

विगत ६० बर्षमा पूर्व प्राथमिक शिक्षा स्थापित भयो । सरकारी विद्यालयमा एक बर्षे बालबिकासको नाममा, कक्षा एकमा उमेर समुह नमिले शिक्षककै निर्णयमा शिशु कक्षाको नाममा शहरी व्यस्त वावुआमाका लागि बालस्याहार केन्द्रका नाममा किन्डरगर्टन र मन्टेश्वरीका नाममा

प्रवेश विन्दु कार्यक्रमका नाममा, समुदायमा आधारित बालविकास कार्यक्रमका नाममा नर्सरी, के.जी र मन्टेश्वरी शहर बजारका पेवा कार्यक्रम बन्न पुगे । विद्यालयमा आधारीत बालबिकाश केन्द्र र समुदायमा आधारीत बालबिकाश केन्द्र कोटामा पहुँच हुने ठाउका भए । अझै पनि ३०% बालबालिकालाई पूर्व विद्यालय शिक्षाको पहुँच पुग्नसकेको छैन (कोइराला, २०६९) ।

यसरी विभिन्न विद्वान तथा शिक्षा सम्बन्धी आयोजकहरुले पूर्व प्राथमिक विद्यालय तथा बालविकास केन्द्रहरुको स्थापना र सञ्चालन गर्न सकेमा विद्यालय पूर्व उमेरका बालबालिकाहरुको सर्वङ्गीण विकासका लागि सहयोग पुग्ने, समुदायमा मात्र सिमित नरहेर विद्यालय शिक्षासँग यसलाई जोडिनुपर्ने विचार तथा सुझावहरु दिइएका छन् । यसैको आधारमा बालबालिकाहरुलाई विद्यालय प्रति आकर्षण जगाउन तथा उनीहरुको रुची र चाहनालाई ध्यानमा राख्दै मनोरञ्जनपूर्ण क्रियाकलापहरु सञ्चालन गर्न बालविकास केन्द्रहरुमा भौतिक व्यवस्थापन दरिलो हुनुपर्छ । विभिन्न खेल सामग्री, रमाइलो तथा आकर्षक कक्षाकोठा, शुद्ध स्वच्छ खानेपानीको व्यवस्था, बालमैत्री फर्निचर तथा बसाइको व्यवस्था जस्ता पक्षको छनौट गर्न सकेमा बालविकास केन्द्र सुदृढ हुने कुरालाई मध्यनजर गर्दै बालविकास केन्द्रहरुको भौतिक पक्षको साथै भौतिक पक्षमा सरोकारवाला पक्षको चासो लेखाजोखा गर्नका लागि यो अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

बालविकास केन्द्रहरु समुदायमा आधारित र विद्यालयमा आधारित रहेर सञ्चालन भइरहेका छन् । समुदायमा आधारित बालविकास केन्द्रहरुमा अभिभावकको चासो रहेता पनि भौतिक रुपमा कमजोर देखिन्छन् । बालविकास केन्द्रमा जाने बालबालिकाहरुका अभिभावकहरु कमजोर आर्थिक अवस्थाका रहेकाले बालविकास केन्द्रको भौतिक व्यवस्थापनमा अभिभावकको सहयोगको अपेक्षा गर्न नसकिने अवस्था छ । विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा भौतिक व्यवस्थापनको पक्ष समुदायमा आधारित बालविकास केन्द्रभन्दा तुलानात्मक रुपमा राम्रो देखिएता पनि त्यस्ता बालकेन्द्रहरु समुदायिक विद्यालयको कार्ययोजना अनुसार सञ्चालन भइरहेको देखिएकोले कमजोर व्यवस्थापन भएका विद्यालयका बालविकास केन्द्रहरुको अवस्था भने नाजुक नै देखिन्छ । २०५६ सालमा शिक्षा विभागको स्थापना पश्चात् शिशुकक्षाहरु समुदायमूलक बालविकास केन्द्रको रुपमा सञ्चालन हुन थालेको पाइन्छ । त्यसपश्चात् शिक्षा विभागले यसको आवश्यकता महशुस गरी बालविकास केन्द्रको कोटा बृद्धि गरी वि.सं. २०६१ सम्ममा ४२३० बालविकास केन्द्रको सञ्चालन गरेको पाइन्छ । बालविकास केन्द्रहरुको संख्यात्मक बृद्धि हुँदै जाँदा यसको गुणात्मक पक्ष (भौतिक,

शैक्षिक) मा भने खासै विकास गर्न सकेको देखिदैन । कतिपय बालविकास केन्द्रहरु समुदायबाट सञ्चालन भइरहेको अवस्थामा समुदायमा आधारित हुँदा भएका बालविकास केन्द्रका भौतिक सामग्रीहरु बालविकास केन्द्रहरु सारिएका विद्यालयलाई हस्तान्तरण नगरी अन्य व्यक्ति तथा समूहको अधिनमा रहेको अवस्था समेत देखिन्छ । त्यस्तै समुदायमा आधारित रहेको अवस्थामा स.का. र बालबालिकाका अभिभावकहरुको बालविकास केन्द्रका विकासमा जति चासो रहन्थ्यो त्यस्तै चासो विद्यालयमा गएपछि कम भएको समेत पाइएको छ । यसरी बालविकास केन्द्रको विकासका लागि भवन, फर्निचर तथा बसाई व्यवस्थापन र खेल सामाग्रीहरु जस्ता भौतिक व्यवस्थापनको अहम् भूमिका रहने तर नमुना छनौटमा परेका बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन कमजोर रहेको र सरोकावालाहरुले समेत भौतिक व्यवस्थापन प्रति चासो नदिएको देखिएकोले बालविकास केन्द्रको भौतिक व्यवस्थापनलाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

परिवार बालबालिकाको पहिलो पाठशाला हो । परिवारबाट उसले सानो उमेरमा समेत धेरै करा सिक्दछ साथसाथै छरछिमेक तथा दौतरीहरुबाट पनि केही सिकिरहेको हुन्छ । त्यस पश्चात् ऊ समूहमा बस्न रुचाउँछ । ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरु पूर्व भर्ना हुने हुँदा सम्भव भएसम्म उनीहरुलाई त्यहाँ भर्ना गराइन्छ । यस पूर्व बाल्यावस्थाका बालबालिकाहरु विशेष गरी खेलौनासँग रमाउने खेल खेल्न रुचाउने, मनोरञ्जनमा ध्यान दिने हुँदा बालविकास केन्द्रहरुमा यस्तै खेल तथा खेलौनाको प्रयोग, विभिन्न गीतहरु वा अभिनयबाट मनोरञ्जन गराई उनीहरुको शारीरिक, मानसिक, संवेगात्मक पक्षहरुको विकासमा ध्यान दिनुपर्ने हुन्छ । उनीहरुलाई सहजै तरिकाले सर्वङ्गीण विकास गराउने प्रयास गरिनुपर्दछ । यसका लागि चाहे समुदायमा आधारित बालविकास केन्द्र होस् वा विद्यालयमा आधारित बालविकास केन्द्र होस् दुवैमा भौतिक व्यवस्थापन पक्ष दरिलो र बालमैत्री हुनुपर्दछ ।

बालबालिकाहरुका लागि कक्षाकोठा व्यवस्थापनमा बसाइ व्यवस्थापन बालमैत्री हुनुपर्ने, कक्षाकोठा आकर्षक हुनुपर्ने, खेलसामाग्रीहरु प्रसस्त मात्रामा राखिनुपर्ने, खानेपानीको उचित व्यवस्थापन, खेलमैदानको राम्रो व्यवस्था, सुरक्षाका लागि कम्पाउण्ड बाल बनाइनुपर्ने, शौचालयको व्यवस्था, बालमैत्री व्यवहार गर्नुपर्ने तथा नियमित रुपमा खाजाको व्यवस्था गर्न सकेमा आफ्नो बालबालिकाहरुको भविष्य प्रति अभिभावक ढुक्क भई बालविकास केन्द्र पठाउने कुरामा सुनिश्चित हुन सक्छ । त्यस्तै बालविकास केन्द्र भौतिक रुपमा सुदृढ गरी सञ्चालन गर्न सकेमा सहयोगी कार्यकर्ताहरुमा दीर्घकालिन रोजगारीको अवसर प्राप्त हुने, सरोकारवाला पक्षहरुमा बालविकास केन्द्र

प्रतिको चासो बढ्ने हुँदा बालविकास केन्द्रहरुको समग्र पक्षको विकास अनिवार्य छ। यसका लागि प्राथमिक शिक्षाको जगको रुपमा रहेको बालविकास केन्द्रहरुको उचित व्यवस्थापन गर्न बालविकास सम्बन्धी स्थानीय तथा राष्ट्रिय रुपमा सुदृढ नीति तय गरी प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुऱ्याउन हालको भौतिक व्यवस्थापनको पक्ष र त्यसको प्रभावकारिता विद्यमान कार्यान्वयन तहमा देखिएका कमजोरीहरु पहिल्याउने र त्यस्ता कमजोरी हुनुका कारणहरु र समस्या समाधानका उपायहरु समेत सुझाइने हुँदा भावि दिनमा विभिन्न तहमा रहि काम गर्ने नीति निर्माता, अनुसन्धानकार्ता र कार्यन्वयनकर्ता लगायत सम्मूर्ण सरोकारवाला पक्षहरुलाई यो अध्ययन उपयोगी र मार्ग दर्शक हुने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन/अनुसन्धानका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्।

१) बालविकास केन्द्रका भौतिक व्यवस्थापनको अवस्था पत्ता लगाउनु।

२) विद्यालयमा आधारित र समुदायमा आधारित बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन प्रति सरोकारवालाको चासो खोजी गर्नु।

३) बालविकास केन्द्रमा देखिएका भौतिक समस्याहरुको पहिचान गर्नु।

४) बालविकास केन्द्रमा देखिएका भौतिक समस्याका समाधानका उपायहरु खोजी गरी सुझावहरु प्रस्तुत गर्नु।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनमा निम्न बमोजिमका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन्।

१) तपाईको यस बालविकास केन्द्रको भौतिक अवस्था कस्तो पाउनुभएको छ ?

२) बालविकास केन्द्रप्रति सरोकारवाला पक्षहरुको चासो र यसको विकासमा उनीहरुको सहयोग कस्तो छ ?

३) समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रको भौतिक व्यवस्थापनको प्रभावकारितामा कस्तो अन्तर देखिन्छ ?

४) विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरुमा समस्याहरु के-के देख्नुहुन्छ ?

५) विद्यार्थी संख्याको अनुपातमा खेलमैदान, डेक्सबेन्च, खेल तथा सिकाइ सामग्रीहरु पर्याप्त छन्/छैनन् ?

६) विद्यार्थीको स्तर, उमेर अनुसारका उपयुक्त बसाइ व्यवस्थापन कक्षाकोठा व्यवस्थापनका लागि के कस्ता प्रयासहरु भइरहेका छन् ?

७) कक्षाकोठा बालमैत्री र आकर्षक छ कि छैन ?

८) बालविकास केन्द्रका समस्याहरुलाई हल गरी बालविकास केन्द्रको विकासका लागि के-के उपायहरु अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

बालविकास केन्द्रको भौतिक पक्ष सम्बन्धीको यो अध्ययन अनुसन्धानकर्ताको सिमित समय, श्रोत र साधनका कारणबाट मोरङ्ग जिल्ला पथरी स्रोतकेन्द्र अन्तर्गत पथरी, शनिश्चरे, हसन्दह र वयरवन गरी ४ गा.वि.स. का जम्मा ४२ वटा बालविकास केन्द्रहरु मध्ये प्रत्येक गा.वि.स. बाट २/२ वटा बालकेन्द्रहरु गरी जम्मा ८ वटा बालविकास केन्द्रहरुलाई नमूनाको रुपमा लिई अध्ययन गरिएको छ । यस अन्तर्गत प्रत्येक गा.वि.स. का दुई बालविकास केन्द्र मध्ये समुदायमा आधारित र विद्यालयमा आधारित १/१ वटा बालविकास केन्द्रहरु समेटिएको छन् । साथै बालविकास केन्द्रको भौतिक व्यवस्थापन पक्षलाई मात्र समेट्नका लागि नमूनामा परेका ८ बालविकास केन्द्रका ८ जना सहायक कार्यकर्ता, ३२ जना अभिभावकहरु (प्रत्येक बालविकास केन्द्रबाट ४/४ जनाका दरले), ८ जना विद्यालय व्यवस्थापन समति वा बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरु र ४ जना प्र.अ. हरु समेत अध्ययनमा समेटिएको छ ।

## १.७ संक्षिप्त शब्द/शब्दाबलीको परिभाषा

अध्ययनका क्रममा मुख्य रुपमा प्रयोग गरिएका शब्दावलीको परिभाषा र संक्षिप्त शब्दको पूरा रुप यस प्रकार रहने छ ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय ।

समुदायमा आधारित बालविकास केन्द्र : गा.वि.स. वा नगरपालिकाबाट सञ्चालन अनुमति प्राप्त समुदायको व्यवस्थापनमा सञ्चालित बालविकास केन्द्र ।

विद्यालयमा आधारित बालविकास केन्द्र : गा.वि.स. वा नगरपालिकाबाट सञ्चालनका लागि अनुमतिप्राप्त विद्यालयको व्यवस्थापनमा सञ्चालित बालविकास केन्द्र ।

| | |
|---|---|
| विद्यालय व्यवस्थापन समिति | : विद्यालयको रेखदेख तथा व्यवस्थापन गर्न स्थानीय अभिभावकहरुद्वारा गठन गरिएको समिति । |
| बालकेन्द्र व्यवस्थापन समिति | : बालकेन्द्रको रेखदेख तथा व्यवस्थापन गर्न स्थानीय अभिभावकद्वारा गठन गरिएको समिति । |
| अभिभावक | : समुदायमा आधारित बालविकास केन्द्र तथा विद्यालयमा आधारित बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाका अभिभावक भनी सम्बन्धित बालविकास केन्द्र र विद्यालयको अभिलेखमा जनिएको व्यक्ति । |
| समुदाय | : समुदाय भन्नाले समाजको विकासमा क्रियाशिल विभिन्न सङ्घसंस्था वा व्यक्तिहरुको समूह । |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध प्रस्ताव कार्यका लागि पूर्व साहित्यहरुको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढाँचालाई यस प्रकार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत अध्ययनमा विषयक्षेत्र सँग सम्वन्धित विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदन तथा लेख रचनाहरुलाई पूर्व साहित्यको रुपमा पुनरावलोकन गरिएको छ ।

अनुसार कोठाभित्र गरिने विभिन्न क्रियाकलापका लागि फराकिलो, पर्याप्त रुपमा हावा खेल्ने उज्यालो कोठाको आवश्यकता पर्दछ । कक्षाकोठादेखि बाहिरका कुराहरु प्रयोग गर्न बालबालिकाहरुलाई आराम गराउन, बसाउन, सिकेका कुराहरु प्रारम्भिक बालविकास केन्द्रको लागि लगभग ७२ वर्ग मि. (लगभग १२ मि. लम्बाई र ६ मिटर चौडाई) भएको उपयुक्त आकारको कक्षाकोठा वा हल हुनुपर्ने सुझाव दिइएको छ । बालविकास केन्द्रका कोठामा आवश्यक मात्रामा बालमैत्री फर्निचर वा चकटी, उपयुक्त विछ्यौना, सिकाइ सामग्रीहरु, दराज र प्रदर्शन बोर्डहरु हुनुपर्नेछ  (नेपालमा प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी रणनीतिपत्र, २०६१)।

बालविकास केन्द्रमा भौतिक व्यवस्थापन पक्ष पुदृढ भएमा बालबालिकाहरुमा सकारात्मक प्रभाव पर्ने कुरामा दुईमत नहुने कुरा उल्लेख गरिएको छ । तर विद्यमान बालविकास केन्द्रहरुमा बालबालिकाहरुको सिकाइलाई सकारात्मक प्रभाव दिने सुविधा सम्पन्न पूर्वाधार युक्त बालविकास केन्द्र भवनहरुको कमी रहेको कच्ची छाप्रो र सेउले भवन तथा सामान्य काठहरुका भवनहरु धेरै देखिएकोले तिनीहरुको स्तरोन्नति गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुको लागि बालविकास केन्द्र घरबाट टाढा रहनु, कक्षा कोठाको उचाई, प्रकाशको उचित व्यवस्था नहुनु, हावा सजिलै आवत-जावत हुन सक्ने वातावरणको प्रबन्ध हुन नसक्नु, बालविकास केन्द्रहरु अनुकुल हुने तापक्रम भएको कोठा नहुनु, बालविकास केन्द्रहरु सुरक्षित क्षेत्रमा नहुनु, खेल्ने ठाउँको अपर्याप्तता, बालमैत्री डेक्सबेन्च तथा शौचालय नहुनु, कक्षाकोठा आकर्षक र सफासुग्घर नहुनु, बालकक्षामा प्रसस्त मात्रामा खेल सामग्रीहरु नहुनु, नक्सा चार्ट नहुनु आराम गर्ने छुट्टै कोठाको व्यवस्था नहुनु, खाजा खुवाउने व्यवस्था सबै बालबालिकामा नहुनु, प्राथमिक उपचारका सामाग्रीहरु नहुनु, सबै सहयोगी कार्यकर्ताहरुलाई तालिमको प्रबन्ध गर्न नसक्नु, उनीहरुलई बालविकास केन्द्रप्रति अपनत्वको भावना जागृत गराउन नसक्नु बालविकास केन्द्रको साथै बालविकासका समस्या भनी

उल्लेख गरिएको र यसका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन, शौचालय, शुद्ध खानेपानीको व्यवस्था, शैक्षिक सामाग्रीको व्यवस्था, स्वास्थ्यका लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था, पौष्टिक आहारको व्यवस्था सहायक कार्यकर्ताहरुलाई तालिम र उपयुक्त तलब सुविधाको व्यवस्था गर्नुपर्ने, अभिभावकहरुको चासो बढाउनुपर्ने यसका लागि व्यवस्थापन समूह, प्र.अ. को भूमिका सर्वोपरी रहने कुरा उल्लेख गरिएको छ
(गौतम,२०६८)।

बालविकास केन्द्रका बालबालिकाहरुमा सामाजिक, शैक्षिक, शारीरिक, संवेगात्मक पक्षको विकास गरी राष्ट्रका निमित्त भविष्यका कर्णधार बन्ने, बालबालिकाको हकहित एवं अधिकारको संरक्षण र संवर्द्धन गर्ने तथा वातावारणसँग सामञ्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने आधारभूत सिपको विकास गर्ने उद्देश्य अनुरुपका पाठ्यपुस्तकहरु तयार भएपनि नीति अनुरुप कार्यान्वयन पक्ष सजिलो नभएको र यस सम्बन्धमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले पूर्व प्राथमिक शिक्षालाई पुस्तकीय ज्ञान भन्दा कार्यपरक बनाइनुपर्ने, बालविकास तथा बालशिक्षा सिद्धान्त र पद्धतिलाई मनन् गर्दै पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम सामाजिक, सांस्कृतिक परिवेश अनुरुप बनाइनु पर्ने, पूर्व प्राथमिक विद्यालयहरुले अभिभावकहरुबाट उचित शुल्क लिई बालबालिकाहरुका लागि आवश्यक खेलकुदका सामग्री, पाठ्यसामाग्री तथा श्रव्यदृश्य सामाग्रीहरुको व्यवस्था मिलाउनु पर्ने सुझावहरु दिएको छ ( बिष्ट, २०५०) ।

अधिकांश समुदायमा आधारित बालविकास केन्द्रहरुमा आम भेलामा अभिभावकहरुको सहभागिता रहने, जमिन, श्रमदान, भौतिक सामग्रीको व्यवस्था गर्ने सम्बन्धमा समुदाय, अभिभावक र बालविकास केन्द्र र विद्यालय वीच राम्रो सम्बन्ध रहेको तर विद्यालयमा आधारित बालविकास केन्द्रको समुदाय र अभिभावकसँग घनिष्ट सम्बन्ध स्थापित हुन नसकेको कुरा उल्लेख गरिएको छ । त्यस्तै विद्यालयमा आधारित बालविकास केन्द्रहरुको बाहिरी वातावरण (घेरावारा, खेलमैदान, शौचालय, खानेपानी) को व्यवस्थापन समुदायमा आधारित बालविकास केन्द्रमा भन्दा राम्रो रहेको, समुदायमा आधारित बालविकास केन्द्रमा खेलविधि र बालकेन्द्रित अन्य विधिलाई अवलम्बन गरिएको तर अधिकांश विद्यालयमा आधारित बालविकास केन्द्रमा प्राथमिक कक्षामा जस्तै विषय शिक्षणमा जोड दिएको कुरा उल्लेख गरिएको छ (ढुङ्गाना, २०६३) ।

बालविकास केन्द्रहरुको भौतिक संरचनाको दृष्टिकोणले अधिकांश बालविकासको भवनको अवस्था, त्यसमा रहेका छाना, भुई, दिवाल, झ्याल, ढोका असुरक्षित र कमजोर भएको, डेक्सवेन्चको सट्टा गुन्द्री, त्रिपाल, झल्लाको गरिएको, खानेपानी, शौचालय, खेलमैदान शैक्षिक सामग्रीहरुको अभाव

रहेको बालविकास केन्द्रमा ७० भन्दा बढी प्रकारका सिकाइ सामग्री भएता पनि श्रव्यदृश्य सामाग्रीको पूर्ण अभाव रहेको देखिन्छ । खेल, गीत, सङ्गीतकला, विज्ञान गणितीय सामग्रीको अभाव, कोठा व्यवस्थापन कमजोर भएको, भैरहेको सामग्रीहरुको उचित मर्मत सम्भार, नयाँ निर्माण तथा सामग्री सङ्कलनमा कुनै चासो नदिएको, खुल्ला मैदान तथा घेरावारा नभएकोले बालकेन्द्रमा असुरक्षित महशुस गरिएको पाइन्छ । बालविकास केन्द्रको भौतिक व्यवस्थापन बालकेन्द्र/विद्यालय व्यवस्थापन समिति, सम्बन्धित अभिभावक, समाजका बौद्धिक अगुवाहरु, विद्यालय प्रशासन, दातृ निकायहरु, राजनैतिक कार्यकर्ता, सहयोगी कार्यकर्ता लगायत नेपाल सरकारको भूमिका महत्वपूर्ण हुने भएकोले सवै सरोकारबाला पक्षहरुको सहयोगमा एक आपसमा समन्वय र छलफल गरी भौतिक व्यवस्थापन पक्षलाई दरिलो बनाउन सकेमा भविष्यका कर्णदार मानिएका बालबालिकाहरुको समुन्नतिका लागि प्रभावकारी रुपमा कार्य गर्न सकिने छ (गौतम, २०६८) ।

यसरी बालविकास केन्द्रको भौतिक व्यवस्थापन सम्वन्धमा गरिएको अध्ययनमा धेरैजसो बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन कमजोर रहेको देखिएको र सम्बन्धीत सरोकारवाला पक्षहरुले समेत खासै ध्यान नपुऱ्याएको देखिएको र नीति निर्माता, अनुसन्धानकर्ताहरुको समेत यसमा ध्यान नपुगेको र बालविकास केन्द्रको स्थापनाका लागि सिफारीस गर्ने निकायले समेत पूर्वाधारको ख्याल नै नगरी बालविकास केन्द्र सञ्चालनका लागि स्वीकृति दिने गरेको देखिएकोले यसमा कडाइ गर्नु पर्ने देखिन्छ ।

## २.२ सैद्धान्तिक खाका

सिकाइ अभ्यासको फलस्वरुप व्यक्तिमा देखापर्ने एउटा सापेक्षिक स्थायी परिवर्तन हो । यो एउटा प्रक्रिया हो जसबाट कुनै पनि व्यक्तिले आफ्नो व्यवहारमा परिवर्तन ल्याउँछ । सिकाइका विभिन्न सिद्धान्तहरुको प्रतिपादन विविध प्रयोग र परीक्षणका आधारमा पनि हुने गरेको पाइन्छ । यस्तै विभिन्न विद्वानहरुका वैचारिक विश्लेषण र सैद्धान्तिक अवधारणाले समेत यस अध्ययनमा सहयोग पुऱ्याउने भएकोले यस अध्ययनमा यस्ता सिद्धान्तलाई प्रयोग गरिएको छ । यो अध्ययन फ्रोवेल (१९८२) किन्डर गार्टन विधि र विलियम ओची (Willam Ouchi १९८१) को कार्यकुशल व्यवस्थापन सिद्धान्तमा आधारित भई प्रस्तुत गरिएको छ ।

बालबालिकाहरुको मनोविज्ञानका आधारमा फ्रोवेलले १७८२ मा किन्डर गार्टन फूल हुन भने शिक्षक त्यस बगैचाका माली । शिक्षकले बालरुपी फूलहरुलाई मलजल, स्याहारसुसार, गोडमेल गरेर हुर्काउनु पर्दछ । अर्को शब्दमा स्वतन्त्र रुपमा उनीहरुलाई सिक्ने अवसर दिनुपर्छ जुन खेलविधिमा आधारित छ । फ्रोवेलका अनुसार आत्मक्रियाकलाप मार्फत बालबालिकाहरुको अर्न्तनिहित

जन्मजात गुणहरुको प्रस्फुटन गराउन सक्नुपर्छ जसका लागि शरीरको चाल, खेल, गीत, रङ्गहरुको प्रयोग, कथावाचन तथा पेन्टिङ्ग आदि आवश्यक पर्दछन् । उनको शिक्षा प्रतिको महत्वपूर्ण योगदानमा किन्डर गार्टन पद्धति शिक्षण विधिको शुरुवात र सोही अनुसारको भौतिक व्यवस्थापनको व्यवस्था गर्नु हो । उनले बालबालिकाहरुलाई स्वतन्त्र रुपमा बिना हस्तक्षेप सिकाउनुपर्दछ । शिक्षण पूर्णत बाल केन्द्रित हुनुपर्दछ भन्ने कुरामा जोड दिएका छन् । यसको लागि भौतिक व्यवस्थापन महत्वपूर्ण रहन्छ भने त्यसभित्रको कक्षाकोठा व्यवस्थापनले समेत सिकाइलाई प्रभाव पारिरहेको हुन्छ । त्यसैले भौतिक व्यवस्थापन पक्षमा ध्यान दिनु जरुरी हुन्छ (अधिकारी, २०६५) ।

बालविकास केन्द्रको भौतिक व्यवस्थापनको प्रभावकारितालाई व्यवस्थापकीय दृष्टिकोणबाट विचार गर्दा यो अध्ययन प्रोफेसर विलियम आउची, १९८१ को कार्यकुशल व्यवस्थापन सिद्धान्तमा आधारित रहेकोछ । यो सिद्धान्त अनुसार व्यवस्थापनको कार्यकुशलतामा नै व्यवस्थापन प्रभावकारिता कुनै पनि सङ्घसङ्गठनमा व्यवस्थापन प्रभावकारितामा निर्भर गर्दछ कुनै सङ्घ-सङ्गठनमा व्यवस्थापन सामुहिक कार्य भएता पनि सबै तहका व्यवस्थापकहरुले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेर आफ्नो दक्षता क्षमता कार्यकुशलतालाई प्रयोग गर्दै सुमधुर सम्बन्ध, समन्वय, नियन्त्रण र मूल्याङ्कन गर्न सकेमा निर्धारित लक्ष्य प्राप्तिमा सजिलै अग्रसर हुनसक्दछ भन्ने यो सिद्धान्तको आशय हो (कोइराला र श्रेष्ठ, २०६६) ।

वृहत दृष्टिकोणबाट हेर्दा उच्च तहका व्यवस्थापकहरुले प्राथमिक बालविकास केन्द्र सम्बन्धी नीति, नियम तर्जुमा, पाठ्यक्रम निर्देशिकाको निर्माण अनुगमन तथा मूल्यांङ्कन गर्ने गराउने र तल्लो तहका व्यवस्थापकहरुको रुपमा रहेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र व्यवस्थापन समितिले आवश्यक भौतिक व्यवस्थापन (कक्षाकोठा बाहिरी र भित्री) मा ध्यान पुऱ्याउनुपर्छ ।

सूक्ष्म दृष्टिकोणबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्र, व्यवस्थापन समिति (विद्यालयमा आधारित भएमा प्र.अ. र नि.प्र.अ. समेत) ले उच्च व्यवस्थापकको रुपमा आवश्यक नीति तर्जुमा गर्ने तथा आवश्यक भौतिक सामग्रीहरुको उचित व्यवस्थापन तथा प्रबन्ध मिलाउने, सम्पन्न गराउने तथा प्राप्त भौतिक व्यवस्थापनको प्रभावकारिता प्रदर्शन गराउने, निम्न तहमा रहेका बालबालिकाहरुले सहयोगी कार्यकर्ताले निर्देशनमा खेलविधि सहित अन्य बालकेन्द्रित विधिहरुद्वारा सिक्ने अवसर प्राप्त गरेमा बालविकास कार्यक्रमको लक्ष्य हासिल हुनेछ । यसर्थ विभिन्न तहका व्यवस्थापकहरुको कार्यकुशलतामा प्रारम्भिक बालविकास केन्द्रको भौतिक व्यवस्थापनको प्रभावकारितामा भरपर्ने हुँदा यो अध्ययन कार्यकुशल व्यवस्थापन सिद्धान्तसँग सम्बन्धित रहनेछ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनबाट प्राप्त निष्कर्ष, प्राप्ति र सुझाव तथा सैद्धान्तिक अवधारणाहरुबाट समुदायमा आधारित तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रको भौतिक व्यवस्थापनमा सुधार ल्याउन उपयोग गर्न सकिन्छ । मन्टेश्वरी शिक्षा, किन्डरगार्टन विधिमा भने जस्तै बालविकास केन्द्रलाई बालमैत्री बनाउन आवश्यक भौतिक व्यवस्थापन भवन, कक्षाकोठा, डेक्सवेन्च जस्तै आवश्यक खेल सामग्रीहरु र अन्य बाल सिकाइ सामग्रीहरुको कुशलतापूर्वक व्यवस्थापन गरी स्वतन्त्र मनोरञ्जनात्मक सहभागिता मूलक र गरेर सिक्ने क्रियाकलापहरु सञ्चालन गर्न यस अध्ययनको सैद्धान्तिक अवधारणले सघाउ पुऱ्याउनेछ । साथै यस पुनरावलोकनबाट अध्ययनका लागि सैद्धान्तिक खाकालाई अवलम्बन गर्दै प्रयोगमा ल्याउने गरी तदअनुरुपको अध्ययनलाई निर्दिष्ट रुपमा डोऱ्याउने कुरामा सहयोग पुग्नेछ ।

यस अध्ययनले स-साना बालबालिकाहरुका लागि कक्षाकोठा बाहिर र कक्षाकोठा भित्र गरिएको व्यवस्थापनलाई समेत ध्यान दिनेछ । जसमा कक्षा कोठाभित्र बालमैत्री फर्निचर साथै आवश्यक रुपमा गणित क्षेत्र, विज्ञान क्षेत्र, सिर्जनात्मक क्षेत्र, भाषा क्षेत्र जस्ता सिकाई क्षेत्रहरुको व्यवस्थापन गर्नुपर्दछ भने कक्षा बाहिरको व्यवस्थापनमा कम्पाउण्डवाल, सुरक्षित भवन, सधै स्वतन्त्र रुपले सिक्ने प्रकारका खेलहरु पिङ्ग, चिप्लेटी, सानो सुरुङ्ग, स्वतन्त्र दौड, पानी खेल तथा बालुवा खेलको लागि आवश्यक व्यवस्थापनका लागि सरोकारवालाहरुको चासो वृद्धिगरी बालबालिकाहरुको सिकाइका लागि यस्ता भौतिक व्यवस्थापनको सुदृढीकरण गर्न सकिनेछ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि

अध्ययन तथा अनुसन्धान महत्वपूर्ण कार्य मानिन्छ र यसले शिक्षाका विविध क्षेत्रका समस्या र विषयका बारेमा बिस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्न सहयोग गर्दछ । यस कार्यका लागि निम्न अध्ययन विधि र प्रक्रिया अपनाइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन प्रारम्भिक बालविकास केन्द्रहरुको भौतिक अवस्थाका साथै यसको प्रभावकारितासँग सम्बन्धित विविध पक्षहरुको वर्तमान अवस्थाको तथ्यांङ्क तथा रिपोट लिई गुणात्मक तथा परिमाणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा शिक्षकहरु, सहायक कार्यकर्ताहरु, अभिभावकहरु र प्रधानाध्यापकहरुबाट गुणात्मक वा परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । यो अनुसन्धान मिश्रित ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो अध्ययनमा तथ्याङ्क सङ्कलन कार्यका लागि अध्ययन क्षेत्रको जनसंख्या, नमूनाको आकार, नमूना छनौट विधि र नमूना छनौटका आधार जस्ता प्रक्रियाको अवलम्बन गरिएको छ ।

### ३.२.१ जनसंख्या

यस अध्ययनका लागि जनसंख्याको रुपमा पथरी स्रोतकेन्द्र अन्तर्गतका समुदाय र विद्यालयमा आधारित ८ वटा बालविकास केन्द्रहरु रहेका छन् । जसमध्ये पथरी, शनिश्चरे, वयरवन र हसन्दह गा.वि.स. बाट २/२ वटा बालविकास केन्द्रहरु जनसंख्याको रुपमा रहेका छन् । त्यसैगरी त्यस केन्द्रका सहयोगी कार्यकर्ताहरु, बालबालिकाहरुका अभिभावकहरु, विद्यालय तथा बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरु, विद्यालय प्र.अ. जनसंख्याको रुपमा रहेका छन् ।

### ३.२.२ नमूनाको आकार

यस अध्ययनका लागि पथरी, शनिश्चरे, वयरवन र हसन्दह गा.वि.स.का २/२ वटा बालविकास केन्द्र मात्र छनौट गरिएको छ । जसमध्ये प्रत्येक गा.वि.स. बाट १/१ जना समुदायमा

आधारित बालविकास केन्द्र र १/१ वटा विद्यालयमा आधारित बालविकास केन्द्र रहने छन् । त्यसका लागि प्रत्येक बालविकास केन्द्रबाट ४/४ जना अभिभावकहरु, त्यस केन्द्रका ८ जना सहयोगी कार्यकर्ताहरु, ८ जना विद्यालय व्यवस्थापन समिति तथा बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्षहरु, ४ जना विद्यालयका प्र.अ.हरु उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

### ३.२.३ अध्ययनको जनसङ्ख्या तथा नमूना छनौट

यस अध्ययनका लागि तोकिएको जनसंख्याबाट बालविकास केन्द्र छनौट गर्न स्तरीकृत नमूना छनौट विधि र सहयोगी कार्यकर्ताहरु, वि.व्य.स. अध्यक्षहरु, अभिभावक, प्र.अ. को छनौट उद्देश्यपूर्ण विधि प्रयोग गरि छनौट गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

यस अध्ययनमा सरकारी वा गैर सरकारी अनुदान प्राप्त गरी समुदायमा सञ्चालन गरिएका समुदायमा आधारित बालविकास केन्द्र र विद्यालयमा आधारित रहेर सञ्चालन गरिएका बालविकास केन्द्रहरुको नमूना छनौट गर्दा एउटा गा.वि.स. बाट १/१ वटा दुबै किसिमको बालविकास केन्द्र पर्ने गरी सुगम र दुर्गम दुबै क्षेत्र समेटिएको र यस्ता बालविकास केन्द्रहरु उद्देश्यपूर्ण छनौट विधि का आधारमा छनौट गरिएको छ भने उत्तरदाताको छनौट समेत उद्देश्यपूर्ण छनौट विधि नै अवलम्बन गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

यस अनुसन्धान कार्यका लागि आवश्यक तथ्याङ्क र सूचना प्राप्त गर्न निम्नानुसारका साधनहरु निर्माण गरी प्रयोग गरिएको छ ।

### ३.३.१ बालविकास केन्द्र सर्वेक्षण फाराम

बालविकास केन्द्रमा भएको अभिलेख र तथ्याङ्कका आधारमा सहयोगी कार्यकर्ता विवरण, बालविकास केन्द्रमा भर्ना भएका बालबालिका संख्या, बालविकास केन्द्रमा व्यवस्थापन गरिएका भौतिक सामग्रीहरुको विवरण र प्रयोगको अवस्था बारे सूचना सङ्कलन गर्न कक्षा चलिरहेको अवस्थामा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि विकसित गरि प्रयोग गरिएको छ । बालविकास सर्वेक्षण फारामको नमूना अनुसूचि ५ मा राखिएको छ ।

### ३.३.२ प्रश्नावली

बालविकास केन्द्रको भौतिक सामग्रीको व्यवस्थापनको सम्बन्धमा तथा त्यस्ता सामग्रीको व्यवस्थापनबाट बालबालिकामा परेका प्रभाव सम्बन्धमा व्यवस्थान समितिका अध्यक्ष, बालबालिकाका अभिभावकहरु, विद्यालयका प्र.अ.हरु र सम्बन्धित बालविकास केन्द्रका सहयोगि कार्यकर्ताहरुसँग बन्द तथा खुल्ला प्रश्नावली तयार गरी प्रयोग गरिएको छ । यस सम्बन्धी प्रश्नावलीहरु अनुसूचि १ देखि ४ सम्म कमश राखिएको छ ।

### ३.३.३ अर्न्तवार्ता

यस अध्ययनमा छनौट भएका बालविकास केन्द्र सहयोगी शिक्षिकाहरु, अभिभावकहरु, वि.व्य.स. का अध्यक्षहरु र प्रधानाध्यापकहरुको प्रश्नावलीबाट स्पष्ट हुन नसकेका थप कुराहरुलाई स्पष्ट हुनका लागि व्यवस्थापन समिति अध्यक्ष, प्र.अ., अभिभावक तथा सहयोगी कार्याकर्ताका लागि अर्न्तवार्ता निर्देशिका तयार गरी यस सम्बन्धी प्रश्नावली अनुसूचि ६ देखि ९ सम्ममा राखिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययन कार्यका लागि तथ्याङ्कको प्राथमिक स्रोतका रुपमा छनौट भएका बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, विद्यालयका प्रधानाध्यापक, विद्यालयका अभिभावक तथा स्रोतव्यक्तिलाई भराइएका प्रश्नावली, अर्न्तवार्ता सूची तथा सर्वेक्षण फारामको प्रयोग गरी लिइएको तथ्याङ्क तथा विवरणलाई लिइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

यस अध्ययन कार्यका लाािग शिक्षा सम्बन्धी प्रतिवेदन, शोधपत्र, जर्नल, निर्देशिका, पाठ्यक्रम, सहयोगी कार्यकर्ता निर्देशिका, बालविकास केन्द्रको अभिलेख तथा बालविकास सम्बन्धी विद्यालयको अभिलेखलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि छनौटमा परेका बालविकास केन्द्रमा सहयोगी कार्यकर्ता, विद्यालय प्र.अ., अभिभावकलाई प्रश्नावली भर्न अनुरोध गरिएको छ । तथ्याङ्कको द्वितीय स्रोतको रुपमा छनौट परेका बालविकास केन्द्र सहयोगी कार्यकर्ता, विद्यालयको प्र.अ. तथा

अभिभावकलाई अनुरोध गरी सर्वेक्षण फारामको प्रयोग गरेर विद्यालय तथा बालविकास केन्द्रहरुको अभिलेखबाट आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

संकलित तथ्याङ्कहरुमा आवश्यकता भएमा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिसँग पुनः सम्पर्क, भेटघाट र छलफल गरी प्राप्त तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति र स्वरुप अनुसार अध्ययनको उद्देश्यसँग अनुरुप हुनेगरी विभिन्न तालिकामा प्रस्तुत गरिएको छ । परिमाणात्मक तथ्यहरुलाई प्रतिशत र स्तम्भचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई तार्किक व्याख्या तुलनात्मक विश्लेषण र विवेचना गरिएको छ ।

# परिच्छेद : चार
# तथ्याङ्कको व्याख्या र विश्लेषण

मोरङ्ग जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गत पर्ने पथरी, शनिश्चरे, बयरवन र हसन्दह गा.वि.स. का बालविकास केन्द्रहरु मध्ये नमूना छनौटमा परेका ८ वटा बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापनको अवस्थालाई तल उल्लेखित शीर्षकहरुमा आधारित रही व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ बालविकास केन्द्रहरुको भौतिक अवस्था

बालबालिकाहरुको सिकाइको पहिलो थलो उसकै घरपरिवार हो भने त्यसपछिको महत्वपूर्ण ठाउँ भनेको शिक्षालय हो । शिक्षालयमा बालबालिकाहरुलाई सहज रुपमा सिकाइ प्राप्त गर्नका लागि उपयुक्त किसिमको भवन, उमेर अनुसारको फर्निचरको व्यवस्था गरिएको हुनुपर्दछ । बालबालिकाहरुका लागि उनीहरुको उमेर तथा शारीरिक अवस्था अनुसारको उपयुक्त फर्निचर, राउण्ड टेवल, गुन्द्री, पिरा, कार्पेटआदिको व्यवस्था हुनुपर्दछ । बालमैत्री कक्षाकोठाको लागि बालबालिकाहरुको उमेर स्तर अनुसार प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र १ वर्ग मिटर क्षेत्रफलको कोठा र कम्तिमा ९ फिट उचाइ, उज्यालो प्रसस्तै छिर्न सक्ने, सहजै हावा आवत-जावत गर्न सक्ने, उचित साइजका कम्तिमा ४ वटा झ्यालहरुको व्यवस्था भएको तथा सुरक्षित र ताला लगाउन सकिने घर तथा कोठा भएको हुनुपर्दछ । त्यस्तै कक्षाकोठा जाडोमा घाम छिर्न सक्ने तथा गर्मीमा प्रसस्त हावा खेल्ने खालको हुनुपर्दछ । उनीहरुका लागि स्वच्छ तथा शुद्ध खानेपानीको व्यवस्था, शौचालय सफा र बालबालिका अनुकूलको हुनुपर्दछ । त्यस्तै खेल्ने ठाउँको व्यवस्था समेत राम्रो भएका, बालकेन्द्र हातामा घेरावाराको राम्रो व्यवस्था गरिएको हुनुपर्दछ भन्ने कुरा शिक्षा विभागले तयार गरेको बालविकास सञ्चालन सम्बन्धी निर्देशिकामा उल्लेख भएको पाइन्छ । यसका साथै भौतिक अवस्थाको अध्ययन गर्न भवनको संरचना, झ्याल, ढोका र संवातनको अवस्था, फर्निचरको अवस्था, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेलमैदानको अवस्था, घेरावारको अवस्था, पोषणको अवस्था, खेलकुद तथा सिकाइ सामग्रीहरुको अवस्था, कक्षाकोठा व्यवस्थापनको अवस्था, भौतिक अवस्थाको रेखदेख तथा सुरक्षा प्रबन्धको अवस्था र भौतिक सामग्री व्यवस्थाका लागि सहयोग गर्ने निकायहरुको सम्बन्धमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ भवनको संरचना

प्रारम्भिक बालविकास केन्द्रको शैक्षिक लक्ष्य त्यस अवस्थामा मात्र पूरा हुन्छ जब प्रत्येक बालविकास केन्द्रको भवन तथा कक्षाकोठाको संरचना सुरक्षित र साधन सम्पन्न र सुविधायुक्त हुन्छ । बालबालिकाहरुलाई बालविकास केन्द्र प्रति आकर्षण गरी मनोरञ्जनात्मक र सुविधायुक्त तथा व्यवस्थित रुपले सिक्ने वातावरण वनाउन भवनको अवस्था सुदृढ हुनुपर्दछ ।

बालविकास केन्द्रको छनोट गरी अवलोकनमा परेका केन्द्रको स्थलगत अध्ययनबाट प्राप्त भवनको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १ : भवनको संरचनाको अवस्था

| क्र. सं | भवनको संरचना | समुदायमा आधारित | सङ्ख्या | विद्यालयमा आधारित | सङ्ख्या | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | समुदाय | विद्यालय |
| १ | पक्की भवन | | १ | | ३ | १२.५% | ३७.१५% |
| २ | अर्धपक्की | | १ | | १ | १२.५% | १२.५५% |
| ३ | कच्ची | | २ | | - | २५% | - |
| | जम्मा | | ४ | | ४ | ५०% | ५०% |

स्रोत: स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकाको आधारमा अध्ययन अवलोकन गरीएका बालविकास केन्द्रको भवनको अवस्था हेर्दा ८ वटा बालविकास केन्द्रहरु मध्ये एउटा समुदायमा आधारित वा.वि.के को भवन पक्का रहेको त्यस्तै एउटा भवन अर्धपक्की र दुईवटा भवन कच्ची अवस्थामा देखिन्छ भने विद्यालयमा आधारित वा.वि.के मध्ये तिनवटा पक्की अवस्थामा रहेका छन् भने एउटा मात्र अर्धपक्की अवस्थामा रहेको छ । माथि उल्लेखित अवस्थाका भवनहरु मध्ये भागिरथा वा.वि.केन्द्र वाहेकका अन्य सबै वा.वि.के. मा हावा हुण्डरी तथा वर्षायाममा कक्षाकोठा पूर्ण रुपमा सुरक्षित भने देखिदैन ।

भवन संरचनाको अवस्था विद्यालयमा आधारित बा.वि.के. मा केही सुदृढ भएता पनि आन्तरिक व्यवस्थापन कमजोर रहेको साथै समुदायमा आधारीत बा.वि.के.मा भवन संरचना नै अत्यन्त कमजोर रहेकोले बर्षायाममा कक्षा सञ्चालन गर्न कठिन हुने देखिएकोले यसलाई

बालविकास केन्द्र व्यवस्थापन समिति स्थानिय अभिभावक तथा दातृ निकायहरुसँग सहयोग लिइ भवन संरचनालाई सुदृढ बनाउनु पर्ने देखिएको छ ।

### ४.१.२ भवनको झ्याल, ढोका र संवातनको अवस्था

प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुका लागि भवनको राम्रो व्यवस्थाका साथै पर्याप्त मात्रामा उज्यालो प्रकाश छिर्ने झ्याल ताल्चा लगाउन मिल्ने दरिलो ढोका र झ्याल ढोकाका पल्ला सहित बन्द गरेको अवस्थामा पनि हावा प्रसस्त आवत-जावत गर्न सक्ने संवातनको समेत आवश्यक पर्दछ ।

स्थलगत अध्ययन गरिएका बालविकास केन्द्रको भवनको झ्याल, ढोका र संवातनको अवस्थालाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. २ : भवनको झ्याल, ढोका र संवातनको अवस्था

| क.सं. | बालविकास केन्द्रको नाम र ठेगाना | विद्यालय/समुदायमा आधारित | झ्याल | ढोका | संवातन |
|---|---|---|---|---|---|
| १ | हर्क स्मृति बालविकास केन्द्र, पथरी-९ | समुदाय | छैन | १ | छैन |
| २ | प्रगति बाल.विकास.केन्द्र, शनिश्चरे-३ | समुदाय | छैन | १ | छैन |
| ३ | नवदुर्गा बाल.विकास.केन्द्र, हसन्दह-३ | समुदाय | २ | १ | १ |
| ४ | क्षितिज बाल.विकास.केन्द्र, बयरवन-४ | समुदाय | ४ | २ | १ |
| ५ | सुनाखरी बाल.विकास.केन्द्र, पथरी-१ | विद्यालय | ६ | २ | २ |
| ६ | भागिरथा बाल.विकास.केन्द्र, शनिश्चरे-८ | विद्यालय | ६ | १ | २ |
| ७ | शिक्षा सदन बाल.विकास.केन्द्र, हसन्दह-६ | विद्यालय | ६ | १ | १ |
| ८ | जनकल्याण बाल विकास केन्द्र, बयरवन-९ | विद्यालय | १० | २ | ४ |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा समुदायमा आधारित बालविकास केन्द्रभन्दा विद्यालयमा आधारित बालविकास केन्द्रको झ्याल, ढोका र संवातनको अवस्था सुदृढ देखिएको छ । प्रत्येक बालविकास केन्द्रमा कम्तीमा १ ढोका ४ वटा झ्याल र दुईवटा संवातन हुनुपर्ने भनिएता पनि ३ वटा बालविकास केन्द्रमा सो मापदण्ड अनुसार झ्याल, ढोका र संवातनको व्यवस्था भएको

तर ५ वटा बालविकास केन्द्र मध्ये २ वटामा झ्याल र २ वटामै संवातनको व्यवस्था नभएको पाइयो । केहीमा झ्यालको सङ्ख्या कम र संवातन समेत उचित सङ्ख्यामा नभएको पाइयो ।

समुदायमा आधारित बालविकास केन्द्रको भवन जिर्ण अवस्थामा रहेका साथै झ्याल ढोका र सम्बातनको अवस्था अत्यन्त नाजुक रहेकाले तत्कालै भवन संरचना सहित झ्याल ढोका र सम्वातनको अवस्थामा सम्वन्धित सरोकारवाला पक्षले चासो लिइ सुधार गर्नुपर्ने र विद्यालयमा आधारीत बालविकास केन्द्रमा पनि उपयुक्त साइज तथा संख्यामा झ्याल ढोका र सम्वातनको व्यवस्था नभएकाले त्यसमा समेत तत्कालै सुधार गर्नुपर्ने देखिएको छ ।

### ४.१.३ फर्निचरको अवस्था

बालविकास केन्द्रमा आउने बालबालिकाहरु धेरै साना उमेरका हुन्छन् । उनीहरुका लागि मौसम अनुसार उपयुक्त बसाइ व्यवस्थापन गरिनुपर्दछ । बालबालिकाहरुलाई भुइको चिसो र फोहोर देखि टाढा राखी बसाइ व्यवस्थापन गर्न बालमैत्री फर्निचर, चकटी, कार्पेट वा हिटफोमको व्यवस्था गर्नुपर्दछ । उनीहरु सहज रुपमा कक्षाकोठामा बसि सिक्न मनपराउछन् ।

स्थलगत अध्ययन गरिएका बालविकास केन्द्रको बसाइ व्यवस्थापनलाई तलको तालिका अनुसार हेर्दा निम्नानुसारको अवस्था स्पष्ट देखियो ।

तालिका नं. ३ : फर्निचरको अवस्था

| क.सं. | बसाइ व्यवस्थापनको अवस्था | व्यवस्थापन आधार | | बसाइ व्यवस्थापन प्रतिशतमा | |
|---|---|---|---|---|---|
| | | समुदाय | विद्यालय | समुदायमा आधारित | विद्यालयमा आधारित |
| १ | डेक्सबेञ्च भएका | - | २ | - | २५% |
| २ | डेक्सबेञ्च नभएका गुन्द्री, चकटी तथा कार्पेटको व्यवस्था गरिएको | ४ | २ | ५०% | २५% |
| | जम्मा | ४ | ४ | ५०% | ५०% |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि बसाइ व्यवस्थापनको लागि फर्निचरको उपलब्धतालाई तालिकामा देखाईएको छ । उक्त तालिकालाई विश्लेषण गर्दा स्थलगत अध्ययन गरिएका ८ वटा बालविकास केन्द्रहरु मध्ये

समुदायमा आधारित चारैवटा कुनै पनि बालविकास केन्द्रमा फर्निचरको व्यवस्था देखिएन भने विद्यालयमा आधारित चारवटा बालविकास केन्द्र मध्ये २ वटामा फर्निचरको व्यवस्था गरिएको पाइयो । बाँकी २ वटामा फर्निचरको सट्टा गुन्द्री, चकटी, डफल्का तथा कार्पेट प्रयोग गरेको पाइयो । समुदायमा आधारित बालविकास केन्द्रमा समेत गुन्द्री, चकटी, डफल्का र कार्पेट प्रयोग गरेको पाइयो । यसबाट २५% बालविकास केन्द्रमा मात्र फर्निचरको व्यवस्था गरिएको बाँकी सबै ७५%मा फर्निचर नभएको पाइयो । समुदायमा आधारित मात्र रहेर हेर्दा १००% बालविकास केन्द्र मै फर्निचर नभएको र विद्यालयमा आधारित रहेर हेर्दा ५०%मा मात्र फर्निचरको व्यवस्था गरिएको पाइयो भने ५०%मा नभएको पाइयो । प्रयोग गरिएका फर्निचर बालमैत्री तथा उमेर अनुसारको नभएको पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा फर्निचरको व्यवस्था भएपनि बालमैत्री तथा उमेर अनुसार नभएको साथै समुदायमा आधारित बालविकास केन्द्रहरूमा चकटी, गुन्द्री र कार्पेटको व्यवस्था गरी बसाइव्यवस्थापन गरिएको भएता पनि उपयुक्त खालका आवश्यक सङ्ख्यामा बालमैत्री फर्निचर चकटी, हिटफर्म, तथा दिवा समयमा आराम गराउने खालका कपडाको विछ्यौना वा बाक्लो डफलका समेत पर्याप्त व्यवस्था गर्नुपर्ने देखिएको छ ।

### ४.१.४ खानेपानीको अवस्था

मानव जीवनको स्वस्थ जीवनको आधार स्वस्थ र शुद्ध खानेपानीको प्रयोगलाई समेत मान्न सकिन्छ । त्यस्तै बालविकास केन्द्रमा रहेका प्रत्येक बालबालिकाका लागि पर्याप्त मात्रामा सफा र सुरक्षित पिउने पानीको व्यवस्था हुनुपर्दछ । पिउने पानी जति स्वस्थ र किटाणुरहित हुन्छ त्यति नै उनीहरुको स्वास्थ राम्रो र निरोगी हुन्छ ।

अध्ययन अवलोकन गरिएका बालविकास केन्द्रहरुको खानेपानीको अवस्थालाई निम्न तालिकाद्वारा देखाइएको छ ।

तालिका नं. ४ : खानेपानीको अवस्था

| क्र.सं. | खानेपानीको स्रोत | खानेपानीको स्रोत सङ्ख्या | | खानेपानीको स्रोतको अवस्था | |
|---|---|---|---|---|---|
| | | समुदायमा | विद्यालयमा | समुदायमा | विद्यालयमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधारित | आधारित | आधारित | आधारित |
| १ | ट्युवेल/कल | ३ (३ वटा ट्युवेल) | २ (३ वटा ट्युवेल) | ३७.५% | २५% |
| २ | धारा | - | २ (४ वटा धारा) | - | २५% |
| ३ | खानेपानीको आफ्नै स्रोत नभएको | १ | - | १२.५% | - |
| | | | | | |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. ५ : खानेपानीको शुद्धताको अवस्था

| क.सं | शुद्धता परीक्षण | समुदायमा आधारित | | विद्यालयमा आधारित | |
|---|---|---|---|---|---|
| | | आर्सेनिक भएको | आर्सेनिक नभएको | आर्सेनिक भएको | आर्सेनिक नभएको |
| १ | आर्सेनिक परीक्षण भएको | - | ३ | - | ३ |
| २ | आर्सेनिक परीक्षण नभएको | - | - | - | - |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकाहरुका आधारमा समुदायमा आधारित ४ वटा बालविकास केन्द्रहरु मध्ये ३ वटामा प्रत्येक बालविकास केन्द्रमा एक एक वटा ट्युवेलहरु रहेको पाइयो भने एउटा बालविकास केन्द्रमा आफ्नै स्रोतको खानेपानीको व्यवस्था नभएको पाइयो । समुदायमा आधारित आफ्नै स्रोत भएका सबै बालविकास केन्द्रमा रहेको पानीको स्रोतको आर्सेनिक परीक्षण गरिएको र कुनैमा पनि आर्सेनिक नभएको पाइयो । एउटा बालविकास केन्द्रमा आफ्नै स्रोत नभएता पनि प्रयोग गर्ने गरिएको पानीको स्रोतको आर्सेनिक परीक्षण गरिएको र खानेपानीमा आर्सेनिक नभएको कुरा उक्त बालविकास केन्द्रकी स.का. नर्वदा अधिकारीबाट जानकारी पाइयो । त्यस्तै विद्यालयमा आधारित ४ वटा बालविकास केन्द्रहरुमा तिनवटाको आर्सेनिक परीक्षण गरिएको तर आर्सेनिक नभएको र एउटा बालविकास केन्द्रको पानीको स्रोत भने आर्सेनिक परीक्षण नगरी प्रयोग गर्ने गरिएको पाइयो ।

यसबाट अध्ययन गरिएका बालविकास केन्द्र को खानेपानीको स्रोतको अवस्थालाई विश्लेषण गर्दा ६२.५%मा ट्युवेलको व्यवस्था गरिएको २५%मा धाराको व्यवस्था गरिएको र १२.५% मा

खानेपानीको आफ्नो स्रोत नभएको पाइयो । विद्यालयमा आधारित १००% सबैमा खानेपानीको लागि व्यवस्था भएको तर समुदायमा आधारित ७५%मा मात्र खानेपानीको प्रबन्ध गरिएको पाइयो । शुद्धताको आधारमा ८७.५% बालविकास  केन्द्रको पानी खानयोग्य र शुद्ध रहेको तर १२.५% बालविकास केन्द्रको खान योग्य नभएको पाइयो ।

सवै बालविकास केन्द्रहरुमा उपयुक्त मात्रामा खानेपानीको व्यवस्था नभएको, खानेपानी नियमित परीक्षण गर्ने व्यवस्था नगरिएको, बालबालिकालाई बालविकास केन्द्र भवन भित्रै खानेपानीको व्यवस्था नगरिएको अवस्थामा तत्कालै ट्युवेल र कलको सट्टा धाराको प्रयोग गरेर कोठा भित्रै फिल्टरको व्यवस्था गरी सवै बालविकास केन्द्रहरुमा अनिवार्य रुपमा शुद्ध खानेपानीको व्यवस्था गर्नु जरुरी देखिन्छ ।

## ४.१.५ शौचालयको अवस्था

बालविकास केन्द्रमा आउने बालबालिका सानो उमेरका हुने र उनीहरुलाई शरीरबाट निस्कने शारीरिक बिकार निश्चित ठाउँमा फाल्ने बानीको विकास गराई वातावरणीय पक्षलाई स्वच्छ र सफा बनाउन प्रत्येक बालविकास केन्द्रमा शौचालयको व्यवस्था गर्नु जरुरी छ ।

अवलोकन गरिएका बालविकास केन्द्रहरुको शौचालयको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : शौचालयको अवस्था

| क.सं. | शौचालयको अवस्था | बालविकास केन्द्र आधार | | शौचालय भित्र पानीको व्यवस्था गरिएको | | बालबालिका र शिक्षक छुट्टा/छुट्टै जाने | |
|---|---|---|---|---|---|---|---|
| | | समुदाय | विद्यालय | समुदाय | विद्यालय | समुदाय | विद्यालय |
| १ | पक्की | २ | ३ | - | २ | - | १ |
| २ | अर्धपक्की | १ | १ | - | १ | - | - |
| ३ | कच्ची | १ | - | - | - | - | - |
| | जम्मा | ४ | ४ | - | ३ | - | १ |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकाको आधारमा अध्ययन गरिएका सबै बालविकास केन्द्रहरुमा शौचालयको व्यवस्था गरिएको पाइयो । बालविकास केन्द्रहरु मध्ये ५ वटामा पक्की शौचालय, दुईवटामा अर्धपक्की शौचालय र एउटा कच्ची शौचालय रहेको पाइयो । जसमा समुदायमा आधारित २ वटामा पक्की, एउटामा अर्धपक्की र एउटामा कच्ची शौचालय रहेको पाइयो त्यस्तै विद्यालयमा आधारित ४ मध्ये तीनवटामा पक्की शौचालय र एउटामा अर्धपक्की रहेको पाइयो । शौचालय भित्र पानीको व्यवस्था भने विद्यालयमा आधारित ३ वटामा मात्र रहेको पाइयो भने अन्यमा बाहिरबाटै पानी लिई जानुपर्ने अवस्था देखियो । बालबालिका र शिक्षकको छुट्टा/छुट्टै शौचालय विद्यालयमा आधारित एउटा बालविकास केन्द्रमा मात्र पाइयो भने बाँकी सबैमा शिक्षक र बालबालिकाले एउटै शौचालय प्रयोग गर्ने गरिएको पाइयो ।

नमुना छनौटमा परेका कतिपय बालविकास केन्द्रहरुमा पक्की शौचालय भएपनि शौचालय भित्रै पानीको व्यवस्था गर्ने नगरेको साथै कतिपयमा कच्ची शौचालय र कुनैमा शौचालय नै नभएको अवस्था देखिन्छ । बालविकास केन्द्रका बालबालिकाहरु अत्यन्त साना हुनाले उनीहरुलाई बालविकास केन्द्र नजिकै उपयुक्त खालको शौचालय व्यवस्था गर्नुपर्ने, शौचालय भित्रै पानीको व्यवस्था गर्नु पर्ने साथै बालबालिकाका लागि छुट्टै पक्की शौचालयको व्यवस्था गर्नुपर्ने हुँदा सम्बन्धीत सरोकार पक्षले तत्कालै यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.१.६ खेलमैदानको अवस्था

बालबालिकाहरु खेल खेल्न मनपराउछन्। बालविकास केन्द्रमा आउने बालबालिकाको उमेर समूहलाई खेल उमेर समूह पनि भन्ने गरिन्छ। तसर्थ उनीहरुलाई कक्षाकोठा बाहेक खेल मैदानको पनि आवश्यक पर्दछ। अध्ययन गरिएका बालविकास केन्द्रहरुको खेलमैदानको अवस्थालाई अवलोकन गर्दा पाइएको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७ खेलमैदानको अवस्था

| क.सं. | खेलमैदानको अवस्था/उपलव्धता | खेलमैदान अवस्था (वा.वि.के मा) | | खेलमैदान उपलब्धताको अवस्था प्रतिशत | |
|---|---|---|---|---|---|
| | | समुदायमा आधारित | विद्यालयमा आधारित | समुदायमा आधारित | विद्यालयमा आधारित |
| १ | पर्याप्त खेलमैदान भएको | - | २ | | २५% |
| २ | अपर्याप्त खेलमैदान भएको | ३ | २ | ३७.५% | २५% |
| ३ | खेलमैदान नभएको | १ | - | १२.५% | - |
| | जम्मा | ४ | ४ | | |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको उल्लेखित तथ्याङ्कका आधारमा २ वटा बालविकास केन्द्रहरुमा पर्याप्त खेलमैदान भएको पाइयो। त्यस्तै समुदायमा आधारित ३ वटामा अपर्याप्त खेलमैदान रहेको र एउटामा खेलमैदान नै नभएको पाइयो भने विद्यालयमा आधारित मध्ये २ वटामा पर्याप्त खेलमैदान रहेको र २ वटामा अपर्याप्त खेलमैदान रहेको पाइयो। विद्यालयमा आधारित बालविकास केन्द्रमा रहेका बालबालिकाका लागि छुट्टै खेलमैदान रहेको केन्द्र एउटा मात्र रहेको र बाँकी केन्द्रहरुमा ठूला साना सबै बालबालिकाको लागि अलग अलग खेलमैदान नभएको पाइयो। विद्यालयमा आधारित ३ वटा बालविकास केन्द्रमा सबै विद्यार्थीहरु एकै ठाउँ खेल्ने अवस्था देखिएकोले बालविकास केन्द्रका बालबालिकाहरुले सहज र सुरक्षित ढङ्गले खेल्ने अवसर नभएको पाइयो भने समुदायमा आधारित बालविकास केन्द्रमा अपर्याप्त खेलमैदान भएपनि सुरक्षाका हिसाबले राम्रो नै रहेको पाइयो।

नमुना छनौटमा परेका बालविकास केन्द्रहरुमध्ये विद्यालयमा आधारीत ५०% बालविकास केन्द्रहरुमा खेलमैदान प्रसस्त भएपनि बा.वि.के.का बालबालिकाहरुका लागि छुट्टै खेलमैदान नभएको धेरै जसो बा.वि.के.मा अपर्याप्त खेलमैदान भएको र कुनैमा खेलमैदान नभएकोले बालबालिकाका लागि खेल्ने ठाउँको अभाव देखिन्छ। सम्बन्धीत सरोकारवाला पक्षले बालबालिकाका लागि बालकेन्द्र नजीकै खेलमैदानको व्यवस्था गर्नुपर्ने र बालविकासकेन्द्र स्थापनाका लागि स्वीकृति दिदाँ स्वीकृति दिने निकायले खेलमैदान सहितको पूर्वाधार हेरेर मात्र स्वीकृति दिने व्यवस्था गर्नु जरुरी देखिन्छ।

### ४.१.७ घेरावाराको अवस्था

बालविकास केन्द्रका बालबालिकाहरुको सुरक्षाको लागि केन्द्र परिसरमा घेरावारा हुनु अनिवार्य मानिन्छ। यस उमेरका बालबालिकाहरु एकै ठाउँमा बसिरहन मन नपराउने तथा चञ्चले स्वभावका पनि हुने भएकोले उनीहरुको सुरक्षाका लागि केन्द्र छोडी बाहिर आफै जान नसक्ने गरी सुरक्षित घेरावाराको व्यवस्था गर्नुपर्दछ। साथै सडक बाटो नजिकै केन्द्र भएमा अझ यो चुनौतीपूर्ण हुन्छ। अध्ययन गरिएका बालविकास केन्द्रहरुको घेरावाराको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

तलिका नं. ८ : घेरावाराको अवस्था

| क.सं. | घेरावाराको विवरण | बालविकास केन्द्रको सङ्ख्या | | घेरावाराको अवस्था | |
|---|---|---|---|---|---|
| | | समुदाय | विद्यालय | समुदाय | विद्यालय |
| १ | पक्की | १ | २ | १२.५% | २५% |
| २ | काँडेतार | - | १ | - | १२.५% |
| ३ | बाँसको वेरा | १ | - | १२.५% | - |
| ४ | घेरावारा नभएको | २ | १ | २५% | २५% |

स्रोतः स्थलगत अध्ययन,२०७२

माथिको तालिकालाई अध्ययन गर्दा विद्यालयमा आधारित ५०% बालविकास केन्द्रमा पक्की घेरावारा रहेको छ भने २५% समुदायमा आधारित बालविकास केन्द्रमा पक्की घेरावारा रहेको छ। त्यस्तै १२.५% विद्यालयमा आधारित बालविकास केन्द्रमा काँडेतार (कुल बालविकास केन्द्रको) रहेको छ। समुदायमा आधारित १२.५% (कुल बालविकास केन्द्रको) मा बाँसको घेरावारा रहेको पाइयो।

त्यस्तै २५% समुदायमा आधारित बालविकास केन्द्रमा घेरावारा नभएको त्यस्तै १२.५% विद्यालयमा आधारित बालविकास केन्द्रमा समेत घेरावाराको व्यवस्था गरेको देखिदैन । सुरक्षाको दृष्टिकोणले काँडेतारको घेरावारा राम्रो मानिदैन भने बाँसको घेरावारा समेत सुरक्षित रुपमा लिइदैन । त्यस्तै घेरावारा नै नभ केन्द्र पूर्ण रुपमा असुरक्षित मानिन्छ । तुलनात्मक रुपमा समुदायमा आधारित भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रमा घेरावाराको अवस्था राम्रो देखिन्छ ।

नमुना छनौटमा परेका बा.वि.के. हरुको घेराबाराको अवस्था पूर्ण रुपमा उपयुक्त नभएको, काँढे तारको घेराबारा बालबालिकाका लागि जोखिमपूर्ण रहेको र बाँसको घेराबारा दर्विलो र भरपर्दो नहुने हुँदा बा.वि.के. भित्र रहेका बालबालिका तथा सामग्रीको सुरक्षाका लागि बा.वि.के. व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाले तत्कालै चासो राखि पक्की गेट सहितको घेरावाराको व्यवस्था गर्नु अत्यन्त जरुरी देखिन्छ ।

### ४.१.८ पोषणको अवस्था

बालविकास केन्द्रमा आउने बालबालिकाहरु विशेष गरी ३ देखि ५ वर्षउमेरका हुन्छन् । शारीरिक तथा मानसिक विकासका लागि दिनमा ४ वा ५ पटक उनीहरुले पोषिलो र यथेष्ट मात्रामा खाना खानु पर्दछ । तर धेरै बालबालिकाका अभिभावकहरु सबेरै काममा जानुपर्ने र लामो समयसम्म बालबालिकाको हेरचाह र खानपिनमा समय दिन नसक्ने हुँदा बालबालिकाको सर्वाङ्गीण विकासमा असर पर्ने हुन्छ । यसका लागि बालविकास केन्द्रमा आउने बालबालिकालाई पोषण ( खाना) को व्यवस्था गर्नुपर्ने स.का. तथा विद्यालयका शिक्षक शिक्षिकाको धारणा रहेका पाइयो ।

अवलोकनका क्रममा देखिएका पोषण व्यवस्थाको अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ९ : पोषणको व्यवस्था

| क.सं. | विवरण | सङ्ख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | | समुदाय | विद्यालय | समुदाय | विद्यालय |
| १ | बालबालिकालाई पोषणको व्यवस्था गर्ने | १ | १ | १२.५% | १२.५% |
| २ | बालबालिकालाई पोषणको व्यवस्था नगर्ने | ३ | ३ | ३७.५% | ३७.५% |

स्रोत: स्थलगत अध्ययन, २०७२

माथि उल्लेखित तालिकाको आधारमा अध्ययन गरिएका ८ वटा बालविकास केन्द्रहरु मध्ये १ समुदायमा आधारित र १ विद्यालयमा आधारित गरी २ वटा बालविकास केन्द्रमा मात्र बालबालिकालाई पोषणको व्यवस्था गरेको पाइयो । बाँकी ३ वटा समुदायमा आधारित र ३ वटा विद्यालयमा आधारित गरी ६ वटा बालविकास केन्द्रमा बालबालिकालई पोषणको व्यवस्था नभएको देखिन्छ । यी ६ वटा बालविकास केन्द्रमध्ये एउटा विद्यालयमा आधारित र दुईवटा समुदायमा आधारित बालविकास केन्द्रमा कहिले काँही मात्र खाजा ल्याउने व्यवस्था भएकोले त्यसलाई नियमित गराइएको छैन । त्यसैले यस्ता बालविकास केन्द्रलाई पोषणको व्यवस्था नगर्ने रुपमा राखिएको छ । पोषणको व्यवस्था भएका केन्द्रहरुमा ल्याइने पोषण घरमै बनाइएको नभई बजारबाट खरिद गरी ल्याइएको देखिएको छ । यसबाट पौष्टिक खानाको व्यवस्था भने भएको पाइदैन । यसबाट २५% केन्द्रमा मात्र पोषणको व्यवस्था गरेको र ७५% केन्द्रमा पोषणको व्यवस्था नभएको पाइयो । खाजा सम्बन्धित बालकेन्द्रमा खुवाउने गरेको यसका लागि अन्य श्रोतबाट नभै अभिभावकहरुले नै खर्च व्यहोर्ने गरेको पाइयो । यसका लागि सबै अभिभावहरुले नियमित खाजाको व्यवस्था गर्नुपर्ने कुरामा वि.व्य.स. सदस्य तथा स.का. हरुको जोड रहेको पाइयो ।

नमुना छनौटमा परेका बालवलिकाका लागि दिवा खाजा तथा पोषणको व्यवस्था नभएको भएका २ वटा केन्द्रमा पनि पोषणको व्यवस्था नियमित नभएकोले बालवालिकाहरू कमजोर भइ निस्क्रिय देखिने र सामान्य पढाइ तथा खेलकुद प्रति पनि चासो नदीएको देखिएकोले बा.वि के. लक्ष्य पुरा गर्न कठिन हुन्छ त्यसैले बालविकास केन्द्रमा अभिभावक तथा बा.वि.के. व्यवस्थापन समितिले नियमित रूपमा बालबालिकाका लागि पोषणको व्यवस्था गर्न चासो राख्नु पर्ने देखिन्छ ।

### ४.१.९ खेलकुद तथा सिकाइ सामग्रीको अवस्था

बालविकास केन्द्रमा आउने बालबालिकाहरु ३ वर्षदेखि ४ वर्ष उमेर समूहका हुने गर्दछन् । यो उमेर खेल समूहको उमेर हो । यस उमेरका बालबालिकाहरुले प्रत्यक्ष रुपमा हेरेर, छोएर, खेलेर र सुनेर नै धेरै कुराहरु सिक्न सक्दछन् । त्यसैले यसका लागि प्रत्येक बालविकास केन्द्रमा विभिन्न किसिमका खेलसामग्रीहरु सिकाइ सामग्रीहरुको स्तर अनुसार पर्याप्त मात्रामा व्यवस्था गर्नुपर्ने हुन्छ । यसका साथै विभिन्न बालगीत, बालकथा, बालनाटक, चित्र, पोष्टर, श्रव्यदृश्य सामग्रीको रुपमा रेडियो, टिभीको उचित व्यवस्था गर्नुपर्दछ । यस्ता सबै सामग्रीको प्रयोग गर्न वा यसबाट मनोरञ्जन प्राप्त गर्न सकेमा केन्द्र छोडने दरमा धेरै कमी ल्याउन सकिन्छ । जसबाट बालबालिकाको शारीरिक, मानसिक, सामाजिक संवेगात्मक विकास गर्ने अवसर प्राप्त हुन्छ ।

अध्ययन गरिएका बालविकास केन्द्रहरुको खेलकुद तथा शैक्षिक वा सिकाइ सामग्रीको अवलोकन गरी प्राप्त खेलकुद तथा सिकाइ सामग्रीहरुको विवरण अनुसूचि ६ मा उल्लेख गरिएको छ ।

अनुसूचि ६ मा प्रस्तुत खेलकुद तथा सिकाइ सामग्रीको तालिका अनुसार प्राय सबै बालविकास केन्द्रहरुमा खेलकुद तथा सिकाइ सामग्रीहरु सामान्य सङ्ख्यामा नै भेटियो । बालबालिकाहरुलाई अक्षर तथा शब्दहरु चिनाउन प्रयोग गरिने क,ख, अ,आ, A,B,C,D तथा 1,2 जस्ता चार्टहरु र शव्दपत्ती तथा अक्षरपत्तीहरु सबै बालविकास केन्द्रहरुमा राखिएको पाइयो त्यस्तै अक्षर चिनाउने डोमिनो भने २ वटा बालविकास केन्द्रहरुमा मात्र देखियो । फलफूलका नमूना, घडी, विभिन्न चित्रहरु पनि धेरै वा थोरै सङ्ख्यामा सबै बालविकास केन्द्रहरुमा भेटियो भने जोड घटाउ वा गुणन भाग सिकाउन प्रयोग गरिने एवाकस भने ३ वटा बालविकास केन्द्रहरुमा मात्र देखियो भने यसको प्रयोग पनि भएको पाइयो । मादल चारवटा बालविकास केन्द्रमा मात्र भेटियो भने क्यालेण्डर सबै बालविकास केन्द्रहरुमा राखिएको पाइयो । भित्ते लेखनबाट समेत बाल बालिकाहरुलाई सिकाउन सकिने हुनाले चारवटा बालविकास केन्द्रहरुका बालकक्षाहरुमा भित्तेलेखन समेत गरेको पाइयो भने अन्य चारवटामा भने भित्ते लेखनको व्यवस्था गरेको पाइएन । बालबालिकाहरुलाई सिकाइ सामग्रीको साथै खेलकुद सामग्रीहरु समेत आवश्यक पर्ने हुँदा सबै बालविकास केन्द्रहरुमा रीङ, स्किपिङ तथा बल (ठूलो, सानो) को समेत व्यवस्था गरेको पाइयो ।

समुदायमा आधारित बालविकास केन्द्रहरुमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था केही सुदृढ देखियो । चार्टहरु प्राय जनावर तथा चराचुरुङ्गी र अक्षर तथा अङ्क चार्टहरु रहेको पाइयो भने खेलौना तथा काठका सामग्रीहरु समेत सबै बालविकास केन्द्रहरुमा भेटियो । नक्साहरुमा नेपालको नक्सा तथा विश्वको नक्सा विद्यालयमा आधारित बाल विकास केन्द्रहरुमा भेटियो । प्रगति बालविकास केन्द्रको भवनको अवस्था नाजुक भएका कारण ढोकाको व्यवस्था राम्रो नभएको र स.का. नर्वदा अधिकारीले ठूलो झोलामा त्यस्ता सामग्रीहरु घरबाटै आफूले ल्याउने र लाने गर्नुपरेको हुँदा सामानहरु हराउने र क्षति हुने समस्या रहेको बताउनुभयो । तीनवटा बालविकास केन्द्रहरुमा सामान्य प्राथमिक उपचारका सामग्रीहरु ( First Aid) राखेको पाइयो । प्रगति बालविकास केन्द्र बाहेक सबैमा कालो वा सेतो पाटी राखी प्रयोग गरेको पनि पाइयो ।

बालबालिका सङ्ख्याको आधारमा खेलकुद तथा सिकाइ सामग्रीहरुको व्यवस्था गर्नुपर्नेमा कुनै पनि बालविकास केन्द्रहरुमा यथेष्ट मात्रामा सामग्रीको व्यवस्था भने गरेको पाइएन ।

बालविकास केन्द्रहरुमा भएका खेलकुद तथा सिकाइ सामग्री विवरण अनुसूचि ६ मा प्रस्तुत गरिएको छ ।

नमुना छनौटमा परेका बालविकास केन्द्रहरूमा पर्याप्तमात्रामा खेलकुद तथा सिकाइ सामग्रीहरूको अभाव देखिन्छ । यो उमेर खेल उमेर भएकाले बालविकास केन्द्रहरूमा खेलकुद तथा रमाइला सिकाइ सामग्रीको व्यवस्था गर्नु जरुरी देखिन्छ यसका लागि सम्वन्धित सरोकार पक्षले तत्कालै चासो दिइ व्यवस्था गर्नु पर्ने देखिएको छ ।

### ४.१.१० भौतिक सामग्रीको रेखदेख र सुरक्षा सम्बन्धि व्यवस्था

अध्ययनमा गरिएका बालविकास केन्द्रहरुको भौतिक पक्षको रेखदेख तथा सुरक्षा व्यवस्थाको जिम्मा विभिन्न पक्षले लिएको पाइएको छ । बालविकास केन्द्रको सुरक्षाको जिम्मेवारी सम्बन्धित स.का. तथा व्यवस्थापन समिति, प्र.अ. तथा शिक्षकहरुमा रहेको छ भने कतिपय बालविकास केन्द्रको भौतिक पक्षको सुरक्षामा स्थानीय समुदाय तथा गैर सरकारी संस्थाले पनि सहयोग गरेको पाइएको छ । अध्ययन गरिएका बालविकास केन्द्रहरुको भौतिक पक्षको रेखदेख तथा सुरक्षामा निम्न क्षेत्रको भूमिका रहेको पाइयो ।

तालिका नं. १० : भौतिक सामग्रीको रेखदेख र सुरक्षा सम्बन्धी व्यवस्था

| क्र.सं. | रेखदेख तथा सुरक्षा गर्ने निकाय | बा. वि के. सङ्ख्या | | बा. वि के. (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | | समुदाय | विद्यालय | समुदाय | विद्यालय |
| १ | विद्यालय व्यवस्थापन समिति | | ४ | | ५०% |
| २ | स्थानीय समुदाय | ३ | | ३७.५% | |
| ३ | गैर सरकारी संस्था र स्थानीय समुदाय | १ | | १२.५% | |

श्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा उल्लेखित भौतिक समग्रीको रेखदेख र सुरक्षा सम्बन्धी व्यवस्थालाई विश्लेषण गर्दा विद्यालयमा आधारित बालविकास केन्द्रहरुको भौतिक पक्षको व्यवस्थापन गर्न सरकारी तथा गैर सरकारी संस्था तथा निकायहरुको भूमिका रहेता पनि यसको रेखदेख तथा भौतिक पक्षको सुरक्षाको जिम्मेवारी बालकेन्द्र रहेको विद्यालयको व्यवस्थापन समितिमा दिइएको पाइयो । बालविकास केन्द्रहरुको छुट्टै समिति नरहेको पाइएकोले विद्यालयमा आधारित रहेका बालविकास

केन्द्रहरुको भौतिक पक्षको सुरक्षाको प्रमुख दायित्व सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको रहेको पाइयो । समुदायमा आधारित बालविकास केन्द्रको भौतिक पक्षको सुरक्षाको दायित्व ३ वटा बालविकास केन्द्रहरुमा स्थानीय समुदायको रहेको पाइयो भने एउटा बालविकास केन्द्रको भौतिक पक्षको सुरक्षा स्थानीय समुदाय र गैर सरकारी संस्था सेतो गुराँशको रहेको पाइयो । यस तथ्याङ्क अनुसार ५०% बालविकास केन्द्रको भौतिक सामग्री सुरक्षाको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिमा रहेको, ३७.५% बालविकास केन्द्रको जिम्मेवारी स्थानीय समुदायमा रहेको र १२.५% बालविकास केन्द्रको भौतिक पक्षको सुरक्षा गर्ने दायित्व स्थानीय समुदाय र गैर सरकारी संस्थामा संयुक्त रुपमा रहेको पाइयो ।

बा.वि.के.को भौतिक संरचनाहरु कमजोर नै देखिएकाले त्यस भित्रका अन्य भौतिक वस्तुको सुरक्षामा समेत कठिनाइ देखिन्छ । यसका लागि सम्बन्धीत बालविकास केन्द्र व्यवस्थापन समिति तथा अभिभावकले बढि चासो लिई नियमित रुपमा केन्द्रको सुरक्षाको लागि उचित व्यवस्था गर्नु जरुरी देखिन्छ ।

### ४.१.११ कक्षा व्यवस्थापनको अवस्था

बालबालिकाहरुको सिकाइलाई मनोरञ्जनपूर्ण र आकर्षक बनाउन कक्षाकोठाको व्यवस्थापन राम्रो हुनुपर्दछ । कक्षाकोठाको भुईको अवस्था, वरिपरिको दिवालको अवस्था, आकर्षक शैक्षिक तथा सिकाइ सामग्रीहरुको रखाइ व्यवस्था, कक्षाकोठामा बत्ती तथा फेनको व्यवस्था, कालोपाटी वा सेतोपाटीको व्यवस्था, कक्षाकोठामा बसाइ व्यवस्थापन उज्यालो तथा हावा आवागमनको व्यवस्था, सरसफाइको अवस्थाले कक्षाकोठा व्यवस्थापनलाई समेट्दछ ।

अध्ययन गरिएका बालविकास केन्द्रहरु मध्ये २ वटा बाहेक सबैमा भूईमा प्लाष्टर गरी कार्पेट, गुन्द्रीको व्यवस्था भएको र डेक्सबेञ्च समेतको व्यवस्था भएको, दुईवटा बालविकास केन्द्रमा भुईमा ढलान नभई नमिलेको सतह रहेकोले बसाइमै समस्या, बालविकास केन्द्रहरु मध्ये ६ वटामा भित्तामा शैक्षिक सामग्रीहरु राखिएको, ४ वटा बालविकास केन्द्रहरुमा बत्तीको व्यवस्था नभएको, ४ वटामा बत्तीको व्यवस्था भएको, २ वटामा फेनको समेत व्यवस्था भएको पाइयो । २ वटा बालविकास केन्द्र बाहेक ६ वटामा डेक्सबेञ्च नभएको तर कार्पेट तथा गुन्द्री प्रयोग गरिएको, तीनवटा बालविकास केन्द्र बाहेक पाँचवटा बालविकास केन्द्रको कक्षाकोठा साँघुरो र उपयुक्त साइजको नभएको पाइयो । सरसफाइको आधारमा सबै बालविकास केन्द्र सफा रहेपनि सुनाखरी बालविकास केन्द्र रहेको ठाउँमा नजिकै सुँगुरको खोर रहेकोले कक्षा कोठाको वातावरण राम्रो बन्न

नसकेको सो केन्द्रकी स.का. मनमायाँ राना मगर बताउनुहुन्छ । यी बाहेक अन्य बालविकास केन्द्रको कक्षा व्यवस्थापन सामान्य नै रहेको पाइयो ।

कक्षाकोठा आकर्षक नभएमा सिकाइ प्रभावकारी हुँदैन । त्यसैले अन्य कक्षा जस्तै बालविकास केन्द्रको कक्षाकोठा आकर्षक तथा सुरक्षित हुन जरुरी हुन्छ । यसका लागि केन्द्र व्यवस्थापन समिति तथा अन्य सरोकारवाला पक्षले दातृ निकायसँग सम्पर्क समन्वयन गरी कक्षाकोठा व्यवस्थापनलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

### ४.१.१२ भौतिक पक्षमा सहयोग गर्ने निकायहरु

बालविकास केन्द्रको भौतिक व्यवस्थापनका लागि सम्बन्धित केन्द्र तथा सामुदायले मात्र सम्भव नहुन सक्छ । यसका लागि अन्य सरकारी तथा गैर सरकारी सहयोगी निकायहरुसँग आश्रित रहुनपर्ने स्थिति देखिन्छ । अध्ययन गरिएका बालविकास केन्द्रहरु सञ्चालन गर्न निम्न सहयोगी निकायहरुले सहयोग पुऱ्याएको देखिन्छ ।

तालिका नं. ११ : भौतिक पक्षमा सहयोग गर्ने निकायहरु

| क्र.सं | बालविकास केन्द्रको नाम | सहयोगी निकायहरु |
|---|---|---|
| १ | हर्क स्मृति बा.वि.के पथरी-९ | स्थानीय समुदाय, सेतोगुराँस गा.वि.स., सामुदायिक वन (चौतारी) |
| २ | प्रगति बा.वि.स क. शनिश्चरे-३ | गा.वि.स., जि.शि.का, स्थानीय समुदाय |
| ३ | नवदुर्गा बा.वि.के. हसन्दह-३ | गा.वि.स., सेतोगुरास/प्लान, स्थानीय समुदाय |
| ४ | क्षितिज बा.वि.के. बयरवन-४ | गा.वि.स., जि.वि.स., जि.शि.का, स्थानीय समुदाय, प्लान नेपाल |
| ५ | सुनाखरी बा.वि.के. पथरी- | गा.वि.स., जि.शि.का., सेतोगुराँस |
| ६ | भागिरथाबा.वि.के. शनिश्चरे-८ | गा.वि.स., जि.शि.का., सेतोगुराँस |
| ७ | शिक्षा सदन बा.वि.के. हसन्दह-६ | गा.वि.स., सम्बन्धित विद्यालय, प्लान नेपाल |
| ८ | जनकल्याण बा.वि.के. बयरवन-९ | गा.वि.स., जि.शि.का. सम्बन्धित विद्यालय |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि उल्लोखित विवरणहरुका आधारमा सयमुदायमा आधारित बालविकास केन्द्रहरुमा सहयोगी निकायहरुमा स्थानीय समुदाय, गा.वि.स जि.वि.स., सेतोगुराँस, प्लान नेपाल, सामुदायिक

वन समूह तथा स्वयं बालबालिकाका अभिभावक समेत रहेका छन् भने विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा सम्बन्धित विद्यालय, गा.वि.स., जि.वि.स., जि.शि.का, सेतोगुराँस, प्लान नेपालको सहयोगी भूमिका रहेको देखिन्छ । यो क्षेत्रभित्र पर्ने अन्य बालविकास केन्द्रहरुको सहयोगी भूमिका पनि यिनै आधारहरु अनुसार नै रहेको विभिन्न छलफल तथा व्यक्तिगत भेटघाटका आधारमा स्पष्ट भएको छ ।

बालविकास केन्द्र सञ्चालनका लागि आवश्यक सामग्रीको व्यवस्थापनको लागि हालको स्रोतको व्यवस्थापनको अवस्था प्रयाप्त नदेखिएको र सहयोगी कार्यकर्ताको पारिश्रमिक समेत अत्यान्त न्युन भएकाले केन्द्र सञ्चालनमा चासो कम देखिन्छ । यसका लागि बालविकास केन्द्र व्यवस्थापन समितिले आर्थिक स्रोतका अन्य क्षेत्र खोजि गरी स्थानिय अभिभावक, स्थानिय निकाय र अन्य दातृ संघसंस्थासँग नियमित सम्पर्क र समन्वयन गरी अघि बढ्नु जरुरी देखिएको छ ।

## ४.२ बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन प्रति सरोकारवालाको चासो

बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार दरिलो र दर्विलो भएमा मात्र त्यस्ता केन्द्रहरु व्यवस्थित भएको मानिन्छ । बालविकास केन्द्रमा सामग्रीहरु पर्याप्त मात्रामा भएर मात्र पुग्दैन त्यसको उचित प्रयोग तथा सुरक्षित व्यवस्थापन पनि त्यत्तिकै जरुरी हुन्छ । बालविकास केन्द्रको भवनका साथै कक्षाकोठा व्यवस्थापन बालमैत्री र आकर्षक बनाउनुपर्दछ । उनीहरुलाई खानेपानीको उचित प्रबन्ध, शौचालयको राम्रो व्यवस्था, पोषणको व्यवस्था, भवन भित्र बसाइको राम्रो व्यवस्थापन, झ्याल ढोका तथा संवातनको राम्रो व्यवस्था, उज्यालो प्रकाश तथा सिकाइ सामग्रीहरुको व्यवस्था र प्रयोग, खेलमैदानको यथेष्ट र सुरक्षित व्यवस्था, घेरावाराको राम्रो प्रबन्ध, भौतिक सामग्रीको रेखदेख र सुरक्षा सम्बन्धी व्यवस्था, बालकेन्द्र व्यवस्थापनमा आवश्यक स्रोत सामग्रीहरुको व्यवस्थाको स्रोत जस्ता पक्षहरुमा उचित ध्यान पुऱ्याउनु जरुरी हुन्छ । यस्ता व्यवस्था पश्चात् मात्र बालबालिकाहरुको सर्वाङ्गीण विकास गराउन सम्भव हुन्छ ।

अध्ययनको क्रममा बालविकास केन्द्रको भौतिक व्यवस्थापन प्रति सरोकारवाला पक्षको चासोका सम्बन्धमा निम्न शीर्षकहरुमा रही विश्लेषण गरिएको छ ।

### ४.२.१ भवनको संरचना

अध्ययनमा परेका बालविकास केन्द्रहरुको भवनको संरचनाले समेत व्यवस्थापकीय प्रभाव पर्दछ । यसबाट सिकाइ क्रियाकलापमा समेत प्रभाव पारेको सम्बन्धित स.का. तथा व्यवस्थापन

समिति सदस्यहरु बताउँछन् । यसै सम्बन्धमा भागिरथाबालविकास केन्द्रका अध्यक्ष गङ्गा प्रसाद साँवा बताउनुहुन्छ,

> *"पक्की भवनमा सञ्चालित बालविकास केन्द्रमा घाम, पानी, हावाहुरीबाट बालबालिकाहरु र स.का. सुरक्षित रहने, विभिन्न किसिमका सर्प, भ्यागुता वा लामखुट्टेबाट समेत सुरक्षित रहने गरेको र कक्षाकोठा ठूलो भएमा कोठा भित्र समूह विभाजन, नाचगान तथा सामग्रीहरु राख्ने ठाउँको व्यवस्था भएको हुँदा बालबालिकाहरु दैनिक केन्द्र आउने गरेका छन् ।"*

यसै सम्बन्धमा प्रगति बालविकास केन्द्रका स.का. नर्वदा अधिकारी बताउनुहुन्छ,

> *"यस बालविकास केन्द्रमा बाँस वा काठको बेरा रहेको, बाँसको बेरा कतै लिपिएको अवस्थामा रहेको र कतै नलिपिएको अवस्थामा रहेको साथै मक्किएर बेरा नै भत्किने अवस्था देखिएकोले, सामग्रीहरु व्यवस्थापन कोठामै गर्न नसकेको, कोठामा ढुक्क भइ बस्ने अवस्था नभएको, वर्षा याममा कक्षा नै नचल्ने गरेको र वर्षामा अभिभावकले बच्चाहरु नपठाउने गरेको अवस्था रहेको छ ।"*

माथि उल्लेखित भनाइ अनुसार बालविकास केन्द्रका कोठाहरु सुरक्षित नभएको, कोठा चुहिने तथा सामग्रीहरु ल्याउने लाने गर्नुपरेकोले सामग्रीहरु हराउने समेत गरेको देखिछ । अध्ययन गरिएका समुदायमा आधारित बालविकास केन्द्रहरु मध्ये २ वटा कच्ची अवस्थामा देखिएकोले भवनको व्यवस्थापकीय अवस्था समुदायमा आधारित बालविकास केन्द्र विद्यालयमा आधारित बालविकास केन्द्रहरु तुलानात्मक रुपमा राम्रो देखिन्छ ।

### ४.२.२ भवनको झ्याल, ढोका र संवातन व्यवस्था

बालविकास केन्द्रहरुको भवनको संरचनाले मात्र यसको प्रभाव राम्रो हुँदैन । भवनमा भएका कक्षाकोठामा रहेका झ्याल, ढोका र संवातनको अवस्था समेत सुदृढ हुनुपर्दछ । यसै सम्बन्धमा क्षितिज बालविकास केन्द्रका अभिभावक मनिष चौधरी बताउनुहुन्छ,

कमजोर कक्षाकोठा, भवन संरचना, झ्याल ढोकाको राम्रो व्यवस्था नभएको कक्षाकोठामा प्रकाशको व्यवस्था राम्रो नभएको, हावा राम्ररी खेल्न नपाउने, कालोपाटीको राम्रो व्यवस्था नभएको हुँदा बालकेन्द्रप्रति अभिभावक सहित अन्य सरोकारवाला पक्षको चासो कम रहेको छ ।

यसै सम्बन्धमा हर्क स्मृति बालविकास केन्द्रका अध्यक्ष खडानन्द न्यौपाने भन्नुहुन्छ,

*"बालविकास केन्द्रको भवन संरचना उपयुक्त कक्षाकोठा र झ्याल, ढोका र संवातनको राम्रो व्यवस्थाका लागि स्थानीय समुदाय, व्यवस्थापन समितिले मात्र चासो नदिइ सम्बन्धित अभिभावक, स्थानीय निकायहरु गा.वि.स., न.पा. तथा जि.वि.स. तथा गैह्रसरकारी संस्थाले समेत चासो लिई बालविकास केन्द्रको विकासमा सहयोग पुऱ्याउनुपर्छ ।"*

अध्ययनमा परेका बालविकास केन्द्रहरु मध्ये भवनको संरचनाको कारण उपर्युक्त झ्याल, ढोका र संवातनको व्यवस्थामा प्रभाव परेको देखियो । समुदायमा आधारित बालविकास केन्द्रहरुको अवस्था हेर्दा २ वटा बालविकास केन्द्रमा झ्याल तथा संवातनको व्यवस्था नै छैन । एउटा बालविकास केन्द्रमा ४ वटा झ्याल रहेको र संवातनको पनि व्यवस्था रहेको पाइयो । विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा भने झ्याल, ढोका र संवतनको अवस्था सुदृढ देखिन्छ । यसमध्ये एउटा बालविकास केन्द्रमा झ्यालको पल्ला नरहेको हुँदा वर्षायाममा भने कठिनाई देखिन्छ ।

कमजोर भवन संरचना सँगै झ्याल, ढोका र संवातनको व्यवस्था राम्रो नभएकोले बालबालिकाहरु नियमित आउने नगरेको समुदायमा आधारित बालविकास केन्द्रका स.का. नर्वदा अधिकारी बताउछिन् । यसबाट कोठामा प्रकाशको व्यवस्था राम्रो नभएको, हावा राम्ररी खेल्न नपाउने हुँदा क्रियाकलप सञ्चालन गर्न समेत कठिन भएको बालबालिकाका अभिभावक बताउँछन् । यसका लागि सम्बन्धित गा.वि.स. तथा जि.वि.स. र गैर सरकारी संस्थाले सहयोग गर्नुपर्ने हर्कस्मृति बालविकास केन्द्रका अध्यक्ष खडानन्द न्यौपाने बताउनुहुन्छ ।

यसरी समग्र विश्लेषण गर्दा बालविकास केन्द्रको झ्याल, ढोकाको साथै संवातन को व्यवस्थाले प्रत्यक्ष रुपमा व्यवस्थापकिय प्रभावका साथै बालबालिकाको सिकाइ तथा कक्षाकोठा व्यवस्थापनमा समेत कठिनाइ रहेको देखियो ।

### ४.२.३ बसाइ व्यवस्थापन

बालविकास केन्द्रहरुमा रहेका भवनको संरचना, झ्याल, ढोका र संवातनको साथै उपयुक्त बसाइ व्यवस्थापनका लागि बालमैत्री फर्निचर तथा कार्पेटको व्यवस्था हुन जरुरी हुन्छ । यसै सम्बन्धमा नवदुर्गा बालविकास केन्द्रकी स.का. मायाँ भण्डारी भन्नुहुन्छ,

बालकेन्द्रहरुमा बसाइ व्यवस्थापनका लागि भूईमा ओछ्याउने गुन्द्री वा चकटी पातला वा च्यातिएको अवस्थामा रहेका, बालमैत्री फर्निचरको व्यवस्था नभएका कारण कक्षा सञ्चालनमा

कठिनाई रहेको र सम्बन्धित अभिभावक, व्यवस्थापन समिति, गा.वि.स र अन्य सरकारी तथा गैह्र सरकारी निकायबाट पनि बालकेन्द्रप्रति खासै चासो रहेको छैन ।

यसै सम्बन्धमा क्षितिज बालविकास केन्द्रकी स.का. कान्ता कुमारी झा भन्नुहुन्छ,

*"भुँई ढलान भएका बालविकास केन्द्रमा ओछ्याउने कार्पेट तथा चकटीहरु धेरै पातलो र पर्याप्त मात्रामा नभएको चिसो मौसममा भूँईको चिसोको कारण बालबालिकाहरु विरामी पर्ने गरेको जसबाट बालबालिकाहरु नियमित रुपमा बालकेन्द्र नआउने गरेको अवस्था रहेको छ ।"*

माथि उल्लेखित भनाइको आधारमा बसाइ व्यवस्थापनका लागि बालमैत्री फर्निचर नभएको, वाक्ला कार्पेट तथा हिटफोमको प्रयोग नगरेको हुँदा सम्बन्धित सरोकारवाला पक्षहरुले बसाइ व्यवस्थापनका लागि उपयुक्त व्यवस्था गर्नु जरुरी रहेको देखिन्छ ।

अध्ययन गरिएका अन्य ६ वटा बालविकास केन्द्रहरुमा बसाइ व्यवस्थापनका लागि गुन्द्री, चकटी, कार्पेटको व्यवस्था गरेको पाइयो । २ वटा बालविकास केन्द्रमा बच्चाहरुलाई आराम गराउन बाक्ला डफल्काहरु समेत व्यवस्था गरेको पाइयो । दुइवटा बालविकास केन्द्रहरुमा भुई ढलान नभएको, भुइको सतह पनि मिलेको अवस्थामा नदेखिएकोले बसाइ व्यवस्थापनमा धेरै कमजोर भएको पाइयो । ती बाल केन्द्रहरुमा भुइमा ओछ्याउने गुन्द्री वा चकटी पनि पातला र च्यातिएको अवस्थामा देखिएको हुँदा कक्षा सञ्चालनमा कठिनाई रहेको र सम्बन्धित पक्षबाट खासै चासो नदिएको नवदुर्गा बालविकास केन्द्रकी स.का. मायाँ भण्डारी र अभिभावकहरुको गुनासो रहेको पाइयो । यसबाट बसाइ व्यवस्थालाई तुलनात्मक रुपमा हेर्दा समुदायमा आधारित बालविकास केन्द्र विद्यालयमा आधारित बालविकास केन्द्रभन्दा कमजोर देखिन्छ ।

## ४.२.४ खानेपानी व्यवस्थापन

मानव जीवनको स्वास्थ्य राम्रो बनाइराख्न खानेपानीको व्यवस्थाको महत्वपूर्ण भूमिका रहन्छ । त्यस्तै बालबालिकाहरुका लागि पनि स्वस्थ र शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्दछ ।
खानेपानी सम्बन्धमा जनकल्याण बालविकास केन्द्रका अध्यक्ष बद्रीप्रसाद भट्टराई भन्नुहुन्छ,

*"बालबालिकाका लागि स्वस्थ र शुद्ध खानेपानीको व्यवस्थाका लागि धाराको व्यवस्था गरिएको छ, २ वटा धारा मध्ये एउटा धाराको खानेपानी परीक्षण गरिएको छ भने अर्कोमा परीक्षण गरिएको छैन । यस उमेरका बालबालिकाहरु बढी खेलमा ध्यान*

*दिने, दौडिने, उफ्रने हुँदा पानीको सेवन बढी गर्नुपर्ने हुन्छ । त्यसैले केन्द्रमा स्वस्थ खानेपानीको उचित व्यवस्था गर्न सकिएको छैन ।"*

यसै सम्बन्धमा सुनाखरी मा.वि.का प्र.अ. केशव शर्मा बताउनुहुन्छ,

*केन्द्रमा खानेपानीको उपयोगको लागि आर्सेनिक परीक्षण गरिएको छ, बालबालिकाले खानेपानी उपभोग गर्न सिधै ट्यूवेलमा गएर खानुपर्ने व्यवस्थाले भने केही कठिनाइ भएको छ । वर्षायाममा भने उपचार नगरिएको पानीले बालबालिकामा टाइफाइड, जुका, चुर्ना तथा आउँ पर्नाले बालबालिका नियमित रुपमा बालविकास केन्द्रमा आउन सकेका छैनन् ।*

माथि उल्लेखित अवस्थालाई हेर्दा विद्यालयमा आधारित भन्दा समुदायमा आधारित बालविकास केन्द्रको खानेपानी शुद्ध र पिउन लायक देखिन्छ । बालविकास केन्द्रहरुमा जग, गिलास, पानी राख्ने भाडो तथा पिल्टरको प्रयोग नगरिएकोले बालबालिकाहरुलाई सहज तरिकाले पिउने पानीको व्यवस्था गर्न सरोकार बाला पक्षले खासै चासो राखेको पाइदैन ।

### ४.२.५ शौचालय व्यवस्थापन

बालविकास केन्द्रमा अन्य पक्ष मजवुत भएपनि शौचायको व्यवस्था राम्रो नभएमा उक्त केन्द्रमा सरसफाइको अवस्था कमजोर हुन्छ । अध्ययन गरिएका बाल विकास केन्द्रहरुमध्ये ५ वटा बालविकास केन्द्रमा पक्की शौचालय रहेको पाइयो । जसमा २ वटा समुदायमा आधारित र ३ वटा विद्यालयमा आधारित रहेका छन् । त्यस्तै २ वटा अर्धपक्की शौचालय रहेको जसमा एक समुदायमा आधारित र एक विद्यालयमा आधारित रहेको छ । त्यस्तै अर्को एक बालविकास केन्द्रमा भने कच्ची शौचालय रहेको पाइयो । यसै सम्बन्धमा प्रगति बालविकास केन्द्रकी अध्यक्ष मायाँ लिम्बु भन्नुहुन्छ ,

*यस बालविकास केन्द्रमा कच्ची शौचालय रहेकोले बर्षायाममा कठिनाइ परेको, शौचालय बाँसको बेरा वरिपरि प्लाष्टिकले बेरिएको र खाल्डो समेत व्यवस्थित नभएकोले बर्षायाममा बालबालिकाहरु तथा स.का. शौचालय जानै नसक्ने अवस्था रहेको छ । यसको उचित व्यवस्थाप्रति सम्बन्धित सरोकारवाला पक्षले चासो दिन जरुरी रहेको छ ।*

त्यस्तै शौचालय व्यवस्थाको सम्बन्धमा सुनाखरी बालविकास केन्द्रका अभिभावक फुलोदेवी शाह भन्नुहुन्छ,

> *बालविकास केन्द्रका बालबालिकाहरुलाई शौचालय गएर आएपछि साबुन पानीले हात धुनका लागि आवश्यक व्यवस्था गरिएको छैन, बच्चाहरुले त्यस्तै हातले खानेकुरा खाने गरेकाले बिरामीसमेत पर्ने गरेका छन् । शौचालय समेत बालमैत्री नभई अग्लो बनाइएको कारण यदाकदा शौचालय बाहिर पनि बालबालिकाले फोहोर गर्ने गरेका छन् ।*

माथि उल्लेखित भनाइका आधारमा बालविकास केन्द्रहरुमा बालबालिकालाई शौचालय गएर आएपछि साबुन पानीले हात धुने व्यवस्था भने कतै गरेको पाइएन । यसबाट बच्चाले त्यस्तै हातले खानुपर्ने अवस्था रहेकोले विरामी समेत पर्ने गरेको, शौचालयको ढोकाको व्यवस्था राम्रो नरहेको र शौचालय समेत अग्लो बनाइएको कारण शौचालय व्यवस्थापन बालमैत्री नभएको र दिशा पिसाब गर्नका लागि बाहिरै गएर शौचालय गर्ने गरेको हुँदा यदाकदा बच्चाहरु फोहोर अवस्थामा रहनु परेको देखिन्छ ।

### ४.२.६ खेलमैदान व्यवस्थापन

बालविकास केन्द्रमा आउने बालबालिकाहरु खेल उमेर समूहका हुन्छन् । उनीहरु धेरै जसो समय खेलेर रमाउन चाहन्छन् । खेलेर नै उनीहरु कुराहरु सिक्न सक्दछन् । यसका लागि बालविकास केन्द्रमा खेलमैदानको व्यवस्था पर्याप्त हुनुपर्दछ । यसै सम्बन्धमा भागिरथा उच्च मा.वि. का प्र.अ. डिल्लीराम दाहाल भन्नुहुन्छ,

> *“बालविकास केन्द्रमा खेलमैदान अपर्याप्त हुनाले खेल खेलाउने व्यवस्था अन्य विद्यार्थीसँग सामुहिक रुपमा सँगै गर्नुपरेको जसबाट साना बालबालिकालाई चोटपटक लाग्ने गरेको र सबै बालबालिका बीच आपसी सम्बन्ध सुधारमा वाधा पर्न गएको छ । यस अवस्थामा बालबालिकाहरु बीच खेल खेल्ने विषयमा झगडा समेत हुने गरेकाले बालविकास केन्द्रका लागिछुट्टै खेलमैदानको व्यवस्था गर्नुपर्ने अवस्था आएको छ ।”*

त्यस्तै यसै विषयमा सुनाखरी बालविकास केन्द्रकी स.का. मनमायाँ राना मगर भन्नुहुन्छ,

*"बालविकास केन्द्रमा छुट्टै खेलमैदान नभएको कारणबाट केन्द्रमा बालबालिकाहरु कोठामै खुम्चिएर बस्नुपर्ने अवस्था भएकोले उनीहरुको शारीरिक मानसिक विकासमा वाधा पुगेको छ, यसबाट आपसी सम्बन्ध सुधारमा समेत आधात पुगेको छ । यसका लागि सम्बन्धित सरोकारबालाले चासो राख्नु जरुरी भएको छ ।"*

माथिको उल्लेखित भनाइको आधार र स्थलगत अध्ययनका आधारमा बालविकास केन्द्रहरुको खेलमैदानको अवस्थालाई हेर्दा विद्यालयमा आधारित २ वटा बालविकास केन्द्रहरुमा पर्याप्त खेलमैदानको व्यवस्था भएको पाइयो । यसबाट बालबालिकाहरु स्वतस्फूर्त रुपमा सहज तरिकाले एकै समयमा धेरै बालबालिकाले सँगसँगै खेल्ने मौका पाउने हुँदा उनीहरु बीच राम्रो सम्बन्ध विकास हुनपाएको देखियो । विद्यालयमा आधारित अन्य २ वटा र समुदायमा आधारित ३ वटा बालविकास केन्द्रमा खेलमैदान अपर्याप्त हुनाले खेल खेलाउने व्यवस्था सामुहिक रुपमा गर्नुपरेकाले साना बालबालिकाहरुलाई चोटपटक लाग्ने सम्भावना ज्यादै बढी रहेको र सबै बालबालिकाहरु बीच आपसी सम्बन्ध सुधार गर्न वा नजिकिने मौका नभएको पाइयो । जसबाट बालबालिका बीच खेल खेल्ने विषयमा झगडा समेत हुने गरेको स.का.हरु बताउँछन् । खेलमैदान फराकिलो भएमा खेलखेल्ने अवसर मिल्ने र खेलबाट उसमा शारीरिक, सामाजिक, संवेगात्मक तथा वैद्धिक विकासमा पनि सघाउ पुगेको पाइयो ।

### ४.२.७ घेरावारा व्यवस्थापन

बालबालिकाहरु स्वभावैले चञ्चले हुन्छन् । उनीहरु धेरै समय एकै ठाँउ बसिरहन सक्दैनन् । बालकेन्द्रका बालबालिकाहरु धेरै समय कक्षाकोठामा बसिरहदा पनि खेल्ने समयको पर्खाइमा बसीरहेका हुन्छन् जव उनीहरु कोठाबाट बाहिर निस्कन्छन् । दगुर्दै, उफ्रदै बालकेन्द्रको क्षेत्रभन्दा बाहिर पनि आउन सक्ने हुन्छन् यस्तो अवस्थामा दुर्घटना हुनसक्छ तसर्थ बालविकास केन्द्रको प्रभावकारिता सुरक्षा सँग पनि सम्बन्धित हुन्छ । यसका लागि भरपर्दो घेरावारको व्यवस्था हुनुपर्दछ ।

यसै सम्बन्धमा हर्क स्मृति बालविकास केन्द्रकी स.का. भिमा दाहाल (कार्की) भन्नुहुन्छ,

*"बालविकास केन्द्रमा बाँसको घेरावारा रहेको कारणबाट बालबालिकाको अभिभावकले सुरक्षित महसुस गरेका छैनन् यसको प्रभावबाट विद्यार्थीको नियमित उपस्थितिमा कमी आएको र सबैलाई सुरक्षित महसुस गराउने गर्दापनि अभिभावले*

*पूर्ण विश्वास गर्न सकेका छैनन् भने कुनै पनि किसिमको घेरावारा नभएको अवस्थामा सुरक्षाप्रति अभिभावकको विश्वास जित्न सम्भव नै हुदैन ।"*

यसै सम्बन्धमा सुनाखरी बालविकास केन्द्रकी स.का. मनमायाँ राना मगर भन्नुहुन्छ ,

*"बालविकास केन्द्रमा घेरावाराको रुपमा काँडे तारको व्यवस्था गरिएको तर बालबालिकाहरु खेल्ने कममा काँडेतारमा परी घाइते समेत हुने गरेकाले कठिनाइ भएको र अभिभावकहरु समेत बच्चा घाइते भएको कारण बालविकास केन्द्रमा उनीहरु सुरक्षित महसुस गर्न नसकेको कारण बालबालिकाको उपस्थीतमा समेत कमी आएको छ ।"*

माथि उल्लेखित भनाइ र अध्ययनको आधारमा ८ वटा बालकेन्द्रहरु मध्ये समुदायमा आधारित एक र विद्यालयमा आधारित २ वटा बालविकास केन्द्रमा पक्की घेरावारा गरेको पाइयो । यसबाट अभिभावकहरुमा सुरक्षित भएको भावना जागृत भएको र नियमित बालबालिका केन्द्रमा पठाउने गरेको स्वयं अभिभावकहरु बताउँछन् । त्यस्तै एउटा केन्द्रमा घेरावाराको रुपमा काँडेतारको व्यवस्था गरिएको तर बालबालिका सुरक्षित भएको महसुस गर्न कठिन भएको अवस्था रहेकोले सम्बन्धित सरोकारवालाले यस उपयुक्त घेरावाराको बारेमा चासो लिन जरुरी रहेको छ ।

### ४.२.८ पोषण व्यवस्थापन

विशेष गरेर बालविकास केन्द्रमा आउने बालबालिकाहरु ३ देखि ५ वर्ष उमेर समूहका हुने गर्दछन् । यो उमेर बालकको विकास र तीव्र वृद्धिको समय हो । यस उमेरमा बालबालिकाहरुलाई प्रसस्तै पोषणयुक्त खानाको आवश्यकता पर्दछ यसबाट उनीहरुको शारीरिक तथा मानसिक पक्षको विकासमा सहयोग पुग्दछ । यस समयमा खानाको अपर्याप्तता र पोषण युक्त खानाको अभावमा बालकको विकासमा आघात पुग्दछ । बढी समय खेल खेलेर बिताउने हुँदा पनि खानाको आवश्यकता पनि निरन्तर परिरहन्छ ।

यस सम्बन्धमा भागिरथा बालविकास केन्द्रका अध्यक्ष गङ्गा प्रसाद साँवा बताउनुहुन्छ,

*"बालविकास केन्द्रमा पहिले खाजाको व्यवस्था नभएको तर हाल आएर बालबालिकालाई दिवा खाजा खुवाउने व्यवस्था सँगै बच्चाहरुमा स्फूर्ति बढेको, खेल खेल्ने कार्यमा, सिकाइ कार्यमा तथा मनोरञ्जन कार्यमा बालबालिकाहरु सक्रिय भएको पाइएको साथै बालबालिकाको स्वास्थ्यमा समेत सुधार देखिएकोले उनीहरुको*

*उपस्थिति नियमित रहेको छ । यसका लागि सबै सरोकारवाला पक्षले चासो लिनु पनि उत्तिकै जरुरी छ ।"*

त्यस्तै यसै सम्बन्धमा प्रगति बालविकास केन्द्रकी स.का. नर्वदा अधिकारी भन्नुहुन्छ ,

*"बालविकास केन्द्रमा खाजा खुवाउने व्यवस्था नभएको जसका कारण बालबालिकाहरु बालकेन्द्र प्रवेश सँगै थाके जस्तो देखिने, सिकाइ प्रति निष्क्रय, खेल खेल्न छाड्ने कारणले उनीहरुको शारीरिक अस्वस्थता देखिने गरेको छ । यसबाट उनीहरुको शारीरिक तथा मानसिक विकासमा समेत उमेर अनुसार वृद्धि हुन नसकेको देखिन्छ ।"*

माथि उल्लेखित भनाइ र अध्ययनका आधारमा खाजा खुवाउने व्यवस्था नभएका बालकेन्द्रहरुमा बालबालिका नियमित हुने नगरेको र बारम्बार बिरामी पर्ने गरेको स.का. र स्वयं अभिभावकहरु बताउँछन् । यसबाट खाजा खुवाउने व्यवस्था नगरिएको खण्डमा वा पोषणको व्यवस्थान भएमा बाल बालिकाको भविष्य प्रति नकारात्मक प्रभाव पर्ने स्पष्ट हुन्छ ।

## ४.२.९ खेलकुद तथा सिकाइ सामग्री व्यवस्थापन

अध्ययन गरिएका सबै बालविकास केन्द्रहरुमा विशेष गरी अङ्क र अक्षरपत्ती, शब्द पत्ती, विभिन्न जनावर, चराचुरुङ्गी, अक्षर तथा अङ्क चार्ट, नेपाल तथा विश्वको नक्सा विभिन्न किसिमका चित्रहरु, घडी, फलफूलका नमूनाहरु, कालो वा सेतोपाटी जस्ता सिकाइ सामाग्रीहरु विभिन्न सङ्ख्यामा व्यवस्था गरिएको, डोमिनो, अवाकस, रेडियो, भित्तेलेखन जस्ता सामग्रीहरु सबै केन्द्रमा नभै केही केन्द्रमा मात्र व्यवस्था गरिएको रिङ, स्किपिङ, मादल वल जस्ता खेलकुद तथा मनोरञ्जन सामग्रीहरु पनि व्यवस्था गरेको पाइयो । यसै सम्बन्धमा शिक्षा सदन बालविकास केन्द्रकी स.का. होम कुमारी कार्की (बर्मा) बताउनुहुन्छ ,

*"बालविकास केन्द्रमा खेलकुद तथा सिकाइ सामग्रीको प्रयोगले बालबालिकालाई सिकाइप्रति उत्सुकता जगाउने भएतापनि एक बालविकास केन्द्रमा सिकाइ तथा खेलकुद सामग्रीको पर्याप्त व्यवस्था नभएकोले सिकाइ कार्य कठिन*

*भएको छ यस्ता सामग्रीको अभावमा बालबालिकामा बालबालिकामा सिकाइ प्रति वितृष्णा समेत देखिएको छ, यसका लागि सरोकारवाला पक्षले बेलैमा चासो लिई पर्याप्त सिकाइ तथा खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्ने भएको छ ।"*

यसै सम्बन्धमा क्षितिज बालविकास केन्द्रका अध्यक्ष लोकबहादुर कार्की भन्नुहुन्छ,

*"बालविकास केन्द्रमा खेलकुद तथा सिकाइ सामग्रीहरुको पर्याप्त व्यवस्था नभएकोले बालबालिकाहरु केन्द्रप्रतिआकर्षित नभई नियमित उपस्थिति नरहेको उनीहरुमा अल्छिपन र निष्कृयता दोंखिएको हुँदा तत्काल सिकाइ तथा खेलकुद सामग्रीको व्यवस्थाका लागि अभिभावक सहित अन्य सरोकाला बीचमा तत्काल छलफल गर्नु जरुरी भएको छ ।"*

माथिको भनाइ तथा अध्ययनका आधारमा बालविकास केन्द्रमा आउने बालबालिकाहरु सानो उमेरका हुनेभएकोले उनीहरु खेलौना, बल तथा अन्य खेल सामग्रीहरु सँग खेल्न मनपराउँछन् । विभिन्न खेलहरु खेल्दा खेल्दै उनीहरुले धेरै कुरा सिक्दछन् यसका लागि बाल केन्द्रहरुमा खेलकुद सामग्रीहरु, मनोरञ्जन सम्बन्धी सामग्रीहरु, अक्षर तथा अङ्क सिकाइ सामग्रीहरु, विभिन्न पुस्तकका नमूनाहरु तथा वाद्यवादनसँग सिकाइसँग सम्बन्धित अन्य सामग्रीहरु तथा श्रव्यदृश्य सामग्रीहरुको व्यवस्था गर्नुपर्दछ । यसका लागि स.का.हरुलाई सिकाइ समाग्री निर्माण तालिमको व्यवस्था गर्नुपर्ने र अन्य सम्बन्धित सरोकारबाला पक्षले समेत ध्यानदिनु जरुरी देखिन्छ ।

### ४.२.१० भौतिक सामग्रीको रेखदेख र सुरक्षाको व्यवस्था

बालविकास केन्द्रहरुमा जग्गा, भवन, कक्षाकोठा साथै खेलकुद सामग्री, सिकाइ सामग्री, घेरावारा लगायतका भौतिक पक्षहरुको व्यवस्था गरिएको हुन्छ । त्यस्ता सामग्रीहरुको रेखदेख र सुरक्षाको अभावमा सामग्रीहरु हराउने नासिने, भाँचिने र कामै नलाग्ने भई पुन:अर्को व्यवस्था गर्नुपरेमा वा निर्माण गनुपरेमा आर्थिक व्ययभार थपिन सक्छ । बालविकास केन्द्रले यस्तो व्ययभार लिन कठिन पर्दछ । यसका लागि भएका सबै भौतिक पक्षको सुरक्षाको जिम्मेवारी सम्बन्धित सरोकारवालहरुले लिनुपर्ने हुन्छ ।

यसै सम्बन्धमा शिक्षा सदन बालविकास केन्द्रका अध्यक्ष मित्रप्रसाद भट्टराई भन्नुहुन्छ,

*“विद्यालयमा आधारित बालविकास केन्द्रमा बालविकास केन्द्रको छुट्टै व्यवस्थापन समिति नरहेको र विद्यालयकै व्यवस्थापन समितिले बालकेन्द्रको समेत भौतिक सामाग्रीको रेखदेख तथा सुरक्षा गरिरहेको हुँदा यसका लागि आवश्यक समय र स्रोत उपलब्ध गराउन नसकेको कारणबाट बालविकास केन्द्रको छुट्टै व्यवस्थापन समिति निर्माण गरी बालकेन्द्रको रेखदेख तथा सुरक्षाको जिम्मा दिनुपर्ने भएको छ ।”*

यसै सम्बन्धमा हर्क स्मृति बालविकास केन्द्रकी स.का भिमा दाहाल (कार्की) बताउनुहुन्छ,

*“बालविकास केन्द्रमा गैह्र सरकारी संस्था (सेतो गुराँस) र स्थानीय समुदायको प्रयासमा यसको भौतिक पक्षको हेरचाह गर्ने र सुरक्षाको व्यवस्था गर्ने गरिएको छ तर दुई पक्षलाई यसको जिम्मेवारी दिइएको कारण कहिले काही बालविकास केन्द्रको सुरक्षा व्यवस्थामा चुनौती आउने गरेको, एकाअर्को पक्ष बीच दायित्व पन्छाउने कारणले दुवैको उपस्थिति नहुने गरेकोले बालविकास केन्द्रको सुरक्षामा समस्या देखिएको छ ।”*

माथि उल्लेखित भनाइका आधारमा बालविकास केन्द्रको भौतिक पक्षको सुरक्षा र हेरचाहको जिम्मेवारी बालकेन्द्र व्यवस्थापन समितिमा रहेतापनि विद्यालयमा आधारित बालविकास केन्द्रको छुट्टै समिति नहुदा समस्या पर्ने गरेको त्यस्तै बालविकास केन्द्रको भौतिक सामाग्रीको सुरक्षाको लागि समुदायमा आधारित बालविकास केन्द्रमा दराज, ऱ्याक, दर्विलो भवन, कक्षाकोठा र ढोकाको अवस्थापनि कमजोर हुनाले विद्यालयमा आधारित बालविकास केन्द्र समुदायमा आधारित बालविकास केन्द्र भन्दा केही दर्विलो देखिन्छ । यसका लागि दुवै किसिमका बालविकास केन्द्रको सुरक्षामा सम्बन्धित सरोकारबाला पक्षले अझ बढी चासो राख्नुपर्ने देखिएको छ ।

### ४.२.११ कक्षा व्यवस्थापन

सिकाइको केन्द्रविन्दु बालबालिकाहरु हुन् भने सिकाइ स्थलको केन्द्रविन्दु कक्षाकोठालाई मानिन्छ । कक्षाकोठाको व्यवस्थापन जति आकर्षक, बालमैत्री, खेलकुद तथा सिकाइ सामग्रीले भरिपूर्ण, फराकिलो, उपयुक्त बसाइ व्यवस्थापन, सुरक्षा प्रबन्ध, प्रकाश (उज्यालो) तथा हावादार हुन सक्यो त्यतिनै सिकाइको  प्रभावकारिता वृद्धि हुन्छ र बालबालिकाहरु केन्द्रप्रति आकर्षित हुन्छन्,

नियमित उपस्थिति रहन्छ र कक्षाकोठा व्यवस्थापनको प्रभाव देखापर्दछ । यसै सम्बन्धमा प्रगति बालविकास केन्द्रकी अध्यक्ष मायाँ लिम्बु भन्नुहुन्छ,

> *"बालविकास केन्द्रको भवनको संरचना कमजोर रहेको, झ्याल, ढोका र कक्षाकोठा सजाबट पनि कमजोर रहेको, बसाइ व्यवस्थापनका लागि समतल भुँइ र ओछ्याउने व्यवस्था नरहेको, खेल्कुदतथा सिकाइ सामाग्रीको सुरक्षा र भण्डारणको उचित प्रबन्ध नभएकोले यस बालविकास केन्द्रको कक्षा व्यवस्थापन धेरै नै कमजोर रहेको छ । यसका लागि सरोकारबाला अभिभावकहरुको समेत चासो धेरै न्यून रहेको छ ।"*

यसै सम्बन्धमा भागिरथाउच्च मा.वि.का प्र.अ. डिल्लीराम दाहाल भन्नुहुन्छ,

> *"केन्द्रको भवन संरचना, कक्षाकोठाको अवस्था, झ्याल ढोका तथा बिजुलीबत्तिको व्यवस्था राम्रो भएको कक्षाकोठामा अक्षर,अङ्क तथा शब्दहरु सिकाउन भित्ते लेखनको व्यवस्था गरिएको, सामाग्री सुरक्षाका लागि ठूलो टिनको बाकसको व्यवस्था गरिएको भएता पनि उपयुक्त साइजको कक्षाकोठा हुन नसकेको, भुईमा गुन्द्री, चकटी र कार्पेटको व्यवस्था भएता पनि उपयुक्त किसिमको हुन नसकेको खेलकुद तथा सिकाइ सामाग्रीको  व्यवस्था पर्याप्त गर्न नसकिएको कारणले उपयुक्त कक्षा व्यवस्थापन गर्न नसकिएको यसमा सरोकारबाला पक्षहरुले पनि खासै चासो नदिएको अवस्था रहेको छ ।"*

माथि उल्लेखित भनाइ र स्थलगत अध्ययनका आधारमा बालविकास केन्द्रहरुको अवस्थालाई नियाल्दा समुदायमा आधारित बालविकास केन्द्रको भवन संरचना, झ्याल ढोकाको व्यवस्था, कक्षाकोठाको साइज, सामाग्रीको सजावट तथा रखाइ व्यवस्था, विद्यार्थीको सहज बसाइ व्यवस्थामा कठिनाइ रहेको हुँदा उपयुक्त व्यवस्थापन हुन सकेको पाइएन । सिकाइ सामग्रीहरु निर्माण तथा व्यवस्था, खेलकुद सामग्रीको निर्माण तथा व्यवस्था भएपनि राख्ने ठाँउको अभाव र झुण्डयाउने व्यवस्था राम्रो नभएकोले कक्षाकोठा व्यवस्थापन उपयुक्त र प्रभाव नभएको पाइयो । खेलकुद तथा सिकाइ सामग्रीहरुको व्यवस्था समेत विद्यालयमा आधारित भन्दा कम भएको देखियो । विद्यालयमा आधारित बालविकास केन्द्रमा भवन संरचना, कक्षाकोठा, झ्याल ढोका, विजुली बत्तीको व्यवस्था पनि भएको, फराकिलो कोठा पनि भएकोले सामग्रीहरु व्यवस्थापनमा सहज देखिन्छ । यस्ता केन्द्रहरुमा

निर्माण गरिएका सामग्रीहरु भन्दा बजारबाट खरिद गरी ल्याएका सामग्रीहरु बढी हुनाले सामग्रीहरु पनि आकर्षक र राम्रो देखिन्छ । बसाइ व्यवस्थापनमा कक्षाकोठा भित्र डेक्सबेञ्च उपयुक्त साइजको भने नभएको तर झ्याल ढोका र संवातनको व्यवस्था कार्पेट तथा गलैचाको साथै गुन्द्रीको व्यवस्था भने राम्रो भएकोले कक्षाकोठाको व्यवस्थापन रामो भई अभिभावकहरुले केन्द्रमा बालबालिकाहरु ल्याउने गरेको साथै सुरक्षा समेत राम्रो देखिएकाले पूर्ण रुपमा कक्षाकोठा व्यवस्थापन सुदृढ नदेखिएको भएपनि विद्यालयमा आधारित बालविकास केन्द्रको कक्षाकोठाको प्रभावकारिता समुदायमा आधारित भन्दा सुदृढ देखिन्छ ।

### ४.२.१२ भौतिक व्यवस्थापनमा सहयोगी निकायहरु

बालविकास केन्द्रहरुको सबै पक्षको विकास तथा व्यवस्थापनका लागि विभिन्न निकायहरुले आर्थिक, भौतिक तथा नैतिक सहयोग पुऱ्याइरहेका हुन् । यस्ता विभिन्न निकायहरु गा.वि.स. जि.वि.स., जि.शि.का, वन उपभोक्ता समिति, प्लान नेपाल, सेतोगुराँस, मातृविद्यालय, सम्बन्धित विद्यालय, अभिभावकहरुले बालविकास केन्द्र सञ्चालनमा सहयोग पुऱ्याइरहेको देखिन्छ । यसै सम्बन्धमा हर्क स्मति बालविकास केन्द्रका अध्यक्ष खडानन्द न्यौपाने भन्नुहुन्छ,

> *“बालविकास केन्द्रको भौतिक सामग्री व्यवस्थापनमा स्थानीय अभिभावकको पनि योग्दान रहेको छ । यसका साथै मातृ विद्यालय, गा.वि.स., चौतारी वन उपभोक्ता समूहबाट नगद तथा जिन्सी (काठ) उपलब्ध भएको छ । जि.वि.स. बाट कर्कट पाता उपलब्ध गराइ भौतिक व्यवस्थापनमा सहयोग पुऱ्याएको छ भने गैह्र सरकारी संस्था सेतो गुराँसले शौक्षिक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याएको भएतापनि खेलमैदान भने साँगुरो भएकाले सरोकारवाला पक्षले यसको उचित व्यवस्थाका लागि चासो राख्नुपर्ने भएको छ ।”*

यसै सम्बन्धमा प्रगति बालविकास केन्द्रका अभिभावक ढुण्डीराज खापुङ्गको भनाइ यस्तो रहेको छ ,

> *“बालविकास केन्द्रमा खानेपानीको प्रबन्ध गर्न नसकिएको, कमजोर भवन संरचना, घेरावाराको व्यवस्था नभएको, पर्याप्त खेल तथा सिकाइ सामग्रीहरुको व्यवस्था नभएको अवस्था रहेको छ । यसको उचित प्रबन्धका लागि बालविकास केन्द्र व्यवस्थापन समिति, अभिभावक, सम्बन्धित गा.वि.स., मातृ विद्यालय जस्ता*

*सरोकारबाला पक्षले चासो नदिएको अवस्था रहको छ । यस्ता सामाग्रीको अभावमा बालविकास केन्द्रमा बालबालिकाहरु नियमित रुपमा उपस्थिति नहुने गरेको र स.का. लाई समेत काम गर्न धेरै कठिनाइ रहेको छ ।"*

माथिका भनाइका आधारमा बालविकास केन्द्रका सरोकारवालाको पर्याप्त सहयोगको अभाव, भवनको पुन निर्माण तथा कमजोर भौतिक अवस्थालाई सुदृढ बनाउन ढिलाई, खानेपानी तथा शौचालय र घेरावाराको उचित व्यवस्थामा कम ध्यान दिइनु, कमजोर बसाइ व्यवस्थापन, पर्याप्त खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्थाका लागि चासो नदिनु, अर्काको मुख ताक्नु, थप श्रोत जुटाउने र सुविधा वृद्धिमा चासो नदिनु, समय समयमा केन्द्रको निरीक्षण अवलोकन र केन्द्रका आवश्यकताका साथै समस्याका बारेमा चासो राखी छलफल गर्ने कार्यमा कमजोरी रहेको देखिन्छ ।

## ४.३ बालविकास केन्द्रका भौतिक पक्षमा देखिएका समस्याहरु

बालविकास केन्द्र बालबालिकाहरुलाई घरपरिवारबाट बाहिर ल्याई सिकाइको औपचारिक शुरुवात तथा सामाजिक समायोजनमा प्रवेश गराउने प्रमुख थलोको रुपमा चिनिन्छ । यसका लागि बालबालिकाहरुलाई सुरक्षित वातावरण, खाजाको व्यवस्था, उनीहरुको रुचि र स्तर अनुसारको खेलकुद तथा सिकाइ सामग्रीहरुको व्यवस्था, खानेपानीको राम्रो र सहज व्यवस्था, शौचालय बालमैत्री र सहज व्यवस्था, उपयुक्त र आकर्षक कक्षाकोठा, सहज र उपयुक्त बसाइ व्यवस्थापन, खेलमैदानको राम्रो र सुरक्षित तथा पर्याप्त व्यवस्था गर्नु आवश्यक हुन्छ । साथै स.का. तथा अन्य पक्षबाट मातृत्वको व्यवहार बालबालिकाहरुको चाहना हुन्छ । भविष्यका देशका कर्णदारको रुपमा रहेका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षको विकास बालबालिकाको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने तथा सामाजिक रुपमा वा वातावरणीय रुपमा घुलमिल गराउन सक्ने उद्देश्य भएपनि यसको व्यावहारिक रुपमा भने कार्यान्वयन हुन सकेको छैन ।

यसै सम्बन्धमा प्रगति वालविकास केन्द्रका अभिभावक कमला लिम्बु भन्नुहुन्छ,

*"भबनको कमजोर संरचनाका कारण भवन चुहिने, कक्षाकोठा सानो भएकोले सामाग्री व्यवस्थापन तथा सिकाइ क्रियाकलाप सञ्चालनमा कठिनाई, कोठाका भित्ता कच्ची भएकाले हावापानी बाट बालबालिका र केन्द्रका सामग्रीहरु जोगाउन कठिन, भूइमा प्लाष्टर नभई नमिलेको माटोको सतह भएकोले बसाईमा कठिनाई, सामाग्री*

*व्यवस्थाका लागि दराज वा ऱ्याक नहुनाले सामग्री हराउने र चोरी हुने डर, झ्याल ढोकाको व्यवस्था राम्रो नभएकोले सुरक्षामा कठिनाई भएको छ ।"*

यसै सम्बन्धमा हर्क स्मृती बालबिकास केन्द्रकी स.का भिमा दाहाल (कार्की) भन्नुहुन्छ,

*"बालबिकास केन्द्रमा भवनको संरचना कमजोर रहेको, बालमैत्री कक्षाकोठा, डेक्सबेन्च तथा बसाइ व्यवस्था राम्रो नभएकोले सिकाइमा समस्या परेको, नमिलेको भूइको सतह, पातलो चकटी तथा गुन्द्रीको कारण भूईको चिसो आउने र बालबालिका विरामी पर्ने गरेका, दिवा खाजाको व्यवस्था नहुनाले चाडै गल्ने र सक्रिय नहुने, खेल खेल्न चाहना नराख्ने, पर्याप्त सिकाई तथा खेलकुद सामग्री नभएकोले बालबालिका विच सामाग्रीका विषयमा झगडा हुने गरेको केन्द्र नजिकै सडक भएको तर घेराबाराको व्यवस्था राम्रो नभएकोले यातायातका साधन वा गाईबस्तुहरुबाट दुर्घटनामा पर्ने गरेको हुँदा सुरक्षा चुनौती रहेको छ ।"*

यसै सम्बन्धमा जनकल्याण बा.वि.के. का अध्यक्ष बद्री प्रसाद भट्टराई भन्नुहुन्छ,

*"बालबिकास केन्द्रमा सिकाई तथा खेलकुद सामग्रीको कमि रहेकाले सिकाईमा आकर्षण नभएको, सबै वालवालिकालाई एकै पटक खेल्ने सामग्रीको अभाव भएकाले उनीहरु बिच झगडा पर्नै गरेको, झ्यालमा पल्ला नहुनाले हावाहुरीका समयमा कक्षा सञ्चालनमा नै कठिनाई रहेको, शुद्धखानेपानी तथा दिवा खाजाको व्यवस्था नभएकाले बालबालिकाको स्वास्थ्य कमजोर हुनसक्ने भएकाले उपस्थितिमा समेत कमी रहेको बसाई व्यवस्थाका लागि फर्निचरको प्रयोग भएपनि बालमैत्री नभएको र कक्षाकोठा समेत साँघुरो भएकाले समुहमा बसाउन वा खेलखेलाउन ठाँउको अभाव भएको जसबाट बालबालिकाहरु अल्छी मान्ने, थकाई लागेजस्तो गर्ने र सिकाई प्रति निस्कृय भई केन्द्रबाट भाग्न खोज्ने गरेको पाईएको छ ।"*

यसै सम्बन्धमा सुनाखरी मा.वि. का प्र.अ. केशब प्रसाद शर्माको भनाई यस्तो रहेको छ,

*"बालबिकास केन्द्रमा झ्यालमा पल्लाको व्यवस्था नभएकोले बर्षा र हावा हुरीको समयमा समस्या पर्ने गरेको बसाई व्यवस्थापनका लागि बाक्लो चकटी नभई पातलो गुन्द्री वा झल्ला रहेको, त्योपनि पर्याप्त नहुनाले भूईको चिसोका कारण बालबालिका विरामी पर्ने गरेका, केन्द्रको उत्तर तर्फ सुँगुरपालन भएकाले बढी दुर्गन्ध*

*आइ स्वास्थ्यमा समस्या पर्ने गरेको, खानेपानीको राम्रो व्यवस्था नभएको, शौचालय पनि बालमैत्री नहुनाले शौचालय बाहिरै फोहोर हुने गरेको, अभिभावकहरुले बालकेन्द्रप्रति खासै चासो नदेखाउने र विद्यालयकै धेरै समस्याका कारण बालबिकास केन्द्रप्रति समय दिन नसकेकाले यसको विकासमा निकै समस्या देखिएको छ ।"*

यसरी स्थलगत अध्ययनका क्रममा छनौटमा परेका विभिन्न बालबिकास केन्द्रहरुका सहयोगी कार्यकर्ताहरु, बालकेन्द्र व्यवस्थापन समिति पदाधिकारीहरु, अभिभावकज्यूहरु, प्र.अ.हरु, व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु सँगको अर्न्तवार्ता र अवलोकनका आधारमा बालविकास केन्द्रका विविध समस्याहरु देखापरे । यस्ता समस्याहरु बालकेन्द्रहरु सबैमा एकै प्रकारको नभई अलग अलग धेरै वा थोरै मात्रामा रहेको पाइयो । यस्ता भौतिक व्यवस्थापनसँग सम्बद्ध समस्याहरुमा भवनको कमजोर संरचना, पुराना र चुहिने भवनहरुको प्रयोग, भवनका कोठाहरु साना साइजका हुनु, भवनका दिवालहरु मर्मत नभई ढल्ने र भत्किने अवस्थाका हुनु, कक्षाकोठामा भुई प्लाष्टर सबै केन्द्रहरुमा नहुनु, भूईको सतह नमिलेको तथा अग्लो होचो हुनु, कक्षाकोठामा बालबालिकाको स्तर अनुसारको फर्निचरको व्यवस्था नहुनु, भूईमा प्रयोग गरिएका चकटी, गुन्द्री तथा कार्पेट च्यातिएको अवस्थाका र धेरै पातला हुनु, यस्ता सामग्रीहरु सबै बालबालिकालाई पुग्ने गरी यथेष्ट मात्रामा नहुनु, बालबालिकाहरुलाई बेलाबेलामा सुताउन वा आरामका लागि उपयुक्त ओढने तथा ओछ्याउने सामग्रीहरु नहुनु, कक्षाकोठामा आकर्षक चित्र पोष्टर तथा शैक्षिक सामग्री हरु झुण्डयाउने व्यवस्था नहुनु, कक्षाकोठामा पूर्ण सफाइको व्यवस्था नहुनु जस्ता समस्याहरु रहेको पाइयो । त्यस्तै प्राय सबै बालविकास केन्द्रमा झ्याल, ढोका र संवातनको उपयुक्त व्यवस्था नहुनु, खेल्ने ठाउँ अपर्याप्त हुनु, कोठाको उचाइ तथा प्रकाश सहजै छिर्न सक्ने नहुनु, उपयुक्त बाहिरी वातावरण नहुनु, झ्यालमा पल्लाको व्यवस्था नहुनु जस्ता समस्याहरु देखिन्छन् ।

उपयुक्त शुद्ध र स्वच्छ पिउनेपानीको व्यवस्था नहुनु, कक्षाकोठामै पिउने पानीको सहज व्यवस्थाका लागि फिल्टर, जग तथा गिलासको व्यवस्था नहुनु, शौचालयको व्यवस्था उपयुक्त नहुनु, शौचालय भित्रै पानीको व्यवस्था र बाहिर साबुन पानीको व्यवस्था नहुनु, बालबालिकाको सङ्ख्या अनुसार शौचालयको व्यवस्था नगरिनु । सबै बालबालिकाहरुलाई पुग्न सक्ने खेलकुद तथा सिकाइ सामग्रीहरुको व्यवस्था नहुनु, मनोरञ्जनका लागि वाद्यवादनका सामग्रीहरु नहुनु, श्रव्यदृश्य सामग्रीहरुको व्यवस्था नहुनु, कक्षाकोठामा खेलकुद तथा सिकाइ सामग्रीहरु राख्ने दराज वा ऱ्याकको व्यवस्था नहुनु, खेलमैदानको व्यवस्था भएका केन्द्रमा पनि अपर्याप्त र साना ठूला एकै ठाँउमा खेल्ने

व्यवस्था हुनु, सबै केन्द्रहरुमा प्राथमिक उपचारका सामग्री नहुनु, घेरावाराको राम्रो व्यवस्था नहुनु, नियमित रुपमा खाजा खुवाउने व्यवस्था नहुनु, सरोकारबालाहरुले बालकेन्द्रको विकासप्रति जिम्मेवार भई लाग्न नसक्नु, काम पन्छाउने तथा अर्काको मुख ताक्ने प्रणाली, केन्द्रको भौतिक पक्षको व्यवस्थाका लागि दीर्घकालीन संयन्त्र विकास नहुनु र केन्द्र व्यवस्थापन सिकाइने विषयवस्तुहरुका वारे स.का. हरुलाई उपयुक्त तालिमको अभाव, अभिभावकहरुको चासो तथा सरकारी निकायहरुको चासो कम हुनु, अनुगमन मूल्याङ्कनको व्यवस्था र स.का. हरुको सेवा सुविधालाई वृद्धि गरी स.का. लाई प्रोत्साहित गर्न नसक्नु आदि समस्याहरु रहेको पाइयो ।

## ४.४ समस्या समाधानका उपायहरु

बालविकास केन्द्रलाई भौतिक रुपबाट सुसज्जित तथा सुव्यवस्थित बनाउन सकेमा मात्र यसको लक्ष्य पूरा गर्न सकिन्छ । विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरुमा समस्याहरु प्रसस्त छन् । यस्ता समस्याहरुलाई समयमै समाधान गर्नका लागि सम्बन्धित सरोकारबाला पक्षहरु वि.व्य.स., अभिभावक, प्र.अ. सहयोगी कार्यकर्ता, स्थानीय समुदाय, सहयोगी निकायहरुको चासो वृद्धि गरी उनीहरुसँग परामर्श र छलफल गर्नुपर्दछ ।

समस्या समाधानका सम्बन्धमा सरोकार वालाको भनाई यस्तो रहेको छ ।

यसै सम्बन्धमा नवदुर्गा बा.बि.के.का अध्यक्ष शमसेर भण्डारी भन्नुहुन्छ,

> *“भवनको संरचना कच्ची भएका कारण नियमित मर्मत सम्भार गर्नुपर्ने, कोठामा भूँई ढलान गरी बाक्लो हिट फोर्म तथा कार्पेटको व्यवस्था सहित बसाई व्यवस्थापन सहज बनाउनुपर्ने, खानेपानीका लागि धारा तथा ट्यूवेलको व्यवस्थागरि पानी परिक्षणको व्यवस्था गर्नुपर्ने, बालकेन्द्रका प्रत्येक समस्यामा अभिभावकलाई समेत सरिक गराई उनीहरुको चासो वृद्धी गर्नेपर्ने, सम्बन्धित निकायले नियमित रुपमा बालकेन्द्रको निरिक्षण र अनुगमन गर्नुपर्ने र स.का.ले समेत बढी चासो लिई काम गरेमा बा.बि.के.को विकासमा सहयोग पुग्नेछ ।”*

यसै सम्वन्धमा क्षितिज बालबिकास केन्द्रका अभिभावक जानुका वि.क. भन्नुहुन्छ,

*"बालबिकास केन्द्रमा डेक्सवेन्चको सट्टा राउण्ड टेवल सहित वाक्लो कार्पेट वा चकटीको व्यवस्था गर्नुपर्ने यसका लागि सरकारी तथा गैह्रसरकारी संस्था संग सम्पर्क बढाउनुपर्ने, केन्द्रमाआरामकक्षको पनि व्यवस्था गर्नुपर्ने, प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्नुपर्ने, पर्याप्त तथा कम मुल्यमा सिकाइ तथा खेलकुद सामग्री व्यवस्था गर्न स.का. लाई सामग्री निर्माण तालिमकोव्यवस्था गर्नुपर्ने, नीतिगत रुपमै पूर्वाधार बिना बालकेन्द्र सञ्चालन गर्न बन्देज गर्न सकिएमा बालबिकास केन्द्रका समस्या समाधान गर्न सकिन्छ ।"*

यसै सम्वन्धमा शिक्षासदन प्रा.बि.का प्र.अ. अर्जुन कुमार कार्की भन्नुहुन्छ,

*"बालबिकास केन्द्रको सञ्चालन तथा रेखदेखका लागि विद्यालयमा छुट्टै बालकेन्द्र व्यवस्थापन समितिको नीतिगत रुपमै व्यवस्था गर्नुपर्ने, बालबिकास केन्द्रको खानेपानी, घेरावारा,शौचालय तथा खेलमैदानको आवश्यक व्यवस्थाका लागि व्यवस्थापन समितिले सम्वन्धित अभिभावकहरु स्थानिय निकाय, जि.शि.का. तथा गैह्र सरकारी संस्था तथा व्यक्तिहरु संग छलफल, भेटघाट तथा समन्वय गरीरहनुपर्ने, बालबालिकालाई दिवा खाजाको नियमित व्यवस्थागर्ने कार्यलाई कडाईका साथ कार्यान्वियन गर्नुपर्ने, बालस्वास्थ्यलाई ध्यानमा राखि प्राथमिक उपचारको समेत व्यवस्था गर्न नजिकका स्वास्थ्य केन्द्र संग समन्वय गर्नुपर्ने देखिन्छ ।"*

यसै सम्वन्धमा भागिरथा बालबिकास केन्द्रकी स.का ममिता सुब्बा भन्नुहुन्छ,

*"बालबिकास केन्द्रको कक्षाकोठा फराकिलो र समुह खेल खेल्न मिल्ने गरि व्यवस्था गर्नुपर्ने, कक्षाकोठामा बालकेन्द्रका सामाग्रीहरु बाहेक अन्य सामग्रीहरु अन्यत्र व्यवस्थापन गर्नुपर्ने, शौचालयको व्यवस्था कक्षाकोठा नजिकै गर्नुपर्ने, खानेपानी व्यवस्थाका लागि कोठाको नजिकै फिल्टर सहितको व्यवस्था गर्नुपर्ने, शैक्षिक सामाग्रीहरु बालबालिकाहरुले भेट्ने ठाउँमा राख्नुपर्ने, भित्तेलेखन झ्यालको तहभन्दा मुनि लेख्ने व्यवस्था गर्नुपर्ने, बसाई व्यवस्थाका लागि हिटफोम तथा वाक्लो तथा पर्याप्त मात्रामा कार्पेट तथा चकटीको व्यवस्था गर्नुपर्ने, सबै बालबालिकाहरुलाई नियमित दिवा खाजाको व्यवस्था गर्न अभिभावक संग समन्वय गर्नुपर्ने, खेलमैदानको समेत छुट्टै व्यवस्थागर्न सकेमा वालविकासका समस्या समाधान गर्न सकिन्छ ।"*

माथि उल्लेखित भनाई अनुसार यसका लागि बालबिकास केन्द्रको भौतिक व्यवस्थापनमा सरोकार वालाले चासो दिनु जरुरी छ । जसमा भवन संरचनाको मरमत, उपयुक्त तथा ठूलो साइजका कक्षाकोठा निर्माण वा पुननिर्माण गर्नु, कक्षाकोठाका दिवालहरुको मरमत तथा सुधार गर्नु, सबै बालविकास केन्द्रका कक्षाकोठामा भूई प्लष्टर गर्नु, बालबालिकाको स्तर अनुसारका फर्निचरको व्यवस्था तथा वाक्ला र थप चकटी, गुन्द्री वा कार्पेटको व्यवस्था गर्नु, सबै विद्यार्थीहरुलाई पुग्ने गरी बसाइ व्यवस्थापन सम्बन्धी सामग्रीहरुको व्यवस्था गर्नु, कक्षा कोठामा आकर्षक चित्र, पोष्टर वा सिकाइ सामग्रीहरु सबैले देख्ने गरी कक्षाकोठामा झुण्ड्याउने व्यवस्था गर्नु, कक्षाकोठाको साथै नजिकको वातावरण सफाइमा ध्यान पुऱ्याउनु, सबै बालकेन्द्रहरुको कक्षा कोठामा उपयुक्त मात्रामा झ्याल, ढोका र संवातनको व्यवस्था गर्नु, कोठाको उचाइ तथा प्रकाशको उपयुक्त व्यवस्था गर्नु, दर्बिलो ढोका, झ्यालको व्यवस्था गर्नु, तत्काल का समस्या समाधानका उपायहरु हुन् । त्यस्तै शुद्ध र परीक्षण गरिएको खानेपानीको लागि सहज व्यवस्था मिलाउनु, आवश्यकता र मौसम अनुसार तातो वा चिसो पानीको व्यवस्था गर्नु, शौचालयको उचित व्यवस्था गर्नु, शौचालय भित्रै पानीको व्यवस्था गर्नु, शौचालय बाहिर हात धुन सावुन पानीको व्यवस्था गर्नु, सबै बालबालिकाहरुलाई एकै साथ खेल्न सक्ने गरी विभिन्न गुडिया, खेलौना तथा खेल सामग्रीहरुको व्यवस्था गर्नु उपयुक्त हुन्छ । त्यस्तै वाद्यवादनका सामग्रीहरु मादल, छिडछिडका साथै श्रव्यदृश्य सामग्रीहरुको व्यवस्था गर्नु, कक्षामा पर्याप्त मात्रामा सिकाइ सामग्रीहरुको व्यवस्थाका लागि स.का.ले आफै निर्माण गर्न सक्ने, बजारबाट खरिद गरेर ल्याउने, कतिपय वास्तविक वस्तुलाई नै सिकाइ सामग्रीको रुपमा प्रयोग गर्नुपर्ने, त्यस्ता सामग्रीहरुको सुरक्षित व्यवस्थाका लागि दराज वा टिनको ठूलो वाकस तथा ऱ्याकको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै स.का. हरुलाई बालबालिकाको स्याहार सुसार, शिक्षणविधि, सामग्री निर्माण, संकलन र प्रयोग सम्बन्धमा तालिमको व्यवस्था गर्नुपर्ने यसका लागि बालकेन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिले बढी चासो लिइ व्यवस्था मिलाउनुपर्ने हुन्छ । बालबालिकाका लागि खेलमैदान उपयुक्त र सुरक्षित साथै पर्याप्त हुनुपर्ने हुँदा नजिकमा रहेका खाली ठाँउको उपयोग तथा ठेक्का व्यवस्था गरेर पनि खेलमैदानलाई वढाउनुपर्ने, सबै बालविकास केन्द्रहरुमा साधारण चोटपटकका लागि प्राथमिक स्वास्थ्य सामग्री (First Aid)को व्यवस्था गर्नुपर्ने, यसका लागि नजिकका प्राथमिक स्वास्थ्य केन्द्रहरु तथा उपकेन्द्रसँग समन्वय गर्नुपर्ने, सरक्षित र भरपर्दो घेरावाराको व्यवस्था गर्नुपर्ने हुन्छ । साना उमेरका बालबालिका हुनाले नियमित पौष्टिक खाजाको व्यवस्थाका लागि अभिभावकहरुलाई सचेत गराउनुपर्ने वा सहयोगी दाताहरुलाई पौष्टिक आहारको व्यवस्थाका लागि अनुरोध वा पहल गर्नुपर्ने, केन्द्रको सरोकारबालाहरुबाट नियमित अनुगमनको व्यवस्था गर्नुपर्ने, जिम्मेवार पक्षहरुलाई केन्द्रको सुरक्षा र हेरचाह कार्यमा लाग्न प्रोत्साहन गर्नुपर्ने, शिक्षासँग सम्बन्धित तथा अनौपचारिक शिक्षा कार्यक्रममा काम गर्ने निकायहरुसँग सम्पर्क गरि वि.ब्य.स. का पदाधिकारीले स.का.को तलब बृद्धि गरी काम गर्न प्रोत्साहन गर्नुपर्ने अभिभावकहरुको समेत सुझाव रहेको पाइयो ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

बालविकास केन्द्रको भौतिक व्यवस्थापन विषयको अध्ययन मोरङ्ग जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गतका ८ वटा बालविकास केन्द्रको छनौट गरी अध्ययन गरिएको छ । यी केन्द्रहरुको अध्ययनका क्रममा प्राप्त सूचना एवं तथ्याङ्कहरुको विश्लेषणका आधारमा देखिएका मुख्य प्राप्तिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

अध्ययन गरिएका ८ वटा बालविकास केन्द्रहरु मध्ये ४ वटा समुदायमा आधारित र ४ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरु रहेका छन् । जसमा विद्यालयमा आधारित बालविकास केन्द्रको भवनको संरचना, कक्षाकोठा र झ्याल, दोका तथा संवातनको व्यवस्था समुदायमा आधारित भन्दा केही पूर्वाधारयुक्त, सुविधा भएको अवस्थामा देखियो भने समुदायमा आधारित बालविकास केन्द्रको अवस्था धेरै कमजोर रहेको पाइयो । ती बालविकास केन्द्रहरुको छानो चुहिने, बेराबाट पानी भित्र पस्ने तथा हावा हुरीमा कक्षा सञ्चालन नै हुन नसक्ने अवस्था देखियो । बसाइ व्यवस्थापनका लागि समुदायमा आधारित ४ र विद्यालयमा आधारित २ वटामा डेक्स वेञ्चको व्यवस्था नभई सुकुल, चकटी, कार्पेट, गुन्द्री जस्ता सामग्रीहरु प्रयोग गरेको पाइयो भने २ वटा विद्यालयमा आधारित बालविकासकेन्द्र ले सानो डेक्स वेञ्च प्रयोग गरिएको भएतापनि बालबालिकाहरुको स्तर अनुसारको नभएको पाइयो । समुदायमा आधारित २ वटा केन्द्रमा भूई प्लाष्टर नभई माटाको नमिलेको सतहभएको र बाँकी ६ वटामा भूईमा प्लाष्टर गरेको पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रका कक्षाकोठा केही ठूला र फराकिला रहेको तर समुदायमा आधारित केन्द्रहरु साँघुरो अवस्थामा रहेकाले बालबालिकाका लागि समूह क्रियाकलाप गर्न नमिल्ने देखियो ।

समुदायमा आधारित ३ वटा बालविकास केन्द्रका भित्तामा केही नक्सा, चार्ट, चित्र झुण्डयाइएको पाइयो भने विद्यालयमा आधारित ३ बाल विकास केन्द्रमा र एउटा समुदायमा आधारित केन्द्रमा भित्तेलेखन सहित नक्सा, चार्ट, चित्र तथा क्यालेण्डर झण्डयाइएको पाइयो । भित्तेलेखनामा नेपाली र अंग्रेजी अक्षरहरु र अङ्कहरु रहेको पाइयो । सिकाइ सामाग्रीहरु शब्दपत्ति, अक्षरपत्ति, फलफूलका नमूना, काठका सामाग्रीहरु (विभिन्न आकारका), घडी, ब्लाकवोर्ड, सबै बालविकास केन्द्रहरुमा व्यवस्था गरेको पाइयो भने खेल सामाग्रीहरु रिङ्ग, स्पिीकिङ्ग, खेलौना, गुडिया, बल सबै केन्द्रहरुमा धेरै वा थोरै रुपमा उपलब्ध भएको पाइयो । खेलमैदान एउटा बालविकास

केन्द्रमा बाहेक सबैमा रहेको पाइयो । यी मध्ये २ वटा विद्यालयमा आधारित बालविकास केन्द्रमा पर्याप्त खेल मैदान रहेको, ३ वटा समुदायमा आधारित र २ वटा विद्यालयमा आधारित बालविकास केन्द्रमा अपर्याप्त खेलमैदान रहेको पाइयो ।

अध्ययन गरिएका ८ वटा बालविकास केन्द्रहरु मध्ये ७ वटामा खानेपानीको व्यवस्था बालकेन्द्रकै रहेको जसमा २ वटा विद्यालयमा आधारित केन्द्रमा धाराको व्यवस्था गरिएको ५ वटामा ट्यूवेल प्रयोग गरिएको तर एउटामा आफ्नै खानेपानीको स्रोत नभएको पाइयो । बालकेन्द्रका खानेपानीका श्रोतहरु मध्ये ६ वटामा आर्सेनिक परीक्षण गरिएको साथै खानलायक देखिएको तर एउटामा आर्सेनिक परीक्षण नै नगरिएको पाइयो । खानेपानीको व्यवस्थाका लागि जग र गिलासको प्रयोग गरिएको तर पर्याप्त नभएको पाइयो । शौचालयको हकमा समुदायमा आधारित २ वटा र विद्यालयमा आधारित ३ वटा बालविकास केन्द्रमा पक्की शौचालय रहेको, दुवै किसिमको बालकेन्द्रमा १/१ वटा अर्धपक्की शौचालय रहेको पाइयो भने एउटामा कच्ची शौचालय रहेको पाइयो । तर विद्यालयमा आधारित बालविकास केन्द्रमा अन्य कक्षाका विद्यार्थीहरुले समेत उक्त शौचालय प्रयोग गर्ने हुनाले बालबालिकाहरुलाई समस्या भएको पाइयो । शौचालय भित्र पानीको व्यवस्था (धारा)को भने कुनैपनि बालकेन्द्रहरुमा नभएको देखियो ।

घेरावाराको हकमा २ वटा विद्यालयमा आधारित बालविकास केन्द्रमा पक्की घेरावारा रहेको, एउटामा काँडेतारको व्यवस्था गरिएको, एउटा समुदायमा आधारित बालविकास केन्द्रमा बाँसको घेरावारा र ३ वटामा घेरावारा नै नभएको पाइयो ।

पोषणको व्यवस्था समुदायमा आधारित र विद्यालयमा आधारित १/१ वटा केन्द्रमा गरेको पाइयो भने बाँकी  ६ वटामा पोषणको व्यवस्था नभएको जसको कारणले बालबालिकाहरु चाडै गल्ने र सिकाइमा ध्यान दिन गाह्रो मान्ने गरेको पाइयो भने पोषणको व्यवस्था भएका केन्द्रका बालबालिका स्फूर्त र शारीरिक रुपमा पनि स्वास्थ्य भएको पाइयो ।

भौतिक सामाग्रीको रेखदेखमा विद्यालयमा आधारित बालविकास केन्द्रमा वि.व्य.स.लाई जिम्मेवार बनाइएको र समुदायमा आधारित बालविकास केन्द्रमा स्थानीय समुदाय र गैरसरकारी संस्थालाई सुरक्षा र रेखदेखको जिम्मेवारी दिइएको पाइयो । सबै पक्षलाई हेर्दा विद्यालयमा आधारित बालविकास केन्द्रमा भन्दा समुदायमा आधारित बालविकास केन्द्रको भौतिक व्यवस्थापनमा सरोकारबालाको चासो कमरहेकोले यसको अवस्था कमजोर रहेको पाइयो ।

## ५.२ निष्कर्ष

देश विकासको प्रमुख आधार मानव संसाधनको विकास हो । मानव संसाधनको विकासका लागि शिक्षाको विकास अनिवार्य मानिन्छ । देशका लागि सच्चा नागरिक, सिपमूलक, दक्ष, योग्य तथा क्षमतावान मानव संसाधन विकास गर्न पूर्वाधार (जग) बलियो हुनु आवश्यक छ । यस्ता दक्ष नागरिक उत्पादन गर्न समयमै सिकाइप्रति प्रेरित र उत्सुकता जगाउनु पर्दछ । तसर्थ बालविकास केन्द्रहरुलाई सिकाइ प्रति प्रेरित गर्ने महत्वपूर्ण आधार मानिन्छ । बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक विकासको आधारशिला तयारीका लागि यस्ता बालविकास कार्यक्रम सञ्चालन गर्ने कार्य धेरै जिल्लामा समेत भइसकेको छ । यस अध्ययनसँग सम्बन्धित रहेका प्राप्त सूचना र तथ्याङ्कहरुका आधारमा निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

अध्ययन गरिएका बालविकास केन्द्रहरुको भवनको संरचना, कक्षाकोठाको व्यवस्थापन, झ्याल, ढोका, संवातन, प्रकाशको व्यवस्था, कक्षाकोठाको साइज र गुणस्तरमा कमजोरी देखिन्छ यसको कारण स्थानीय समुदायको कम चासो तथा कमजोर आर्थिक व्यवस्थापन नै जिम्मेवार रहेको महसुस गर्न सकिन्छ । बालविकास केन्द्र स्थापना गर्दा बालकेन्द्र भवन मात्र रहने गरी जग्गा खरिद गर्ने र खेलमैदानको आवश्यकता तत्काल महसुस नगरेको अवस्थामा यस्तो समस्या आएको हो । यसका लागि नजिकै रहेको जग्गालाई कुनै श्रोतबाट खरिद गरी वा ठेक्कामा लिएर व्यवस्थापन गर्न सकिने कुरामा चासो नलिएका कारण पनि खेल मैदान अपर्याप्त भएको वा खेलमैदान नै नभएको अवस्था मान्न सकिन्छ ।

स्वस्थ जीवनका लागि स्वच्छ पानीको नारालाई ख्याल नगरेको कारण वा धेरै रोगको मुख्य कारण पानी नै हो भन्ने कुरामा ध्यान नपुऱ्याएका कारण फिल्टर वा अन्य माध्यमबाट पनि पानी खान लायक बनाउन सकिन्छ भन्ने कुराको हेक्का राख्न नसकेका कारण पनि खानेपानीको राम्रो व्यवस्था गर्न नसकेको देखिन्छ । जसबाट बालबालिकाहरु बिरामी पर्ने र बालबालिकाहरुको उपस्थिति बालविकास केन्द्रमा न्यून रहेको देखिन्छ । कक्षा व्यवस्थापन, बसाइ व्यवस्थापनका लागि डेक्स, वेञ्च उपयुक्त र बालबालिकाको स्तर अनुसार हुनुपर्ने कुरामा ध्यान नदिएको, भुईमा ओछ्याउने कार्पेट, गुन्द्री वा चकटी वाक्लो र फराकिलो हुन नसकेका कारण भूईको चिसोका आउने र जसबाट बालबालिकाहरु बिरामी पर्ने गरेको पाइयो । तसर्थ बसाइ व्यवस्थापनमा समेत सुधारको खाँचो देखिन्छ । स्वास्थ्य शारीरिक सवलताको अवस्था पोषण युक्त खानाबाट प्राप्त गर्न सकिन्छ । बालविकास केन्द्रमा आउने बालबालिका साना उमेरका हुने र उनीहरुलाई दैनिक ५ वा ६ पटकसम्म पनि पोषण युक्त खाना वा खाजा खुवाउन आवश्यक हुन्छ । अध्ययन गरिएका

बालविकास केन्द्रहरुमा दुईवटा केन्द्रमा मात्र खाजा खुवाउने व्यवस्था भएकाले अभिभावकहरुले आफ्ना नानीहरुको हेरचाह प्रति चासो नगरिएको, शारीरिक वृद्धि र विकाससँगै मानसिक विकासमा खानाले महत्वपूर्ण भूमिका खेल्ने कुरामा अभिभावकहरु सचेत हुन नसकेको वा थाहा पाएर पनि व्यवस्था नगरेको भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

बालविकास केन्द्रलाई सुरक्षित बनाउन घेरावारा अत्यावश्यक मानिन्छ । सुरक्षित घेरावार भएमा बाहिरी चौपाया वा अपरिचित व्यक्ति सिधै प्रवेश गर्न नसक्ने हुँदा सुरक्षाको स्थिति राम्रो मानिन्छ । अध्ययनमा परेका बालविकास केन्द्रहरु मध्ये ३ वटामा पक्की घेरावारा रहेको, एउटामा काँडेतार रहेको, एउटामा बाँसको घेरा र ३ वटामा घेरावारा नै नरहेको देखियो । यसमा ३ वटा बालकेन्द्र बाहेक अन्यमा कुनै न कुनै रुपको घेरावारा गर्न आवश्यक हुन्छ भन्ने कुराको महसुस भएको पाइयो । उक्त केन्द्रहरुमा पक्की घेरावारा नहुनुमा आर्थिक श्रोतको कमि नै प्रमुख कारकको रुपमा रहेको पाइयो भने ३ वटा केन्द्रमा घेरावाराको व्यवस्था नहुनुमा घेरावाराको आवश्यकता वा महत्व नै नबुझेको भन्ने प्रष्ट देखियो । घेरावारा व्यवस्थापनमा विद्यालयमा आधारित बालविकास केन्द्र, समुदायमा आधारित बालविकस केन्द्र भन्दा सुदृढ भएको पाइयो ।

बालविकास केन्द्रमा आउने बालबालिकाहरु खेल उमेर समूहका हुने हुनाले उनीहरुलाई खेल सामाग्रीको व्यवस्था गर्नु पर्दछ साथै सिकाइ सामाग्रीहरु समेत प्रसस्त मात्रामा आवश्यक पर्छ । अध्ययन गरिएका बालविकास केन्द्रहरुमा खेल सामग्री तथा सिकाइ सामग्रीको व्यवस्था पर्याप्त देखिदैन । स.का. लाई गुडिया जस्ता खेल सामग्रीहरु र सिकाइ सामग्री निर्माण, संकलन सम्बन्धी तालिमको अभाव देखियो । खेलकुद सामग्री तथा सिकाइ सामग्री व्यवस्थापन दुवै प्रकारको बालविकासकेन्द्रमा पूर्ण हुन सकेको देखिदैन यसका लागि दुवै किसिमका बालविकास केन्द्रहरुले उत्तिकै ध्यान दिनु आवश्यक देखिन्छ ।

सबै बालविकास केन्द्रमा यस्तो समस्या आउनुमा बालविकास केन्द्रका लागि सिफारिश गर्ने र स्वीकृति गर्ने निकायले नियमित अनुगमन नगरेको कारण वा बालविकास केन्द्र खोल्नु अघिनै पूर्वाधारका बारेमा राम्रो मूल्याङ्कन र अवलोकन नगरी सिफारिस दिनु कमजोरी भएको मानिन्छ । त्यस्तै व्यवस्थापन पक्षको जिम्मा लिने व्यक्ति वा निकायले बालविकास केन्द्रको विकासप्रति चासो नदिनु र उद्देश्यबारे पनि प्रस्ट जानकारी नराख्नु बालविकास केन्द्रको विकासको वाधकको रुपमा लिन सकिन्छ ।

## ५.३ सुझावहरु

बालविकास केन्द्रको भौतिक व्यवस्थापन विषयमा अध्ययन गर्ने क्रममा छनौटमा परेका विद्यालयमा आधारित ४ वटा र समुदायमा आधारित ४ वटा गरी ८ वटा बालविकास केन्द्रको प्रत्यक्ष अवलोकन गर्ने क्रममा विभिन्न समस्याहरु तथा राम्रा पक्षहरु भेटिए । बालविकास केन्द्रको विकासमा भौतिक व्यवस्थापनको ठूलो भूमिका रहने हुँदा अध्ययनका क्रममा देखिएका समस्याहरुका बारेमा सम्बन्धित बालकेन्द्रका व्यवस्थापन समिति अध्यक्ष स.का., प्र.अ, शिक्षक तथा अभिभावकहरुको जिम्मेबारीको आधारमा छलफल गरी त्यस्ता समस्याहरु समाधान गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह :

बालविकास केन्द्र प्राथमीक तहको आधार स्तम्भको रुपमा रहनेहुदा बालविकास केन्द्र स्थापना गर्दा भौतिक पूर्वाधारको उपयुक्त आधार तयार गरेर मात्र स्वीकृति वा अनुमतिका आधारमा सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्दछ । सम्बन्धित गा.वि.स. वा न.पा ले समेत उपयुक्त स्थान तथा पूर्वाधार बिना कुनै पनि बालविकास केन्द्रलाई स्वीकृति वा अनुमति दिने कार्यलाई रोक्नुपर्दछ साथै कक्षाकोठा प्रति विद्यार्थी ०.७५ मि.हुनुपर्ने, उपयुक्त बसाइ व्यवस्थापनका लागि फर्निचर नभई कार्पेट सहित राउण्ड टेवलको व्यवस्था अनिवार्य गर्नुपर्ने, विद्यालयमा आधारित बालविकास केन्द्रमा छुट्टै बालविकास व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गर्नुपर्ने निश्चित उमेर समूहका बालबालिका लाई मात्र भर्नाको व्यवस्था गर्नुपर्ने प्र.अ, व्यवस्थापन समिति, स्रोत व्यक्ति तथा वि.नि. बाट नियमित निरिक्षण अनुगमनको नीतिगत व्यवस्था गर्नुपर्ने, बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताका अतिरिक्त थप एकजना सेविकाको व्यवस्था गर्नुपर्ने, कम्तिमा एक जना विद्यार्थि बाराबार १ सेट खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था गर्नुपर्ने, बालविकास केन्द्रको सुरक्षाको साथै रेखदेखको जिम्मेबारी बालविकास केन्द्र व्यवस्थापन समितिलाई तोक्नुपर्ने, बालविकास केन्द्रको भौतिक व्यवस्थापनको लागि गा.वि.स. वा न.पा. बाट नियमित सहयोगको व्यवस्था मिलाउनु पर्ने जस्ता नीतिगत व्यवस्था मिलाउनु पर्दछ । यस्ता नीतिहरु राष्ट्रिय स्तरमा तयार गरी कार्यान्वयनका लागि जि.शि.का. मार्फत अनिवार्य रुपमा लागुगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५.३.२ अनुसन्धान तह :

बालविकास केन्द्रको अवस्थालाई जिम्मेवार निकायले अध्ययन वा अवलोकनद्वारा स्पष्ट गर्ने, बाल केन्द्रका समस्याहरु र ती समस्याका कारक तत्वहरुको पहिचान गर्ने, त्यस्ता समस्याहरु समाधान गर्ने जिम्मेवारी बोकेका व्यक्ति वा निकायहरुको कामको मूल्याङ्कन गर्ने, बालविकास केन्द्रप्रति सरोकारबालाको चासो के कति छ पत्ता लगाउने, स्रोतव्यक्ति तथा वि.नि हरुबाट नियमित रुपमा केन्द्रको निरीक्षण र अवलोकन गर्ने, समस्या समाधानका विभिन्न विकल्पहरु तयार गर्ने, आफ्ना नानीहरुको स्वास्थ्य प्रति अभिभावकको चासो पत्ता लगाउने र स्वास्थ्य सुधारका लागि चासो लिन प्रेरित गर्ने अलग अलग समस्याका प्रयोगमा आएका समाधानका उपायहरु र त्यस्ता समाधानका उपायका प्रभावहरु समेत मूल्याङ्कन गरी कार्यान्वयन गराउनु पर्दछ। यसमा प्र.अ., वि.व्य.स., स्रोतव्यक्ति, वि.नी र गैह्र सरकारी संस्थाहरु बीचमा व्यापक छलफल हुनु जरुरी छ। यस्ता जिम्मेवार निकायहरुले बालविकास केन्द्रको लागि नियमित र दीर्घकालीन आम्दानीका स्रोतहरुको खोजी गरी बालविकास केन्द्रको भौतिक व्यवस्थापन पक्षलाई सुदृढ बनाउनका लागि सबै सरोकारवाला पक्षलाई समेत सकृय गराउनु पर्ने देखिन्छ।

५.३.३ कार्यान्वयन तह :

बालविकास केन्द्रमा बालबालिका प्रवेशका लागि निश्चित रकम लिने व्यवस्था गर्नुपर्ने, भवन तथा कक्षाकोठाको व्यवस्था मापढण्ड अनुसारको बनाउनुपर्ने, चिसोबाट बचाउन भुईमा हिटफोम तथा बाक्लो कार्पेटको व्यवस्था गर्नुपर्ने, लेखाइलाई सहज बनाउन कक्षाकोठामा उपयुक्त साइजको राउण्ड टेबलको व्यवस्था मिलाउनुपर्ने, बालविकास केन्द्रको कक्षाकोठा भित्र भाषा क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र तथा अन्य विषयगत सिकाइ क्षेत्रहरुको व्यवस्था गर्नुपर्ने, बालमैत्री तथा अपाङ्ग मैत्री शौचालयको साथै साबुन पानीको पर्याप्त व्यवस्था, बालबालिकाहरु लाई पोषणको लागि अनिवार्य व्यवस्था गराउनपर्ने, स.का. हरुलाई बालसंरक्षण, शिक्षण विधि, खेलकुद तथा सिकाइ सामाग्री निर्माण तथा कक्षा व्यवस्थापन तालिमको व्यवस्था गरी तालिममा सिकेका कुराहरुलाई अनिवार्य रुपमा कक्षाकोठामा लागु गराउनु पर्ने, सहयोगी कार्यकर्तालाई थप पारिश्रमिकको व्यवस्था गरी प्रोत्साहित गर्नुपर्ने, बालविकास केन्द्रमा पक्की घेरावाराको व्यवस्था गर्नुपर्ने, शुद्ध खानेपानीका लागि फिल्टर वा सोडिस विधिको प्रयोग गरी व्यवस्था मिलाउनुपर्ने, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, गैह्र सरकारी संस्था (सेतो गुराँस, प्लान नेपाल वा अन्य) र अभिभावकहरुबाट नियमित अनुगमन तथा छलफलको व्यवस्था गरी बालविकास केन्द्रको विकासमा चासो बढाउनुपर्ने तथा उत्कृष्ठ व्यवस्थापन समिति स.का. साथै बाल केन्द्रहरुलाई माथिल्लो निकायहरुबाट पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ।

# सन्दर्भ सामग्री

अधिकारी, तोयानाथ (२०६५), *शिक्षाको परिचय,* विराटनगरः श्याम पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *प्राथमिक शिक्षक दिग्दर्शन* काठमाण्डौ; आशिष बुक्स हाउस प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाण्डौः विद्या पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०६९), *शिक्षाको ६ दशक, ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लि. (शिक्षक मासिक) प्रकाशित लेख,* ललितपुरः बर्ष ५, पूर्णाङ्क-५०, स्वर्णअंङ्क ।

गौतम, रामप्रसाद (२०६८), *बालविकास केन्द्रको भौतिक अवस्थाले कक्षाकोठा व्यवस्थापनमा पारेको प्रभाव,* एम.एड. द्वितीय बर्ष, शैक्षिक योजना तथा ब्यवस्थापन विभाग, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

ढुङ्गाना, गंगाराम (२०६३), *बालविकास केन्द्र र यसको वर्तमान अवस्था एक अध्ययन,* कीर्तिपुर; स्नातकोत्तर तह एम.एड. द्वितीय वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, अप्रकाशित शोधपत्र त्रि.वि.वि. ।

पौड्याल, तेजस्वी (२०६६), *प्रारम्भिक बालविकास केन्द्रको प्रभावकारिता' एम.एड.द्वितीय बर्ष,* शौक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

प्रारम्भिक बालविकास शाखा (२०६२), *प्रारम्भिक बालविकास दिग्दर्शन,* सानोठिमी भक्तपुरः शिक्षाविभाग ।

बराल, देवकुमार, गौतम, गेहनाथ र निरौला यादव चन्द्र २०६०, *विद्यालय निरीक्षण प्रतियोगिता दिगदर्शन,* काठमाण्डौः मकालु बुक्स एण्ड स्टेशनर्स ।

बालविकास शाखा (२०६१), *नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिपत्र,* भक्तपुरः शिक्षा विभाग ।

बिष्ट, मिनबहादुर (२०५०), *शिक्षा सिद्धान्त,* पुल्चोकः साझा प्रकाशन ।

शर्मा चिरञ्जीवी (२०६५), *शिक्षाको परिचय,* विराटनगरः श्याम पुस्तक भण्डार ।

## बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचिः १

### बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

केन्द्रको नाम :

विद्यालयको नाम :

अध्यक्षको नाम :

१) तपाईको बालविकास केन्द्रको भवनको संरचना कस्तो छ ?

क) पक्की ख) अर्धपक्की ग) कच्ची

२) तपाईको बालविकास केन्द्रको सञ्चालनमा कुन-कुन निकायहरुले आर्थिक सहयोग पुऱ्याएका छन् ?

३) यस बालकेन्द्रमा तपाई आउनु अघिको व्यवस्थापन र तपाई अध्यक्ष भईसकेपछिको व्यवस्थापनमा के-के परिवर्तन भएको छ ?

४) तपाईको बालविकास केन्द्रमा खेलकुद तथा सिकाइका सामग्रीहरुको के-कस्तो व्यवस्था गर्नुभएको छ ?

५) के कक्षा व्यवस्थापनबाट तपाई आफू सन्तुष्ट हुनुहुन्छ ?

६) तपाई अध्यक्ष रहेको बालविकास केन्द्रको रेखदेख सुरक्षाको जिम्मेवारी कसलाई दिनुभएको छ ?

७) तपाईको बालकेन्द्रमा पोषण तथा खानेपानीको व्यवस्था कस्तो छ ?

८) तपाईको बालकेन्द्रमा रहेका तुरुन्त सुधार गर्नुपर्ने समस्याहरु के-के रहेका छन् ?

९) ती समस्याहरु समाधान गर्नका लागि के कस्तो उपाय अपनाउनु पर्ला ?

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचिः २

अभिभावकहरुका लागि प्रश्नावली

केन्द्रको नाम :

विद्यालको नाम :

अभिभावकको नाम :

१) तपाईका बालबालिकाहरूले सिक्ने बालविकास केन्द्रको कक्षा व्यवस्थापन कस्तो पाउनु भयो ?

क) धेरै राम्रो   ख) राम्रो   ग) सामान्य   घ) कमजोर

२) तपाई आफ्नो बच्चा बालविकास केन्द्रसम्म कसरी पुऱ्याउनुहुन्छ ?

क) आफै जान्छ   ख) आफूसँगै लिएर

३) तपाईको बच्चा पठाउने बालकेन्द्रमा खानेपानी र शौचालयको व्यवस्था कस्तो छ ?

४) तपाईको बच्चालाई बालकेन्द्रमा गएर खाजा खुवाउने व्यवस्था के-कस्तो गर्नुभएको छ ?

५) तपाई बालकेन्द्रमा हप्तामा कति पटक गएर त्यहाको क्रियाकलाप हेर्ने गर्नुभएको छ ?

६) तपाईका बालबालिकाले खेल सामग्रीहरु कतिको प्रयोग गरेको देख्नुभएको छ ?

७) बालकेन्द्रको भौतिक पक्षको व्यवस्थापनमा के-के समस्याहरु रहेको पाउनुभएको छ ?

८) ती समस्याहरु समाधान गर्ने उपायहरु के-के हुन सक्दछन् ?

## बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि : ३

प्रधानाध्यापकका लागि प्रश्नावली

केन्द्रको नाम :

विद्यालयको नाम :

प्रधानाध्यापकको नाम :

१) तपाईको विद्यालयमा कहिलेदेखि बालविकास केन्द्र सञ्चालित छ ?

२) तपाई कति अवधिमा बालविकास केन्द्रको कक्षाकोठा अवलोकन गर्नुहुन्छ ?

३) तपाईको बालविकास केन्द्रमा भौतिक सामग्रीको व्यवस्थापन कस्तो गर्नुभएको छ ?

४) बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले के-कस्ता क्रियाकलाप गराउने गरेका छन्?

५) बालविकास केन्द्र सञ्चालन गर्न आर्थिक सहयोग कसरी जुटाउनुभएको छ ?

६) बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापनबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट भए कसरी

ख) सन्तुष्ट नभए किन

७) बालविकास केन्द्रको सुरक्षा व्यवस्था कसरी गर्नुभएको छ ?

८) तपाईको विद्यालयमा रहेको बालविकास केन्द्रमा देखिएका प्रमुख समस्याहरु के-के हुन् ?

९) त्यस्ता समस्या समाधान गर्न के-कस्ता उपाय अवलम्वन गर्नुपर्ला ?

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि : ४

### सहयोगी कार्यकर्ताका लागि प्रश्नावली

केन्द्रको नाम :

विद्यालयको नाम :

सहयोगी कार्यकर्ताको नाम :

१) तपाई कार्यरत बालविकास केन्द्रको कक्षा व्यवस्थापन कस्तो पाउनुभएको छ ?

२) तपाई सम्लग्न रहुनभएको बालविकास केन्द्रमा खाजा खुवाउने व्यवस्था कस्तो छ ?

३) तपाईको सम्लग्नता रहेको बालकेन्द्रमा बालबालिकाहरु के सबै नियमित आउने गरेका छन् ?

क) छैनन् भने किन ?

४) कक्षाकोठामा के सबै एकैपटक खेल खेलाउन सक्ने गरी खेल सामग्रीहरु छन् ?

५) बालविकास केन्द्रमा सिकाइ सामग्रीहरु पर्याप्त मात्रामा छन् ?

क) छन् भने कसरी व्यवस्था गर्नुभएको छ ?

ख) छैनन् भने के के आवश्यक छ ?

६) तपाईको बालकेन्द्रमा खानेपानी के शुद्ध र पिउन लायक छ ?

७) तपाईको केन्द्रमा बालबालिकाहरुलाई के कस्ता क्रियाकलापहरु गराउने गर्नुभएको छ ?

८) बालकेन्द्रमा सरोकारवाला बीच नियमित छलफल गर्ने व्यवस्था के कस्तो छ ?

९) बालकेन्द्रमा अनुगमन र निरीक्षण वर्षमा कतिपटक हुने गरेको छ ?

१०) के तपाई प्राप्त पारिश्रमिकबाट सन्तुष्ट हुनुहुन्छ ?

११) बालविकास केन्द्रप्रति अभिभावकको चासो कत्तिको रहेको पाउनुभएको छ ?

१२) बालकेन्द्रमा तत्काल रहेका समस्याहरु र समाधानका उपायहरु के-के हुन सक्छन् ?

## बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-५

बालविकास केन्द्र सर्वेक्षण फाराम मितिः-

बालविकास केन्द्रको नाम :

सहयोगी कार्यकर्ताको नाम :

विद्यालय/बालविकास केन्द्रको व्यवस्थापन समिति अध्यक्षको नाम :

बालबालिकाको जम्मा सङ्ख्या : छात्रः- छात्राः-

१) भवन संरचनाको अवस्था

क) पक्की ख) अर्धपक्की ग) कच्ची

२) बसाइ व्यवस्थापनको अवस्था

क) फर्निचर ख) गुन्द्री, चकटी, पिरा ग) दुवैकुरा नभएको

३) बसाइ व्यवस्थापनको प्रारुप

क) वृतकार ख) Uआकार ग) स्वतन्त्र घ) समूहगत

४) फर्निचरको उपयुक्तता

क) धेरै राम्रो ख) राम्रो ग) सामान्य घ) न्यून

५) प्रकाश (उज्यालो)को व्यवस्था

क) पर्याप्त ख) मध्यम ग) सामान्य घ) कमजोर

६) कक्षाकोठाको आकारको उपयुक्तता

क) धेरै राम्रो ख) राम्रो ग) सामान्य घ) न्यून

७) कक्षाकोठामा कालोपाटी रखाइको अवस्था

क) बालबालिकाको उचाइको आधार र आँखाको तहको आधारमा भएको

ख) बालबालिकाहरुको उचाइ र आँखाको तहको आधारमा नभएको

ग) कालोपाटी/सेतोपाटी नै नभएको

८) कक्षाकोठामा सिकाइ सामग्रीहरु पर्याप्त मात्रामा राखिएको

क) छ ख) छैन

९) सबै बालबालिकालाई सिकाइ सामग्री प्रयोग गर्ने अवसर प्राप्त

क) भएको ख) नभएको

१०) कक्षाकोठा व्यवस्थापनका सकारात्मक र सुधारगर्नुपर्ने पक्षहरु

| क.सं | सकारात्मक पक्ष | क.सं | सुधारगर्नुपर्ने पक्ष |
|---|---|---|---|
| | | | |
| | | | |

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि : ११

### नमूना छनौटमा परेका बालविकास केन्द्रहरुको नाम ठेगाना र स.का. को नाम

समुदायमा आधारित

| क.सं | बालविकास केन्द्रको नाम | ठेगाना | सहयोगी कार्यकर्ताको नाम |
|---|---|---|---|
| १ | हर्क स्मृति बालविकास केन्द्र | पथरी-९ | भिमा दाहाल (कार्की) |
| २ | प्रगति बालविकास केन्द्र | शनिश्चरे-३ | नर्वदा अधिकारी |
| ३ | नवदुर्गा बालविकास केन्द्र | हसन्दह-३ | मायाँ भण्डारी |
| ४ | क्षितिज बालविकास केन्द्र | बयरवन-४ | कान्ता कुमारी झा |

विद्यालयमा आधारित बालविकास केन्द्र

| क.सं | बालविकास केन्द्रको नाम | ठेगाना | सहयोगी कार्यकर्ताको नाम |
|---|---|---|---|
| १ | सुनाखरी बालविकास केन्द्र | पथरी-१ | मनमायाँ राना मगर |
| २ | भागिरथा बालविकास केन्द्र | शनिश्चरे-८ | ममिता सुव्वा |
| ३ | शिक्षा सदन बालविकास केन्द्र | हसन्दह-६ | होम कुमारी कार्की (वर्मा) |
| ४ | जनकल्याण बालविकास केन्द्र | बयरवन-९ | मिला पेडिवाङ |

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-१२

बालविकास केन्द्र/विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. को नाम ठेगाना तथा केन्द्रको नाम

समुदायमा आधारित

| क्र.सं | बालविकास केन्द्रको नाम | बालविकास केन्द्र अध्यक्षको नाम |
|---|---|---|
| १ | हर्क स्मृति बालविकास केन्द्र | खडानन्द न्यौपाने |
| २ | प्रगति बालविकास केन्द्र | मायाँ लिम्वु |
| ३ | नवदुर्गा बालविकास केन्द्र | शंसेर भण्डारी |
| ४ | क्षितिज बालविकास केन्द्र | लोक बहादुर कार्की |

विद्यालयमा आधारित

| क्र.सं | बालविकास केन्द्रको नाम | प्र.अ.को नाम | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | सुनाखरी बालविकास केन्द्र | केशव प्र. शर्मा | अनिल काजी राई |
| २ | भागिरथा बालविकास केन्द्र | डिल्लीराम दाहाल | गंगा प्र. साँवा |
| ३ | शिक्षा सदन बालविकास केन्द्र | अर्जुन कुमार कार्की | मित्र प्र. भट्टराई |
| ४ | जनकल्याण बालविकास केन्द्र | दाताराम भट्टराई | बद्रि प्र. भट्टराई |

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-१३

नमूना छनौटमा परेका अभिभावकहरुको नामावली र केन्द्रको नाम

| क.सं. | अभिभावकको नाम | ठेगाना | बालविकास केन्द्रको नाम |
|---|---|---|---|
| १ | केदार राई | पथरी-९,मोरङ्ग | हर्क स्मृति बालविकास केन्द्र |
| २ | विरु देवान | पथरी-९,मोरङ्ग | हर्क स्मृति बालविकास केन्द्र |
| ३ | सीता देवान | पथरी-९,मोरङ्ग | हर्क स्मृति बालविकास केन्द्र |
| ४ | गोमा बाँस्कोटा | पथरी-९,मोरङ्ग | हर्क स्मृति बालविकास केन्द्र |
| ५ | लक्ष्मी धिमाल | शनिश्चरे-३, मोरङ्ग | प्रगति बालविकास केन्द्र |
| ६ | मीना खापुङ | शनिश्चरे-३, मोरङ्ग | प्रगति बालविकास केन्द्र |
| ७ | दुण्डीराज खापुङ | शनिश्चरे-३, मोरङ्ग | प्रगति बालविकास केन्द्र |
| ८ | कमला लिम्बु | शनिश्चरे-३, मोरङ्ग | प्रगति बालविकास केन्द्र |
| ९ | गोपाल भण्डारी | हसन्दह-३, मोरङ्ग | नवदुर्गा बालविकास केन्द्र |
| १० | रमेश खड्का | हसन्दह-३, मोरङ्ग | नवदुर्गा बालविकास केन्द्र |
| ११ | हिरा खड्का | हसन्दह-३, मोरङ्ग | नवदुर्गा बालविकास केन्द्र |
| १२ | गोमा दङ्गाल | हसन्दह-३, मोरङ्ग | नवदुर्गा बालविकास केन्द्र |
| १३ | मनिष चौधरी | बयरवन-४, मोरङ्ग | क्षितिज बालविकास केन्द्र |
| १४ | रुपनारायण चौधरी | बयरवन-४, मोरङ्ग | क्षितिज बालविकास केन्द्र |
| १५ | जानुका वि.क. | बयरवन-४, मोरङ्ग | क्षितिज बालविकास केन्द्र |
| १६ | देवी थापा | बयरवन-४, मोरङ्ग | क्षितिज बालविकास केन्द्र |
| १७ | लक्ष्मी मगर | पथरी-१, मोरङ्ग | सुनाखरी बालविकास केन्द्र |
| १८ | पदम गुरुङ्ग | पथरी-१, मोरङ्ग | सुनाखरी बालविकास केन्द्र |
| १९ | फूलोदेवी शाह | पथरी-१, मोरङ्ग | सुनाखरी बालविकास केन्द्र |
| २० | तारा धिमाल | पथरी-१, मोरङ्ग | सुनाखरी बालविकास केन्द्र |
| २१ | लिलानाथ निरौला | बयरवन-८, मोरङ्ग | भागिरथा बालविकास केन्द्र |
| २२ | निलम पौडेल | शनिश्चरे-३, मोरङ्ग | भागिरथा बालविकास केन्द्र |

| | | | |
|---|---|---|---|
| २३ | गोपाल बाँस्कोटा | शनिश्चरे-३, मोरङ्ग | भागिरथा बालविकास केन्द्र |
| २४ | डम्बर कुमारी रसायली | शनिश्चरे-८, मोरङ्ग | भागिरथा बालविकास केन्द्र |
| २५ | लक्ष्मी नारायण चौधरी | हसन्दह-६, मोरङ्ग | शिक्षासदन बालविकास केन्द्र |
| २६ | तारा ऋषिदेव | हसन्दह-६, मोरङ्ग | शिक्षासदन बालविकास केन्द्र |
| २७ | तिलक चन्द ऋषिदेव | हसन्दह-६, मोरङ्ग | शिक्षासदन बालविकास केन्द्र |
| २८ | सुनिता ऋषिदेव | हसन्दह-६, मोरङ्ग | शिक्षासदन बालविकास केन्द्र |
| २९ | राधिका वि.क. | बयरवन-९, मोरङ्ग | जनकल्याण बालविकास केन्द्र |
| ३० | धनमाया तामाङ्ग | बयरवन-९, मोरङ्ग | जनकल्याण बालविकास केन्द्र |
| ३१ | रविलाल राई | बयरवन-९, मोरङ्ग | जनकल्याण बालविकास केन्द्र |
| ३२ | पार्वता अधिकारी | बयरवन-९, मोरङ्ग | जनकल्याण बालविकास केन्द्र |

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-६

### विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि अर्न्तवार्ता निर्देशिका

१) तपाईले बालविकास केन्द्र भवनको संरचना र कक्षा व्यवस्थापन कस्तो पाउनु भएको छ ?

२) तपाईले बालविकास केन्द्रको हातालाई कसरी सुरक्षित बनाउनु भएको छ ?

३) तपाईको बालविकास केन्द्र सञ्चालनका सहयोगी निकायहरु कुन-कुन रहेका छन् ?

४) तपाईले बालविकास केन्द्र व्यवस्थापनमा के-कस्तो सहयोग पुऱ्याउनु भएको छ ?

५) तपाई सम्लग्न बालविकास केन्द्रमा बालबालिकाहरुको चाप कस्तो छ ?

६) बालविकास केन्द्रको विकासमा भौतिक व्यवस्थापनको अवस्था कस्तो पाउनुभएको छ ?

७) बालविकास केन्द्रको अनुगमन, मूल्याङ्कन कति कति समयमा गर्ने गर्नुभएको छ ?

८) सहयोगी कार्यकर्ताको कार्यमा तपाई सन्तुष्ट हुनुहुन्छ ?

९) बालविकास केन्द्रका प्रमुख समस्याहरु के-के देख्नुभएको छ ?

१०) ती समस्या समाधानका उपायहरु के-के हुन सक्दछन् ?

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-७

सहयोगी कार्यकर्ताका लागि अर्न्तवार्ता निर्देशिका

१) बालविकास केन्द्रको स्थापनाको मुख्य उद्देश्य के हो ?

२) कक्षाकोठा व्यवस्थापन भित्र के कस्ता कुराहरू पर्दछन् ?

३) बालविकास केन्द्रको सञ्चालन गर्न प्र.अ., वि.व्य.स. को सहयोग वा भूमिका कस्तो पाउनुभएको छ ?

४) बालविकास केन्द्रमा के कस्ता सिकाइ सामग्रीहरु प्रयोग गरिएका छन् ?

५) कक्षाकोठा भित्र के कस्ता क्रियाकलापहरु गराउनुहुन्छ ?

६) बालविकास केन्द्रप्रति सरोकारवालाहरुको चासो कत्तिको पाउनुभएको छ ?

७) बालविकास केन्द्रमा बालबालिकालाई खाजाको व्यवस्था कसरी गरिएको छ ?

८) बालविकास केन्द्रको सुधार गर्न क कस्ता उपायहरू अपनाउनु पर्ला ?

९) के तपाई हाल पाइरहेको पारिश्रमिकबाट सन्तुष्ट हुनुहुन्छ ?

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि -८

प्रधानाध्यापकका लागि अर्न्तवार्ता निर्देशिका

१) तपाईका बालविकास केन्द्रको कक्षाकोठा उपयुक्त साइजको छ ?

२) तपाईको बालविकास केन्द्रमा खेलमैदानको व्यवस्था कस्तो रहेको छ ?

३) तपाईको बालविकास केन्द्रमा बसाइ व्यवस्थापनका लागि के-कस्तो व्यवस्था गर्नुभएको छ ?

४) तपाईको बालविकास केन्द्रमा स.का. को सहयोगी कर्मचारी राख्नुभएको छ ?

५) बालविकास केन्द्रको अनुगमन सम्बन्धी व्यवस्था कस्तो छ ?

६) बालविकास केन्द्रका सरोकारवाला पक्षहरुको चासो कस्तो पाउनुभएको छ ?

७) तपाईको बालविकास केन्द्र सञ्चालनका सहयोगी निकायहरु कुन-कुन रहेका छन् ?

८) तपाइको बालविकास केन्द्रका बालबालिकाका लागि छुट्टै खानेपानी र शौचालयको व्यवस्था गरिएको छ ?

९) बालविकास केन्द्रको विकासका लागि के-कस्ता रणनीतिहरु तयार गर्दै हुनुहुन्छ ?

# बालविकास केन्द्रको भौतिक व्यवस्थापन

## अनुसूचि-९

अभिभावकका लागि अर्न्तवार्ता निर्देशिका

१) तपाईको बच्चा बालकेन्द्रसम्म आफै जाने गरेको छ ?

२) बालविकास केन्द्रको भौतिक व्यवस्थापनप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

३) बालकेन्द्रमा हुने सिकाइ क्रियाकलापबारे तपाइलाई के-के कुराको जानकारी छ ?

४) के तपाईलाई बालकेन्द्रका बारेमा छलफल गर्न सहभागी गराउने गरिएको छ ?

५) बालविकास केन्द्रलाई व्यवस्थित बनाउन के-के काम गर्नुपर्ला ?

६) तपाईको नानी बालकेन्द्र प्रति कत्तिको आकर्षित छ ? किन ?

७) बालबालिकालाई दिवा खाजाको व्यवस्था कसरी गर्नुभएको छ ?

८) बालकेन्द्रमा भएका सिकाइ सामग्रीहरु र खेल सामग्रीहरु के पर्याप्त छन् ?

९) तपाई बालविकास केन्द्रमा कत्तिको जाने गर्नुभएको छ ?